काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
कालो बजारीको आशंकामा ग्यास डिलरमा प्रशासनको अनुगमन

**समाचार**
त्रिविका धर्नारत प्राध्यापक तथा कर्मचारीको प्रश्न- हाम्रो पेन्सनको माग सम्बोधन होला ?



**जसले आफूलाई अरूसँग सेल्फी खिच्ने बनाए**

सन् २०२४-२५ को रणजी ट्रफी सिजनमा अकिबले ४४ विकेट लिए । प्रतियोगिताकै सर्वाधिक विकेट लिने उनी तीव्र गतिका बलर बने ।

वर्ष १८, अंक ९४, पृष्ठ ८, सोमबार, २५ साउन २०८३, श्रावण कृष्णपक्ष द्वादशी, Monday, 10 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# रास्वपा र सरकारबिच शीतयुद्ध





**ईश्वरी सुवेदी**
*काठमाडौं, साउन २४*

प्रतिनिधिसभामा झन्डै दुई तिहाइ सिट (१८२) र ५१ लाख बढी जनमतसहित सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) असहमति बढिरहेको भन्ने विषय यतिबेला चर्चामा छ। पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन्द्र शाहबिच प्रत्यक्ष रूपमा असहमति बाहिर नदेखिए पनि पछिल्ला घटनाक्रमले आपसी मतभेदको आशंका गर्नेलाई चाहिँ बल पुर्‍याएको छ।

सरकार एउटै दलको भए पनि 'दुई दलीय गठबन्धन' जस्तो देखिन थालेको छ। पुराना दलको विकल्प बन्ने नारा दिएर उदाएको रास्वपाले पाएको विशाल जनादेश आपसी मतभेदका कारण कतै बिच बाटामै अलपत्र पर्ने त होइन भन्ने चिन्ता पनि उब्जिन थालेको छ। सार्वजनिक मञ्चमा नेताहरूबाट बारम्बार दोहोरिने 'एकताको सन्देश'ले तत्कालका लागि तनाव मत्थर गरे पनि संगठनात्मक संरचना (पदाधिकारी मनोनयन, विधान संशोधन) र नीतिगत दिशामा देखिएको अस्पष्टताले प्रश्न उब्जाएको छ।

रास्वपाले सरकार र दलबिच औपचारिक समन्वय संयन्त्र गठन गरी नीतिगत स्पष्टता नल्याए राष्ट्रिय हित र नागरिक डेलिभरीमा मात्र होइन, नयाँ शक्तिप्रतिको जनविश्वासमा धक्का पुग्न सक्ने विश्लेषण हुन थालेको छ। प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा 'कहिलेकाहीं एक्लै लड्नुपर्छ' भन्दै पोखेको असन्तुष्टि र सभापति लामिछानेले 'सरकारले बाटो बिराए कान समातेर लिकमा ल्याउने' भनी दिएको अभिव्यक्तिले रास्वपाभित्र असहमति बढ्दै गएको बुझिन्छ।

> सरकारप्रति पार्टीभित्रैबाट असन्तुष्टिका स्वर व्यक्त हुन थालेका छन् । प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा 'कहिलेकाहीं एक्लै लड्नुपर्छ' भन्दै पोखेको असन्तुष्टि र सभापति लामिछानेले 'सरकारले बाटो बिराए कान समातेर लिकमा ल्याउने' भनी दिएको अभिव्यक्तिले असहमति बढेको बुझिन्छ ।

सरकारले सयदिने कार्यसूचीको प्रभावकारी कार्यान्वयनको पहल गर्दै गर्दा एकपछि अर्को प्रश्न उठेका छन्। प्रधानमन्त्री शाहले जेठ १७ गते प्रतिनिधिसभामा प्रतिपक्षी सांसदको सीमासम्बन्धी प्रश्नको जवाफमा 'नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएपछि सरकार थप कमजोर हुँदै गएको आकलन छ। उक्त अभिव्यक्तिले सरकारलाई कमजोर बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको विश्लेषण राजनीतिक वृत्तमा छ।

प्रतिपक्षी दलले प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति अपरिपक्व र गैरजिम्मेवार दाबी गर्दै सच्याउन माग गर्दै आएका छन्। प्रतिपक्षी दलका सांसदले शुक्रबारको प्रतिनिधिसभा बैठकमा पनि सीमा अभिव्यक्तिमा प्रधानमन्त्रीले स्पष्ट पार्नुपर्ने र यसका लागि सभामुखले रुलिङ गर्नुपर्ने माग गरे।

सरकारले ल्याएको बजेटले पनि जनतामा निराशा थपेको छ। आलोचक र प्रतिपक्षी दलका अनुसार बजेट मध्यम वर्ग र व्यवसायी वर्गकेन्द्रित छ, जसले विपन्न र सीमान्तकृत वर्गलाई छुन सकेको छैन।

असार २५ मा मुगुका २५ वर्षीय गणेश नेपालीले काठमाडौंको त्रिपुरेश्वरस्थित राहदानी विभागअगाडि आफ्नै शरीरमा पेट्रोल खन्याएर आगो लगाए। उपचारका क्रममा उनको वीर अस्पतालमा मृत्यु भयो। राइड सेयरिङ गर्दै आएका उनको मोटरसाइकलको पांग्रामा काठमाडौं नगर प्रहरीले लक लगाइदिएसँगै विवाद बढेपछि उनले आत्मघाती कदम उठाएका थिए।

*बाँकी पृष्ठ २*

## 'जहाजलाई गन्तव्यमा पुर्‍याउँछौं'

'केही समय लाग्छ, सही समय आउनलाई, ढिला होला तर गलत हुँदैन।' प्रधानमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाहले शुक्रबार राति सामाजिक सञ्जालमा लेखेको एक अंश हो यो। सरकारको कार्यशैलीलाई लिएर विपक्षी दलहरू मात्र होइन, उनकै पार्टीभित्रबाट पनि आलोचना भइरहेका बेला प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल फेसबुकमा लेखेको कुराले रास्वपाभित्रको आन्तरिक विवादलाई उजागर गरेको छ। त्यति मात्र होइन, प्रधानमन्त्री शाहले अझै लेखेका छन्, 'नआत्तिनुहोस्, सुनेको र देखेको भन्दा वास्तविकता कहिलेकाहीं फरक हुन सक्छ। कहिलेकाहीं एक्लै लड्नुपर्छ। यो पहिलोचोटि होइन।'

यसले पहिलो महाधिवेशनपछि रास्वपामा बढ्दै गएको आन्तरिक शक्तिसंघर्षलाई उजागर गरेको छ। साथै मन्त्रिपरिषद् हेरफेरसहितका विषयमा पार्टीको सहयोग नपाएको प्रधानमन्त्री शाहले निकटहरूसँग गुनासो गर्दै आएका छन्। त्यति मात्र होइन, पार्टीको विधानमा संसदीय दलको नेता सभापतिले हटाउन सकिने व्यवस्थासँगै रास्वपा विवाद सतहमा आएको थियो। संसद्मा रास्वपाकै सांसदहरूले प्रधानमन्त्रीलाई लक्षित गर्दै कालो चस्मा फुकाल्ने आग्रह गर्दै आएका छन् र सभापति रवि लामिछानेनिकट सांसदहरूले कालो चस्मा आफूले खोलेको जनाउँदै प्रधानमन्त्री शाहलाई व्यंग्य गरिरहेका छन् तर शाहनिकट नेताहरू भने मौन छन्।

प्रधानमन्त्री शाहले एक्लै परेको भनी सामाजिक सञ्जालमा लेखेको भोलिपल्ट शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा सभापति लामिछानेले रास्वपा नेतृत्वको सरकारले असल नियतका साथ काम गरेको र त्यसलाई गन्तव्यमा पुर्‍याउन दाबी गरे।

*बाँकी पृष्ठ २*

# अब मन्त्रालयमा खरिदार-सुब्बा नरहने

**भुवन शर्मा**
*काठमाडौं, साउन २४*

सरकारले आगामी तीन वर्षभित्र मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयसहित १८ मन्त्रालयमा खरिदार र नायब सुब्बाको दरबन्दी शून्य बनाउने घोषणा गरेको छ। हाल प्रधानमन्त्री कार्यालयसहित सबै मन्त्रालयले दरबन्दी पुनसंरचना (संगठन तथा व्यवस्थापन-ओएनएम सर्भे) गरिरहेका छन्। स्रोतका अनुसार हालसम्म १४ मन्त्रालयले ओएनएम सर्भे गरिरहेका छन्। मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालय, परराष्ट्र, अर्थ तथा पूर्वाधार विकास मन्त्रालयले मात्र दरबन्दी पुनसंरचना गरेका छैनन्। पूर्वाधार विकास मन्त्रालयले ओएनएम सर्भे गरी प्रधानमन्त्री कार्यालयमा प्रस्तावसमेत पठाइसकेको छ। उक्त प्रस्ताव अझै स्वीकृति गरिएको छैन।

मन्त्रालयहरूले दरबन्दी पुनःसंरचना गर्दा आगामी तीन वर्षभित्र खरिदार र सुब्बाको पद शून्य नै हुने गरी पुनसंरचना गर्न प्रधानमन्त्री कार्यालयबाट स्पष्ट निर्देशन आएको भूमि व्यवस्था सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव तथा संघीय मामिला महाशाखा प्रकाश दाहालले बताए। प्रधानमन्त्री कार्यालयका निर्देशनअनुसार सबै मन्त्रालयले खरिदार र सुब्बाको दरबन्दी तीन वर्षभित्र शून्य गर्ने काम भइरहेको उनले बताए। उक्त मन्त्रालयका सचिव मदन भुजेलले केन्द्रमा अधिकृतमुखी प्रशासन बनाउने सरकारको नीति रहेको बताउँदै भने, 'आवश्यक ठाउँमा बाहेक खरिदार, सुब्बाको पद शून्य बनाउने हाम्रो नीति हो।'

प्रधानमन्त्री कार्यालयको उक्त निर्देशनपछि हालसम्म चार हजारको हाराहारीमा खरिदार, सुब्बाको दरबन्दी संख्या घटिसकेको छ। 'विभिन्न मन्त्रालयमा हाल कार्यरत सुब्बा, खरिदार उमेरहद अथवा अन्य कारणले अवकाश पाए भने अथवा राजीनामा गरे भने त्यसको ठाउँमा अर्को नयाँ सुब्बा, खरिदार भर्ना गर्ने सरकारको नीति छैन, केन्द्रमा क्रमशः खरिदार, सुब्बाको दरबन्दी रित्याउँदै जाने सरकारको नीति हो,' भुजेलले भने।

मन्त्रालयहरूमा खरिदार सुब्बा तहका दरबन्दी शून्य बनाउने हो भने अब तीन वर्षपछि सबै मन्त्रालयमा अधिकृत तहभन्दा माथिका कर्मचारी मात्र कार्यरत भेटिने छन्, कार्यालय सहयोगी, सवारी चालकजस्ता कर्मचारी करारमा मात्र कार्यरत हुने छन्। तर मन्त्रालयबाहेक अन्य कार्यालयहरूमा भने खरिदार, सुब्बाको दरबन्दी खारेज गरेर सम्भव छैन। मालपोत कार्यालय, नापी कार्यालय, इलाका प्रशासन कार्यालयजस्ता सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरूमा खरिदार र सुब्बाको पद अत्यावश्यक हुन्छ। 'त्यसैले नीति निर्माण गर्ने कार्यालय मन्त्रालय) हरूमा अधिकृतमुखी प्रशासन बनाउने तर सेवा प्रदान गर्ने कार्यालयहरूमा सुब्बा र खरिदारजस्ता दरबन्दी कायम राख्ने सरकारको नीति हो,' उक्त मन्त्रालयका एक सहसचिवले भने। विभिन्न समयमा गठन भएका प्रशासन सुझाव आयोग तथा समितिहरूले केन्द्रमा अधिकृतमुखी प्रशासन बनाउन सरकारलाई सुझाव दिँदै आएका छन्। उक्त सुझावलाई कार्यान्वयन गर्न प्रधानमन्त्री कार्यालयले यस्तो निर्देशन पठाएको अर्का एक कर्मचारीले बताए।

> मन्त्रालयहरूलाई तीन वर्षभित्र खरिदार र सुब्बाको पद शून्य हुने गरी दरबन्दी पुनःसंरचना गर्न प्रधानमन्त्री कार्यालयबाट स्पष्ट निर्देशन आएको भूमि व्यवस्था सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव तथा संघीय मामिला महाशाखा प्रकाश दाहालले बताए।

*बाँकी पृष्ठ २*

## म तर्सिन्नँ : थापा



काठमाडौं, साउन २४ (नागरिक)- नेपाली कांग्रेस केन्द्रीय समितिको बैठक सुरु भएको छ। गत पुसमा भएको विशेष महाधिवेशनबाटै सुरु भएको आन्तरिक विवाद फेरि सर्वोच्च अदालतमा प्रवेश गरेको छ। सोही बेला विशेष महाधिवेशनबाट नेतृत्वमा पुगेको पक्षले भने पार्टीको १५औं महाधिवेशनसहितका विषयमा छलफल थालेको हो। आगामी असोजको दोस्रो साता महाधिवेशन गर्ने कार्यतालिका प्रकाशित गरे पनि पार्टी विवादले नयाँ रूप लिएको छ। त्यसले महाधिवेशन प्रभावित हुने देखिएको छ।

केन्द्रीय समिति बैठकमा बोल्दै सभापति गगनकुमार थापाले विशेष महाधिवेशन विधि र विधानअनुसार सम्पन्न गरेको दाबी गरेका छन्। तर आफूहरूविरुद्ध घेराबन्दी सुरु भएको जनाउँदै विशेष महाधिवेशन सही हो भन्ने कुरा अदालतमा पनि स्थापित गर्ने दाबी उनले गरे। 'हामी अदालत गएका होइनौं,' थापाले भने, 'हामी त विशेष महाधिवेशनको हलले जे निर्णय गर्‍यो, त्यही नै सही हो भनेर आएका हौं।' थापाले सानका साथ अदालत जाने र प्रतिवाद गर्ने बताए। यसका लागि संवाद गरिरहेको जनाउँदै उनले भने, 'म आग्रह गर्न चाहन्छु, तर्साएर चाहिँ म तर्सिन्नँ! दबाएर पनि म दब्दिनँ र फुक्का ढाँचामा फकाएर पनि फकिन्नँ।'

आइतबार सुरु भएको बैठकमा १५औं महाधिवेशन, नियमावली र निर्वाचन निर्देशिका, सदस्यता अध्यावधिक र वितरण, तराई मधेसमा भएका घटनाक्रम, सरकारको कामसहितका विषयमा छलफल हुने जनाइएको छ। बैठक सोमबार दिउँसो १ बजे पुनः बस्ने छ।

**एकतामा थापा नै निर्णायक : खड्का**

नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्काले पार्टी एकताका लागि सभापति गगनकुमार थापा नै निर्णायक भएको बताएका छन्। उनले आइतबार कांग्रेस केन्द्रीय समितिको बैठक सुरु भएकै दिनमा सामाजिक सञ्जालमार्फत यस्तो धारणा सार्वजनिक गरेका हुन्।

*बाँकी पृष्ठ २*

# इलामवासीको पीडा- कहिले बन्छ सडक र पुल ?



केही दिनअघि बाढीले बिगारेको केचना-कञ्चनजंघा सडक (इलाम-झापा फास्ट ट्र्याक) को पुवाखोला डाइभर्सन।
*तस्बिर : भीम/नागरिक*

**भीम चापागाईं**
*इलाम, साउन २४*

इलामका दुई खोलामा बेलिब्रिज जडान नहुँदा सदरमुकाम इलामसहित पाँचथर र ताप्लेजुङको तराईका जिल्लासँग यातायात सम्पर्क विच्छेदजस्तै छ। पुवा र जोगमाई खोलामा पुल नहुँदा सवारीसाधनले बर्खे भेल पार गर्न सक्ने अवस्था छैन। मेची राजमार्ग पनि महिना दिनदेखि बन्द छ।

केचना-कञ्चनजंघा सडक (इलाम-झापा फास्ट ट्र्याक) को पुवाखोला र मेची राजमार्गको राजदुवाली खण्डको विकल्प मानिएको सिमलगोलाई-तिल्केनी सडकको जोगमाई खोलामा जडान गर्ने भनिएको बेलिब्रिज अहिलेसम्म नआउँदा समस्या भएको हो। दुवै खोलाका लागि भारतबाट बेलिब्रिजका सबै सामान आइनपुगेकाले जडानको टुंगो नभएको सडक डिभिजन कार्यालयले जनाएको छ। डिभिजन प्रमुख पवन भट्टराईले बेलिब्रिजका तीन गाडी सामान आएको तर बाँकी सामान कहिले आउने भन्ने यकिन नभएको बताए। 'एउटा बेलिब्रिज जडानका लागि १५-१६ गाडी सामान चाहिन्छ, अहिलेसम्म तीन गाडीचाहिँ आएको छ,' उनले भने, 'थप चार गाडी सामान करिब १० दिनमा आइपुग्छ। बाँकी सामान र जडान गर्ने प्राविधिक टोली कहिले आउँछ थाहा छैन।'

प्रमुख भट्टराईका अनुसार सामान आएपछि मात्र प्राविधिक टोली आउने कुरा भएको छ। 'बेलिब्रिज जडान गर्न खोलामा हामीले बनाउनुपर्ने पूर्वाधार करिबकरिब बनाइसकेका छौं तर जडान कहिले हुन्छ भन्ने यकिन नहुँदा अन्योल छ,' उनले भने, 'डिभिजनले चाँडोभन्दा चाँडो सामग्री ल्याउन पटकपटक सडक विभागमा लिखित र मौखिक रूपमा अनुरोध गरेको छ। विभागले पनि प्रयास गरिरहेकै होला।'

खोलामा पुल नहुँदा इलाम, पाँचथर र ताप्लेजुङ आवतजावत गर्ने सवारीसाधन चलाउन निकै कष्ट भइरहेको छ। अघिल्लो वर्षको असोज १८ गते रातिको पहिरोले मेची राजमार्गको राजदुवाली खण्डको करिब पाँच सय मिटर सडक बगाएको थियो। अहिलेसम्म बर्खामा गाडी चल्ने गरी सडक मर्मत हुन सकेको छैन। हिउँदमा गाडी चले पनि बर्खा लागेपछि असहज भएको हो। करिब महिना दिनयता यो खण्ड पुरै बन्द छ। 'गाडी चलाउन सडक मर्मत गरिरहेका छौं तर पानी पर्नेबित्तिकै बाटो बिग्रिहाल्छ,' भट्टराईले भने, 'बनाउने र बर्खे भरीले बगाउने क्रम जारी छ।'

> गएको असोजको भारी वर्षा र बाढीपहिरोबाट क्षतिग्रस्त पुल र सडक बनाउन समयमै बजेट नआउँदा र बर्खा लागेपछि मात्रै मर्मत-निर्माण थाल्दा यात्रुसँगै उपभोक्ताले सास्ती बेहोर्नुपरेको हो। पुवा र जोगमाई खोलामा पुल नहुँदा सवारीसाधनले बर्खे भेल पार गर्न सक्ने अवस्था छैन भने मेची राजमार्ग पनि महिना दिनदेखि बन्द छ।

राजदुवालीमा पहिरो अड्याउने गरी सबैभन्दा पुछारको भाग माईखोलाको सतहबाटै सिमेन्टको पर्खाल (प्लम्ब) लगाएर मर्मत भइरहेको छ। तर पानी परिरहेकाले काम सक्न समस्या भइरहेको उनले बताए। 'राजदुवालीबाट मेची राजमार्ग तत्कालै खुल्ने अवस्थाचाहिँ छैन,' भट्टराई भन्छन्, 'केही समय अझै लाग्छ।'

केचना-कञ्चनजंघा सडकको पुवाखोलामा र सिमलगोलाई-तिल्केनी सडकको जोगमाईमा गत वर्ष लगाइएका दुई नयाँ बेलिब्रिज असोजको बाढीले बगाएको थियो। दुवै खोलामा अहिले अस्थायी डाइभर्सन बनाई सवारीसाधन चलाइएको छ।

*बाँकी पृष्ठ २*



# म तर्सिन्नँ : थापा

पृष्ठ १ बाट

'पार्टी सभापति गगन थापाजीसँग मेरो विशेष अनुरोध छ- तपाईं हिम्मत र साहासका साथ तत्काल पार्टीको सम्पूर्ण एकताका लागि अग्रमोर्चामा अग्रसर हुनुस्,' उनले फेसबुकमा लेखेका छन्, 'हामी अरू सबै यसका लागि सहयोगी हौं र बन्छौं तर यहानिर स्पष्ट हुन जरुरी छ- निर्णायक तपाईं हो !'

नेता खड्काले पार्टीको आधिकारिकताको विवादका विषयमा सम्मानित सर्वोच्च अदालतले हामीलाई निस्सा दिएपछिको तीन दिनका सामाजिक सञ्जालमा पार्टीकै साथीहरूबाट लेखिएका विचार, टीका-टिप्पणी हेर्दा साह्रै चिन्तित बनाएको पनि उल्लेख गरेका छन्। इतिहासमै देशको राष्ट्रियता अत्यन्त प्रतिकूल र संकटापन्न अवस्थामा पुगेको, लोकतान्त्रिक संविधान धरापमा पार्ने षड्यन्त्र भइरहेको र कांग्रेस इतिहासमै सबैभन्दा बढी कमजोर र प्रतिकूल अवस्थामा रहेको बताउँदै उनले लेखेका छन्, 'आजको प्रथम अपरिहार्य आवश्यकता भनेको नेपाली कांग्रेसको सम्पूर्ण एकता हो! यसका लागि हामीबिचमा सहिष्णुता, संवेदनशीलता र सहअस्तित्वको समभाव सिर्जना गरी संवाद-सहमति अनि यसबाट सुदृढ एकता पूर्वसर्त हो वर्तमान भिमकाय चुनौतिहरूको सामना गर्नका लागि !' उनले सर्वोच्च अदालतको पुनरवलोकनका लागि दिएको अनुमतिलाई एकताका लागि अन्तिम अवसरका रूपमा अर्थ्याउँदै यसप्रति सबैले हेक्का राख्नुपर्ने बताए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८३/०४/२५)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
**२०८३/०५/०१**

**बोलपत्र खोलिने मिति**
**२०८३/०५/०२ दिउँसो ३ बजे**

**तपसिल**

| क्र. सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/ व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणीहरु : क) सुसन फर्मा (विविध कर्जा)**<br>प्रा.फ.र.नं. ८२८/०७५/०७६, ठेगाना : भरतपुर १०, चितवन<br>**ख) देव एण्ड सरु इन्टरप्राइजेज (आवधिक कर्जा)**<br>प्रा.फ.र.नं. २२८/२०७८/७९, ठेगाना : भरतपुर १०, चितवन<br>**ग) सिताराम देवकोटा (धितो कर्जा)** (ना.प्र.नं.३५ ५०४५/०३५, मिति २०५१/०२/०८ मा जि.प्र.का. चितवनबाट जारी भएको), ठेगाना : भरतपुर ८, चितवन, बाबु : सोमविलास देवकोटा, बाजे : विष्णु प्रसाद देवकोटा<br>**ऋण प्रवाह गर्ने शाखा : नारायणगढ**<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सिताराम देवकोटा-प्रोप्राईटर (सुसन फर्मा)/जमानीकर्ता** (ना.प्र.नं. ३५ ५०४५/०३५, मिति २०५१/०२/०८ मा जि.प्र.का.चितवनबाट जारी भएको), बाबु : सोमविलास देवकोटा, बाजे : विष्णु प्रसाद देवकोटा<br>**२. सरस्वती भेटवाल देवकोटा-प्रोप्राईटर (देव एण्ड सरु इन्टरप्राइजेज)/जमानीकर्ता** (ना.प्र.नं. १३१७, मिति २०५२/०४/२३ मा जि.प्र.का. चितवनबाट जारी भएको) पति : सिताराम देवकोटा, ससुरा : सोमविलास देवकोटा<br>**३. स्विकृती देवकोटा-जमानीकर्ता** (ना.प्र.नं. ३५-०१-७५-०६५६७, मिति २०७५/०५/२४ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : सिताराम देवकोटा, बाजे : सोम विलास देवकोटा<br>**४. सुजता देवकोटा-जमानीकर्ता** (ना.प्र.नं. ३५-०१-७३-०५१८१, मिति २०७३/०४/०५ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : सिताराम देवकोटा, बाजे : सोम विलास देवकोटा | १. सिताराम देवकोटाको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. ९ (ख) स्थित कि.नं. ७४१ (०-१-१६-० विगाहा), कि.नं. ७४७ (०-१-१६-० विगाहा), कि.नं. २४५ (०-०-१०-० विगाहा) तथा ऐ.ऐ. वडा नं. ९ (क) स्थित कि.नं. १११७ (०-५-१९-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. सरस्वती भेटवाल देवकोटाको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. ९ (क) स्थित कि.नं. १११६ (०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय नारायणगढ, चितवन/सम्बन्धित मालपोत नजिकको शाखा |
| २. | **ऋणीहरु : क) नरसिंह काष्ठ उद्योग (विविध कर्जा),**<br>प्रा.फ.नं.घ.उ.का. ३१७१/२०६१, ठेगाना : बुद्धभुमी न.पा. ८, कपिलवस्तु<br>**ख) राम कुमार टण्डन/अमिता टण्डन (व्यक्तिगत अधिविकर्ष कर्जा)**<br>ठेगाना : महेन्द्रकोट ३, कपिलवस्तु<br>**१. राम कुमार टण्डन** (ना.प्र.नं. २८६, मिति २०३५/०३/१० मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको), बाबु : गुमान सिंह टण्डन, बाजे : शालिकराम टण्डन<br>**२. अमिता टण्डन** (ना.प्र.नं. ३८-०१-०६७-०९८३३, मिति २०६७/११/१० मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको), बाबु : राम कुमार टण्डन, बाजे : गुमान सिंह टण्डन<br>**ऋण प्रवाह गर्ने शाखा : जितपुर**<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अम्बिका टण्डन-जमानीकर्ता** (ना.प्र.नं.४४७३८, मिति २०५९/११/११ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको), पति : राम कुमार टण्डन, ससुरा : गुमान सिंह टण्डन<br>**२. अच्यूत टण्डन-जमानीकर्ता** (ना.प्र.नं. ३८१०५२/३२३३, मिति २०६६/०५/२८ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>बाबु : राम कुमार टण्डन, बाजे : गुमान सिंह टण्डन<br>**३. आशिष कुमार टण्डन-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३८१०५२/३१०२ मिति २०६६/०५/०९ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>बाबु : राम कुमार टण्डन, बाजे : गुमान सिंह टण्डन<br>**४. राम कुमार टण्डन-जमानीकर्ता** (ना.प्र.नं. २८६, मिति २०३५/२/१० मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको), बाबु : गुमान सिंह टण्डन, बाजे : सालिग्राम टण्डन<br>**५. अनुपम कुमार टण्डन-जमानीकर्ता** (ना.प्र.नं. २६४४१, मिति २०५६/०९/२५ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>बाबु : राम कुमार टण्डन, बाजे : गुमान सिंह टण्डन<br>**६.प्रतिक्षा कडेल-जमानीकर्ता** (ना.प्र.नं. २७३०२३/३३९, मिति २०६३/१०/१० मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>पति : आशिष कुमार टण्डन, ससुरा : राम कुमार टण्डन<br>**७. सिता शर्मा-जमानीकर्ता** (ना.प्र.नं. ४२८६९, मिति २०५८/०२/०४ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको), पति : अनुपम कुमार टण्डन, ससुरा : राम कुमार टण्डन | राम कुमार टण्डनको नाममा कपिलवस्तु जिल्ला मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, महेन्द्रकोट गा.वि.स./न.पा. वडा नं. ४ (क) स्थित कि.नं. ८ (०-६-१६-० विगाहा) र कि.नं. ९४४ (०-२-७-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय जितपुर, कपिलवस्तु/सम्बन्धित मालपोत नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

**नोट :**

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु. १०००/- तिरी लिन सकिनेछ ।

ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । सो सूचना प्राप्त भए पश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम (धरौटी वापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम मध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी वापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूँजीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी वापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निः शर्त लागु हुनेछ ।

# रास्वपा र सरकारबिच शीतयुद्ध

पृष्ठ १ बाट

अश्विन राउत, विवेक मण्डल र गौतमकुमार सनहीलगायतले पनि आत्मदाहको बाटो रोजे। यसबाट बेरोजगार युवापंक्ति सरकारप्रति आक्रोशित बनेको छ। सरकार 'सुकुम्बासी व्यवस्थापन' गर्न चुकेको र गरिबप्रति संवेदनशील बन्न नसकेको प्रश्न पनि उठेको छ।

यी घटनापछि रास्वपाभित्र शाह र लामिछाने पक्षबिच पहिलेदेखि चलिरहेको खिचातानी अझै खुलेर बाहिर आउन थालेको छ। चुनावी वाचापत्र, सयदिने कार्यसूची, नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका विषयमा सरकार र पार्टी फरकफरक दिशामा देखिनु यसैको संकेत हो। सीमा विवाद अभिव्यक्ति, बजेटप्रतिको असन्तुष्टि, आत्मदाह, सुकुम्बासी प्रकरणमा आलोचना खेप्दै आएको सरकारप्रति पार्टीभित्रैबाट असन्तुष्टिका स्वर बाहिर आइरहँदा राजनीतिक जोखिम बढेको विश्लेषक बताउँछन्।

सरकारको कामकारबाही र कार्यशैलीप्रति प्रतिपक्ष जस्तै रास्वपाकै सांसद पनि विरोधमा उभिन थालेका छन्। मनिष झा, रमेश प्रसाईं, टीका संग्रौला (ज्वाला), अमरेशकुमार सिंहलगायत सांसदले संसद् र संसदीय समितिमा सरकारको कडा आलोचना गरेका छन्। झाले प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सरकारको 'नियतमा शंका नभए पनि काम गर्ने ढंग नपुगेको' टिप्पणी गर्दै 'कालो चस्मा फेर्न' सुझाएका छन्। बजेटले धनी र गरिबलाई विभेद गरेको पनि उनले बताए। प्रसाईंले 'आफैंले हानेको चड्कन' भन्दै खाना पकाउने ग्यासको अभावमा नागरिकले भोगेको सास्तीबारे प्रश्न उठाए। सिंहले काभ्रेको मण्डनदेउपुरका ६८ वर्षीय केदारनाथ पराजुली र ६७ वर्षीया तिलकुमारी सुनकोसी खोलामा हाम फालेर बेपत्ता भएको विषय चानचुने नभएको बताए। संग्रौलाले जन्मेर कोक्रोमा चढ्दै गर्दा कर तिर्ने नागरिकले मरेर चितामा चढ्दा पनि निःशुल्क धुवाँमा उड्न नपाउने भन्ने प्रश्न गरिन्। उनले भनिन्, 'एउटा नागरिकले बाँचुन्जेल अनेक शीर्षकमा राज्यलाई कर तिरिरहेको हुन्छ। कम्तीमा उसको अन्तिम संस्कारलाई सम्मानजनक र सहज बनाउने जिम्मेवारी राज्यको हुनुपर्छ।'

सत्तापक्षकै सांसदका यी अभिव्यक्तिले पार्टी र सरकारबिच संस्थागत सञ्चार एवं समन्वयको गम्भीर अभाव देखाउँछ।

विश्लेषकका अनुसार चितवन महाधिवेशनपछि रास्वपाभित्र दुईवटा प्रस्ट धार बनेका छन्- एउटा प्रधानमन्त्री शाह र अर्को सभापति लामिछाने समर्थित। महाधिवेशनको उद्घटनसत्रमै दुवै नेताले मञ्चबाट पार्टीभित्र कुनै मतभेद नरहेको सन्देश दिँदै एकता, सुशासन र विकासलाई आगामी कार्यदिशाको केन्द्रमा राख्ने प्रतिबद्धता जनाएका थिए। पछि सभापति लामिछानेले नवनिर्वाचित सांसदको प्रशिक्षण कार्यक्रममा 'रवि समूह' र 'बालेन समूह' भन्दै हुने गुटबन्दीपूर्ण व्याख्यालाई अस्वीकार गर्नसमेत निर्देशन दिएका थिए।

महाधिवेशन सकिएको दुई महिना बितिसक्दा पनि केन्द्रीय समितिले पूर्णता नपाउनु, पदाधिकारी मनोनयन हुन नसक्नु र बन्द सत्रबाट पारित विधान संशोधनको विषयलाई लिएर केन्द्रीय समितिको बैठकमै वैधानिकताको प्रश्न उठ्नुले संगठनात्मक निर्णय क्षमतामा पनि प्रश्न उठेको छ। यसले माथिबाट दिने एकता सन्देश र तल्लो तहमा जारी गुटबन्दीबिच तालमेल नभएको प्रतीत हुन्छ।

सभापति लामिछानेले निजी क्षेत्र आतंकित भएको भन्दै सरकारको आर्थिक दृष्टिकोणमाथि टिप्पणी गरेका छन् भने प्रधानमन्त्री शाहले सार्वजनिक संस्थानहरूको पुनरुत्थान तथा उद्योग सञ्चालनमा सरकार निरन्तर लागिरहेको दाबी गरेका छन्। सरकार र पार्टी नेतृत्वबिच कूटनीतिक मामिलामा देखिएको अलग्गै सक्रियताले पनि मुलुकको परराष्ट्र नीतिमा अन्योल सिर्जना गरेको छ। लामिछानेले भारत भ्रमण गरेपछि प्रधानमन्त्रीले त्यहाँ आफ्नो प्रतिनिधि पठाउनु, लामिछानेको चीन भ्रमण नजिकिँदै गर्दा शाहको चिनियाँ राजदूतसँग भेटघाट चर्चाले नेपालको कूटनीतिक अडान एउटै नभएको सन्देश अन्तर्राष्ट्रिय समुदायमा जाने हो कि भन्ने देखिएको छ। पार्टीकै शीर्ष नेता वा उनीहरू निकटलाई सरकारले सुरक्षा निगरानीमा राखेको चर्चाले पनि अविश्वासको दूरी बढाएको आशंका छ।

बहुमतको सरकार आन्तरिक खिचातानीमा अल्झिँदा त्यसको प्रत्यक्ष असर जनजीविकाका मुद्दामा पर्ने विज्ञ बताउँछन्। ग्यास अभाव, काभ्रेका वृद्ध दम्पतीले उपचार नपाएर नदीमा हाम फाल्नुपरेको घटनाले स्वास्थ्य उपचार र सामाजिक सुरक्षामा सरकार सुस्त देखिएको छ।

सरकारको कार्यशैली र पार्टी नेतृत्वको सार्वजनिक अभिव्यक्तिले उद्योगी व्यवसायीमाझ अन्योल बढाएको छ, जसले आर्थिक पुनरुत्थानको गतिलाई सुस्त पारेको विज्ञहरूको टिप्पणी छ। सुशासन कायम गर्न कानुनविपरीतका काम हुन नदिने र दोषीलाई कारबाहीको भागीदार बनाउन सरकारले गरेका उद्घोष सकारात्मक भए पनि कार्यान्वयन तहमा निष्पक्षतामा अपनाउनुपर्ने देखिन्छ। यसैबिच आइतबार साँझ लामिछाने र शाहबिच बालुवाटारमा भेटवार्ता भएको छ।

## अब...

एकताका निकै चर्चामा रहने गरेका मुखिया, डिट्ठा, बहिदारजस्ता पद अब भेटिने छैनन्। ती दरबन्दीमा कार्यरत कर्मचारीहरू अवकाश पाउनेबित्तिकै उक्त पद स्वतः खारेज गर्ने सरकारको नीति छ। त्यसैले पहिले भर्ना भएका मुखिया, बहिदारको ठाउँमा नयाँ कर्मचारी भर्ना भएका छैनन्।

पृष्ठ १ बाट

यसैगरी टाइपराइटर हुँदा भर्ना गरिएका टाइपिस्टको दरबन्दी शून्य बनाउने घोषणा सरकारले यसअघि नै गरिसकेको छ। अब नयाँ टाइपिस्ट भर्ना हुने छैन। हाल केही थोरै टाइपिस्ट मात्र केही कार्यालयमा कार्यरत छन्। यसैगरी आवा (आकाशवाणी) अपरेटरको दरबन्दी खारेज गर्ने घोषणा पनि सरकारले गरिसकेको छ। सरकारले १० वर्षभन्दा लामो समयदेखि श्रेणीविहीन कर्मचारीजस्ता कार्यालय सहयोगी, सवारी चालक, मालीजस्ता पदमा स्थायी भर्ना गर्न छाडेको छ। ती कर्मचारी करारमा मात्र भर्ना गर्ने गरिएको छ। ती पदमा आवश्यक भए करारमा भर्ना गर्ने सरकारको नीति छ।

## इलामवासीको...

तर पानी पर्नेबित्तिकै बाढी आएर बगाउँदा समस्या हुने गरेको छ। यी दुवै सडक कच्ची भएकाले बर्खामा हिलाम्य हुन्छन्। यात्रु र मालबाहक दुवै गाडी आवागमनमा समस्या छ।

अहिले सिमलगोलाई-तिल्केनी सडक कोसी प्रदेश सरकारको २५ लाख रुपैयाँ लगानीमा मर्मत भइरहेको छ। तिल्केनीदेखि बज्रदेवीसम्मको खण्डमा इलाम नगरपालिकाले ग्राभेल हालेर मर्मतको काम गरिरहेको छ। बाँकी खण्डको काम सडक डिभिजनले गरिरहेको छ। केही दिनमै सडक मर्मत सकिने भए पनि ठुला मालबाहक गाडी गुडाउन भने समस्या हुन सक्ने डिभिजन प्रमुख भट्टराईले बताए। मालबाहक गाडी चल्न नसक्दा इलाममा उपभोग्य वस्तुको अभाव भइरहेको छ।

गत असोज १८ र १९ मा इलाममा भएको भारी वर्षा र बाढीपहिरोका कारण ३९ जनाको ज्यान गएको थियो। प्राकृतिक विपद्बाट १२ अर्ब रुपैयाँ बढीको भौतिक सम्पत्तिमा क्षति पुगेको थियो। सडक र पुलमा मात्रै सात अर्ब रुपैयाँबराबरको क्षति भएको थियो। क्षति भएका पुल र सडक बनाउन समयमै बजेट नआउँदा र बर्खा लागेपछि मात्रै मर्मत-निर्माणको काम थाल्दा यात्रुसँगै स्थानीय उपभोक्ताले सास्ती बेहोर्नुपरेको हो।

इलामबासीले सडक असुविधाका कारण कष्ट बेहोर्नुपरेपछि सरोकारवालाले इलामलाई 'विपद् संकटग्रस्त' घोषणा गर्न संघीय सरकारसँग पटकपटक माग गरिरहेका छन्। जनप्रतिनिधि, राजनीतिक दल, सामाजिक संघ-संस्थाका प्रतिनिधि, व्यवसायीलगायतले संयुक्त भेला गरी इलामलाई संकटग्रस्त घोषणा गर्न संघीय सरकारलाई आग्रह गर्ने निर्णय गरेका थिए।

# कंगोमा इबोला महामारी
# ३ महिनामा १५ सय बढीको मृत्यु



काठमाडौं, साउन २४(नागरिक)- कंगोमा फैलिएको इबोला हालसम्मकै ठुलो प्रकोप भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले जनाएको छ। प्रकोप घोषणा भएको ११ सातामै १५ सय बढी मानिसको मृत्यु भएको छ। अहिले पनि इबोला नियन्त्रणबाहिर रहेको संगठनले जनाएको छ।

यसअघि भएका इबोला प्रकोपहरूमा सोही अवधिमा भएका मृत्यु र यो वर्षको ११ साताभित्र भएको मृत्युको तुलना गर्दा निकै धेरै अन्तर देखिएको छ । यसैकारण संगठनले यसलाई सबैभन्दा ठुलो महामारी भएको बताएको हो।

डब्लुएचओका अनुसार सन् २०१४ मा पश्चिम अफ्रिकामा फैलिएको विनाशकारी इबोलाबाट ११ साताभित्र २७९ जनाको मृत्यु भएको थियो भने यो वर्ष १५ सय जनाको मृत्यु भएको हो। अगस्ट १ सम्म तीन हजार ६०५ जनामा इबोला पुष्टि हुनुले कंगोमा हालसम्मकै ठुलो इबोला महामारी बनेको देखिएको डब्लुएचओकोले जनाएको छ। यो महामारी सन् २०१८ को भन्दा पनि बढी भएको छ। महामारी रोकिने स्थितिसमेत नरहेकाले थप चिन्ताको विषय बनेको संगठनले जनाएको छ।

पहिला पहिचान भएका संक्रमण स्थानबाहेकका नयाँ स्थानहरूमा नयाँ शंकापस्द संक्रमित भेटिनुले इबोला नियन्त्रणतिर नरहेको संकेत रहेको संगठनले जनाएको छ।

संगठनका अनुसार इबोला संक्रमणबाट हुने जनधनको क्षति रोक्न तत्कालै अन्तर्राष्ट्रिय प्रतिक्रिया आवश्यक छ। परीक्षणसँगै सम्पर्कमा आएका व्यक्तिहरूको कन्ट्याक्ट ट्रेसिडमा उल्लेखनीय प्रगति भए पनि प्रयास पर्याप्त नभएकाले थप परीक्षण वृद्धि तथा अन्य तयारीमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ। 'एमएसएफको बुनिया इबोला उपचार केन्द्रमा भर्ना भएका ९० प्रतिशत बिरामी पहिल्यै पहिचान गरिएका सम्पर्क व्यक्तिहरू थिएनन्, सम्पूर्ण इटुरी प्रान्तमा केवल ५९ प्रतिशत सम्पर्क व्यक्तिहरूलाई मात्र पहिचान गरी निगरानीमा राखिएको थियो,' संगठनद्वारा जारी धारणामा उल्लेख छ।

समयमै शंकापस्द व्यक्तिको पहिचान, आइसोलेसन, खोजी र परीक्षणलाई तीव्र रूपमा व्यवस्थित गर्न स्थानीय समुदायसँग मिलेर गरे मात्र सफल प्रतिकार्य सम्भव रहेको संगठनले सुझाएको छ। 'समुदायलाई सहभागी नगरी गरेको कार्यले धेरै संक्रमित छुट्ने जोखिम हुन्छ,' संगठनले जनाएको छ। यो प्रकोपले पहिलेदेखि नै मानवीय संकटलाई अझ गम्भीर बनाएको छ।

अन्य संक्रमणजन्य रोगहरू मलेरिया, दादुरा, हैजा, कुपोषण तथा अन्य रोकथाम र उपचार गर्न सकिने रोगहरूले अझै पनि ठुलो संख्यामा बिरामी र मृत्यु निम्त्याइरहेको स्थितिमा यसको समयमै नियन्त्रणका लागि स्वास्थ्य संस्थाहरूलाई निरन्तर सहयोग आवश्यक रहेको छ। विशेष गरी दुर्गम क्षेत्रमा पहुँच अहिले पनि ठुलो चुनौती बनेको छ। वर्षात्को समयमा आवतजावतमा कठिन हुने भएकाले स्वास्थ्य सेवा सञ्चालनमा अवरोध हुन सक्ने भएकाले स्वास्थ्य सामग्रीको आपूर्ति सुनिश्चत गर्नुपर्ने जनाइएको छ।

## नाम परिवर्तन गरिएको सूचना

*यस कम्पनीको मिति २०८३।०१।१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौको मिति २०८३।०४।११ गतेको निर्णय अनुसार बतास हायर पर्चेज प्राईभेट लिमिटेडको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर, दायित्व आदि समेत सकार्ने ब्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी* **नियोफिन हायर पर्चेज प्राईभेट लिमिटेड (Neofin Hire Purchase Private Limited)** *कायम गरिएको ब्यहोरा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।*

**नियोफिन हायर पर्चेज प्राईभेट लिमिटेड**
**(Neofin Hire Purchase Private Limited)**
*पोखरा महानगरपालिका-८, कास्की, गण्डकी, नेपाल*

## 'जहाजलाई...

'यात्रामा हिँडिरहँदा बाटामा कहिलेकाहीं बादलका टुक्रामा छिर्दा जहाज हल्लिन्छ तर जहाज हल्लियो भन्दैमा लौ जहाज दुर्घटनामा पर्ने भयो कि भनेर डर मान्नुपर्ने पनि हुँदैन,' उनले भनेका थिए, 'हामी सही ढंगले असल नियतका साथ जहाजलाई गन्तव्यमा पुऱ्याउँछौं।' लामिछानेले पार्टी र सरकारबिच कुनै समस्या नरहेको देखाउने प्रयास गरे पनि निजी क्षेत्रलाई डर र त्रासमा राखेर आर्थिक विकास सम्भव नहुने धारणा राखे। 'निजी क्षेत्रलाई कानुनभन्दा माथि राख्न मिल्दैन तर निजी क्षेत्रलाई सधैं शंकाको घेरामा राखेर पनि अर्थतन्त्र चल्दैन,' लामिछानेले भनेका थिए, 'व्यवसायीले गल्ती गरे कारबाही हुनुपर्छ तर व्यवसाय गर्नु नै अपराध हो भन्ने मानसिकताले लगानी, उत्पादन र रोजगारी बढाउँदैन।' उनले सरकारको काम अपराध नियन्त्रण गर्नु भएको उद्यमशीलता नियन्त्रण गर्नु नरहेको बताए।



३२औं विश्व आदिवासी दिवसका अवसरमा आइतबार काठमाडौंमा निकालिएको र्‍यालीमा पहिचान झल्किने वेशभूषामा युवती। तस्बिर : विजय राई/नागरिक

# राज्यले ठेकेदारलाई किन तिर्‍यो ११ करोड ?

दिनेश सुवेदी

*रोल्पा, साउन २४*

दाङको घोराहीदेखि दक्षिण-पश्चिम रोल्पाको होलेरी, घर्तीगाउँ, थवाङ हुँदै पूर्वीरुकुमको हुकाम/मैकोट जोड्ने 'सहिदमार्ग' को यात्रा जोखिमपूर्ण छ। सहिदका नाममा नामकरण गरिएको यो सडकले हिजोआज सहिदलाई नै गिज्याइरहे झैं लाग्छ। सहिदकै उपहास गरिरहेको दाङको घोराहीदेखि रुकुम जोड्ने उक्त एक सय ५१ किमिमध्ये धेरै स्थानमा मुस्किलले सवारी चल्छ। हालसम्म भौतिक प्रगति ५४ प्रतिशत र आर्थिक प्रगति ४० प्रतिशत भएको सहिद मार्ग सडक योजनाले बताए पनि स्थानीयले त्यसको अनुभूति गर्न पाएका छैनन्।

२०६४ सालदेखि हालसम्म सडक निर्माणतर्फ चार अर्ब ४९ करोड ५४ लाख ७३ हजार र पुलतर्फ ३४ करोड ४६ लाख ४८ हजार गरी चार अर्ब ८४ करोड एक लाख २१ हजार बढी रकम खर्चिए पनि गतिलो प्रगति भएको देखिँदैन। त्यसो त, दाङ घोराहीदेखि होलेरीसम्मको ३१ किमि पक्की सडक हस्तान्तरण नहुँदै पैदल हिँड्नसमेत जोखिम छ, तर सरोकारवाला मौन छन्।

**कालोपत्र सडकको अधुरो कथा**

३० नोभेम्बर २०१८ मा करिब ३६ करोड बढी रकम खर्चिएर दाङको घोराहीदेखि रोल्पाको होलेरीसम्म गरिएको ३१ किमि पक्की सडक हस्तान्तरण नहुँदै कच्चीभन्दा पनि कमजोर बनेको छ। सहिद मार्गअन्तर्गतको उक्त ३१ किमि सडकमा मुस्किलले ६ किमि कालोपत्र बाँकी रहेको कर्मचारी आफैं स्वीकार गर्छन्। सिल प्यासेफिक जेभीले कालोपत्र गरेको भनिएको यो सडक बनाउने निर्माण व्यबसायीलाई राज्यले साढे ११ करोड रुपैयाँ उल्टै तिरेको छ। कालोपत्र भएपछि करिब ९५ प्रतिशत काम सकिएको देखाउँदै सहिद मार्ग सडक आयोजनाले कार्य सम्पादन भन्दै रकम भुक्तानी गरेको थियो। १ डिसेम्बर २०१८ बाट लागु हुने गरी एक वर्षसम्म त्रुटि सच्याउने अवधि सुरु भयो, तर निर्माण व्यवसायीले बाँकी काम गरेनन् भने मर्मतमा पनि कुनै चासो दिएनन्। क्षमताभन्दा बढी भार बोकेर सिमेन्ट उद्योगका टिपर गुडेर सडक भत्किएको भन्दै निर्माण व्यवसायी काम नगरी बसे। त्रुटि सच्याउने अवधि ३० नोभेम्बर २०२१ सम्म पटकपटक गरेर दुई वर्ष थपियो।

बाँकी काम र मर्मतमा कुनै प्रगति नभएपछि २०७८ मंसिर ६ गते सडक विभागले निर्माण व्यवसायीलाई कालो सूचीमा राख्ने सिफारिससहित ठेक्का तोड्यो, तर यसअगाडि निर्माण व्यवसायीले न्यायिक निकाय 'नेपाल मध्यस्थता परिषद् (नेप्का)' मा उजुरी दिए। २०७८ भदौको अन्तिमतिर नेप्काले सडक आयोजनाले उल्टै निर्माण व्यवसायीलाई ११ करोड तिर्नुपर्ने निर्णय गरिदियो। ठेक्का तोडेको सरकारी निकाय नेप्काको निर्णय चित्त नबुझेको भन्दै उच्च अदालत पाटन गए पनि अदालतले गत साल नेप्काकै निर्णय सदर गरिदियो। राज्यले निर्माण व्यवसायीलाई उल्टै ११ करोड तिर्नुपर्ने कारण न सहिदमार्ग सडक योजनासँग छ न त स्थानीयलाई केही जानकारी छ। निर्माण व्यवसायीले गतिलो काम गरेका थिएन भने उल्टै राज्यले त्यति ठुलो रकम किन तिर्‍यो ? क्षमताभन्दा बढी भार बोकेर सिमेन्ट उद्योगका टिपर गुडेर सडक भत्किएको हो भने राज्यले त्यतातिर किन ध्यान दिएन ? कमजोरी कसको थियो भन्नेबारेमा सबै मौन हुनु गम्भीर विषय हो। ११ करोड तिरेको स्वीकार गर्दै सहिद मार्ग सडक आयोजना प्रमुख माधवप्रसाद अधिकारीले नागरिकसँग भने, 'हामीले न्यायालयले गरेको फैसला कार्यान्वयन गरेका हौं।' उनले थपे, 'उक्त रकम सोझै निर्माण व्यवसायीलाई नदिएर अदालतको धरौटी खातामा पठाएका हौं।'

एकपटक कालोपत्र गरिएको घोराही-होलेरी खण्डमा यतिबेला कालोपत्र गर्ने भन्दै सडक विभागले पुनः डिपिआर गरेको छ। माओवादीले सशस्त्र विद्रोह गरिरहेकै समयमा २०६० सालदेखि २०६२ सम्म देशका विभिन्न १३ जिल्लाका हजारौं व्यक्तिलाई यहाँ ल्याएर नुवागाउँदेखि थवाङसम्म श्रमदान गर्न लगाएको थियो। बाहिरी जिल्लाकाले १०/१० दिन श्रमदान गरे भने रोल्पालीले २०/२० दिन श्रमदान गरे। उतिबेला १० हजार बढीले श्रमदान गरेका थिए। जिल्लामा गतिलो योजना भित्र्याउन नसक्ने रोल्पाली उच्च राजनीतिक नेतृत्वले दीर्घकालीन सोच नराख्दा यहाँका धेरै अन्य योजनामा सोचेजस्तो प्रगति हुन सकेको छैन। निर्माण व्यवसायीले राजनीतिक नेतृत्वलाई निर्वाचन खर्च गरिदिने गरेका कारण उनीहरूको विरोधमा कोही बोल्दैनन् भने कर्मचारीले केही गर्न खोजे उल्टै सरुवा पत्र थाप्नुपर्ने एक कर्मचारी बताउँछन्। 'कर्मचारीले केही गर्न खोज्दा सरुवा पत्र आउँछ।'

# कप्तानगन्ज घटनामा संलग्न केही पक्राउ

अमर खड्का

*इटहरी, साउन २४*

सुनसरीको देवानगन्ज- ३ को कप्तानगन्जमा भएको घटनामा संलग्न भएको आरोपमा प्रहरीले केही युवालाई पक्राउ गरेको छ। देवानगन्जमा साउन १० गते भएको दुईपक्षीय झडपबाट सुरु भएको हिंसात्मक घटनामा घाइते भएका तीनजनाको मृत्यु भइसकेको छ।

उक्त घटनामा संलग्न भएको आरोपमा शनिबारदेखि केही व्यक्तिलाई पक्राउ गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डिएसपी चन्द्र खड्काले बताए। उनले नाम भने सार्वजनिक गरेनन्। 'घटना संवेदनशील भएको र अनुसन्धानसमेत प्रभावित हुने भएकाले नाम र संख्या गोप्य राखिएको हो', उनले भने।

पछिल्लो समय साउन १९ गते मृत्यु भएका रवीन्द्र मेहताका आफन्तले दोषी पक्राउ नगरेसम्म र सहिद घोषणा नगरेसम्म शव नबुझ्ने अडान लिएको र कप्तानगन्जमा पनि दिनहुँ प्रदर्शन भइरहेका बेला केहीलाई पक्राउ गरी अनुसन्धान थालिएको हो। गत शुक्रबार कांग्रेस जिल्ला कार्यसमिति सुनसरीले पनि घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कारबही गर्नुपर्ने, मृतकलाई सहिद घोषणा गर्नुपर्ने र गृहमन्त्रीले गरेको सहमति कार्यान्वयन गर्नुपर्ने माग राखेको थियो। उसले माग पूरा गर्न तीनदिने अल्टिमेटम दिँदै नत्र आन्दोलन चर्काउने घोषणा गरेको थियो।

गृहमन्त्री गुरुङले साउन १४ गते राति देवानगन्ज घटनाका मृतक ओमप्रकाश र जयप्रकाशका अभिभभावकसँग दुवैजनालाई सहिद घोषणा प्रक्रिया अघि बढाउने र दुवै परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने सहमति भएको थियो। साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने तथा परिवारका एक-एकजना सदस्यलाई रोजगारीको अवसर दिने पनि सहमति भएको थियो। सहमति भएको भोलिपल्ट परिवारले शव जिम्मा लिएर दाहसंस्कार गरिएको थियो। यही बिचमा साउन १९ गते अर्का घाइते रवीन्द्र मेहताको पनि मृत्यु भएको थियो।

साउन १९ गते रवीन्द्रको मृत्युपछि स्थानीयले कप्तानगन्ज क्षेत्रमा दिनहुँ प्रदर्शन गर्दै आएका छन्। प्रदर्शन निरन्तर भइरहे पनि असहज वातावरण भने सिर्जना नभएको इलाका प्रहरी कार्यालय देवानगन्जका प्रहरी निरीक्षक प्रकाश पराजुलीले बताए। स्थानीयले गृहमन्त्री गुरुङले गरेको सहमति कार्यान्वयन नभएसम्म आन्दोलन जारी राख्ने घोषणा गरेका छन्।

'गृहमन्त्रीले गरेको सहमति जवबसम्म कार्यान्वयन हुँदैन आन्दोलन रोकिनेवाला छैन', पूर्वसांसदसमेत रहेका स्थानीय मुगालाल मेहताले भने, 'हामीले अरू केही भनेको छैन, मन्त्रीले गरेको सहमति कार्यान्वयन गरिदिन मात्र भनेका छौं।'

सहमति कार्यान्वयन गर्न दबाब दिँदै पीडित पक्षले रवीन्द्रको शव साउन १९ देखि नै काठमाडौंको त्रिवि शिक्षण अस्पताल महाराजगन्जमै राखेका छन्। गृहमन्त्री गुरुङसँग पटकपटक वार्ता गरे पनि निर्णय हुन सकेको छैन।

### धर्नारत त्रिविका प्राध्यापक तथा कर्मचारीको प्रश्न

# हाम्रो पेन्सनको माग सम्बोधन होला ?

रुबी रौनियार

*काठमाडौं, साउन २४*





पेन्सनको माग राखेर त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीले विश्वविद्यालयको केन्द्रीय कार्यालय कीर्तिपुरमा धर्ना बसेको ११९ दिन भइसक्दा पनि सम्बन्धित निकायले मागको सुनुवाइमा कुनै चासो नदेखाएको भन्दै त्रिविका शिक्षक तथा कर्मचारी आक्रोशित बनेका छन्।

समान तहमा काम गर्ने विश्वविद्यालयभित्रका प्राध्यापक तथा कर्मचारीमध्ये कसैलाई पेन्सन दिने र कसैलाई नदिने गर्दा आफूहरूलाई विभेद भएको धर्नारत उप्रा डा. नन्दकिशोर सिंहले बताए। 'त्रिविमा कार्यरत शिक्षक कर्मचारीमध्ये ७० प्रतिशतले पेन्सन पाउँदैनन्', उपप्रा. सिंहले नागरिकसँग भने, 'सरकारले पेन्सनका लागि त्रिविलाई रकम दिँदैन। त्रिविले सरकारबाट एकमुष्ट रकम पाउँछ।' आफूहरूको वृद्धवस्था असुरक्षित बनेको भन्दै शिक्षक कर्मचारीले चिन्ता व्यक्त गरेका छन्।

त्रिविले २०६८ सालअघि स्थायी भएकाहरूलाई भने पेन्सनको व्यवस्था गर्दै आएको छ। २०६४ सालमा त्रिवि सेवामा स्थायी भएका सहप्राध्यापक प्रदिपकुमार साहले आफू अवकाश भएदेखि निरन्तर पेन्सन पाइरहेको बताए। 'एउटै प्रक्रियाबाट स्थायी भएका शिक्षक कर्मचारी २०६८ अघिकाले पेन्सन पाउने र त्यसपछिकाले पेन्सन नपाउने व्यवस्था आफैंमा गलत हो', सहप्राध्यापक साहले नागरिकसँग भने, 'समाजलाई शिक्षत बनाउने शिक्षकको अवकाशपछि पेन्सन नपाउँदा सामाजिक प्रतिष्ठामा आँच आउँछ नै, तर सामाजिक असुरक्षा पनि बढ्छ।' त्रिवि र राज्य दुवै पक्षले त्रिविका शिक्षक र कर्मचारीलाई पेन्सन व्यवस्था अनिवार्य गर्नुपर्छ।' २०६६ साल भदौ २६ मा बसेको त्रिवि सभा र २०६६ फागुन २३ को त्रिवि कार्यकारी परिषद्को निर्णयले २०६६ भदौ २६ पछि स्थायी नियुक्ति पाएका प्राध्यापक तथा कर्मचारीलाई योगदानमा आधारित उपदानको व्यवस्था गरी पेन्सन व्यवस्था हटाएको थियो।

जबकि यो व्यवस्था सरकारले निजामतीलगायत अन्य क्षेत्रमा २०७५ साउन १ पछि स्थायी भएकाहरूको हकमा मात्र लागु गरेको छ। नेपाल संस्कृत विश्वविद्यालयमा पनि त्रिविमा जस्तै पहिल्यै पेन्सनको व्यवस्था हटाइएकोमा २०७५ असार मसान्तसम्म स्थायी हुनेका लागि पुनः पेन्सनको व्यवस्था गरेर सरकारको निर्णयअनुरूप एकरूपता गरेको थियो। 'त्रिविमा पेन्सन पाउने पदाधिकारीले अरूलाई पेन्सन नदिने निर्णय गर्दा आफूहरूलाई अप्ठ्यारो पर्छ भनेर २०६६ भदौ २६ को निर्णयलाई दुई वर्षसम्म गोप्य राखी २०६८ कात्तिक २८ मा मात्र सार्वजनिक गरेका थिए', आन्दोलनरत शिक्षक सिंहले विगतका घटना सुनाए, 'आफ्नो निर्णयलाई थप मजबुत बनाउन त्रिवि पदाधिकारीले सरोकारवालालाई थाहै नदिई २०७१ वैशाख २ मा अर्थ मन्त्रालयबाट पत्र लेखाएको समेत भेटिएको छ।'

पेन्सनका लागि भनेर अर्थ मन्त्रालयले त्रिविलाई सुरुदेखि नै कहिल्यै रकम नपठाउने गरेको उपप्राध्यापक डा. नन्दकिशोर सिंहले बताए। २०६६ भदौ २६ पछि स्थायी भएका प्राध्यापक तथा कर्मचारीले थाहा पाएदेखि नै त्रिविमा पेन्सन हटाउने निर्णयको विरोध गर्दै आएका छन्। आफ्ना माग बुँदागत राख्दा सर्वप्रथम पेन्सनको माग २०७६ सालमा तात्कालीन उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटासमक्ष उठाइएको समेत उनले जनाए।

कोरोनाकालमा आफ्ना मागलाई सशक्त उठाउन नसकेपछि थन्किएको मागलाई उपकुलपति प्रा.डा. केशरजंग बरालसमक्ष पुनः राख्दा तत्कालीन त्रिवि कार्यकारी परिषद्ले प्रा.डा .विनोद पराजुलीको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरी पेन्सनको सम्भाव्यता अध्ययन गरिएको थियो। त्यस समितिले स्रोतसमेत देखाई विश्वविद्यालयमा प्राध्यापक तथा कर्मचारीलाई पेन्सन दिन सकिने सुझाव दिएको धेरै समय भइसक्दा पनि त्रिवि कार्यकारी परिषद्ले पेन्सन दिने निर्णय गरेको छैन। यसकारण त्रिविमा दबाब दिन बाध्य भएर आफूहरूले आन्दोलनको बाटो अपनाउनुपरेको आन्दोलनरत शिक्षक कर्मचारी बताउँछन्। प्राध्यापक तथा कर्मचारीहरू दैनिक एक घन्टा अनिश्चितकालीन धर्ना बस्नुपरेको उपप्राध्यापक डा. सन्तबहादुर थापाको गुनासो छ। 'जेनजी आन्दोलनको जगमा खडा भएको वर्तमान सरकार बनेपछि नियुक्त उपकुलपति प्रा.डा. भोला थापासमक्ष पद बहाली भएको पहिलो दिनमै आफ्ना माग राखी धर्नालाई निरन्तरता दिएको पनि धेरै दिन गुज्रिसक्यो', आन्दोलनस्थलबाटै उपप्रा.डा. थापाले नागरिकसँग भने, 'विगतमा विश्वविद्यालयले आफैं व्यवस्था गर्दै आएको र कार्यदलले सुझाव दिएअनुसार थोरै आर्थिक व्यावस्थापन गर्दा बाँकीका लागि पनि पेन्सनको व्यवस्था हुन्छ।'

विश्वविद्यालयले आफैं आर्थिक व्यवस्थापन गर्न सक्ने हुँदा पेन्सनका कारण सरकारले थप आर्थिक भार व्यहोर्नु नपर्ने उपप्राध्यापक डा. तिलकबहादुर खत्रीको भनाइ छ। तर पनि मिटरब्याज पीडितलगायत आन्दोलनरत थुप्रै समूहका मागलाई तत्काल सम्बोधन गर्दै आएको यो सरकारले त्रिविका शिक्षक र कर्मचारीको मागप्रति ध्यान नदिएको उपप्रा खत्रीको गुनासो छ। धर्नारत त्रिविका प्राध्यापक तथा कर्मचारीको सरकार र त्रिवि पदाधिकारीलाई एउटै प्रश्न छ- हाम्रो न्यायोचित पेन्सनको माग कहिलेसम्म सम्बोधन होला ?

कार्यवाहक रजिस्ट्रार प्रा.डा. महानन्द चालिसेले त्रिवि शिक्षक कर्मचारीको पेन्सन आन्दोलनबारे जानकार रहेको र सकेसम्म छिटो समस्या समाधान गर्न लागिपरेको बताए। उनले त्रिविका पदाधिकारीहरू शिक्षक र कर्मचारी पेन्सन समस्याबारे संवेदनशील रहेको र समाधानको मोडेलबारे छलफलसमेत गरिरहेको जनाए। 'सरकारको पनि समय र परिस्थितिअनुसार नीतिगत व्यवस्था हुँदै आएको छ। विशेष परिस्थितिमा नीति फरक हुन्छ', रजिस्ट्रार चालिसेले नागरिकसँग भने, 'हामी छिटै आन्दोलनरत शिक्षक र कर्मचारीसँग छलफल गरी समस्या कुन मोडेलबाट समाधान गर्न सकिन्छ भन्नेबारेमा अध्ययन गर्ने छौं।'

# सुधार केन्द्रमा झडप एकको मृत्यु, पाँच पक्राउ



कृष्ण किसी

*भक्तपुर, साउन २४*

भक्तपुरको सूर्यविनायक नगरपालिका- १ सिरुटार बिरुवास्थित एउटा सुधार केन्द्रमा आइतबार झडप भएको छ। झडपमा परी सुधार केन्द्रमा रहेका एकजनाको मृत्यु भएको छ।

बिरुवास्थित उत्साहित सुधार केन्द्रमा रहेकाबिच भएको झडपमा परी सुधार केन्द्रमा रहेका सोही वडा बस्ने वर्ष ४१ का उमेश खड्गीको मृत्यु भएको हो। झडपबाट मृत्यु भएको खबरपछि केन्द्रमा दिनभर प्रदर्शन भएको थियो। पीडितले दोषीमाथि कारबाहीको माग राखी दिनभर प्रदर्शन गरेका थिए। प्रदर्शनकारीलाई नियन्त्रण गर्न दिनभर सयौं प्रहरी परिचालित गरिएको थियो।

मृतककी धर्मपत्नी भगवती शाहीले सुधार केन्द्रमा रहेका बिरामीबाट आफ्नो पतिको हत्या भएको देखिएको जनाएकी छन्। आफूहरूलाई प्राप्त सिसिटिभी फुटेजमा सुधार केन्द्रमा रहेका अन्य बिरामीले आफ्नो पतिमाथि कुटपिट गरेको देखिएको उनले जनाइन्। यसकारण दोषीमाथि कारबाही गर्न उनले माग गरिन्।

उनका अनुसार पतिलाई पछिल्लो बिहीबार मात्र सुधार केन्द्रमा छाडिएको थियो। केन्द्रमा पुर्‍याउँदा पतिको स्वास्थ्य अवस्था सामान्य थियो। आइतबार बिहानै चारपाँच बजेतिर मेरो घरको ढोका ढकढकाउन केन्द्रका कर्मचारी आइपुगे, उनले भने, 'उनीहरूले तपाईंको पतिलाई अस्पताल लगिएको छ, अस्पताल आउनुहोला।'

खबरपछि आफू मध्यपुर अस्पताल मध्यपुर थिमी पुगेको र पतिको मृत्यु भएको जानकारी आफूलाई दिएको उनले सुनाइन्। सामान्य स्वास्थ्य अवस्थाको पतिको मृत्यु सामान्य नरहेको भन्दै सोधखोज गर्ने क्रममा कुटपिटबाट मृत्यु भएको सिसिटिभी फुटेज आफूहरूले प्राप्त गरेको सिसिटिभी फुटेज देखाउँदै उनले भनिन्।

घटनामा संलग्न रहेको आशंकामा प्रहरीले केन्द्रमै रहेका पाँचजनालाई नियन्त्रणमा लिएको छ। प्रहरीले मृतकको शव परीक्षणका लागि पठाउने तथा पोस्टमार्टम रिपोर्ट र घटनास्थलमा संकलन गरिएको प्रमाणका आधारमा मृत्युको वास्तविक कारण पत्ता लगाउने प्रक्रिया अघि बढाएको जनाएको छ। घटनामा सुधार केन्द्रका सञ्चालक तथा कर्मचारीको भूमिका, मृतकको स्वास्थ्य अवस्था र मृत्यु हुनुअघिको घटनाक्रमबारे समेत प्रहरीले अनुसन्धान गरिरहेको जनाइएको छ। तर प्रहरीले यो समाचार तयार पार्दासम्म कुनै आधिकारिक खवर सार्वजनिक गरेको छैन। मृतकको लास केएमसी अस्पताल दुवाकोटमा पोस्टमार्टमका लागि राखिएको छ।

# पदाधिकारीविहीन वीर अस्पतालमा उपकरण खरिदमा समस्या

काठमाडौं, साउन २४ (नागरिक)- राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान र वीर अस्पताल चार महिनादेखि पदाधिकारीविहीन हुँदा अस्पताल सेवा प्रभावित भएको छ। पदाधिकारी रिक्त हुँदा अस्पतालका खरिद तथा टेन्डर प्रक्रिया रोकिएर उपकरण तथा सामग्री खरिद हुन नसकेको डा. प्रकाश बुढाथोकीले बताए।

उनका अनुसार ल्याब तथा अन्य सेवामा आवश्यक रिएजेन्ट खरिद गर्न, अप्रेसन थिएटरको ओटी टेबल र भेन्टिलेटरलगायतका उपकरण खरिद गर्न नसकिएको बुढाथोकीले बताए। उनी भन्छन्, 'यी उपकरण जुनसुकै बेला खरिद गर्नुपर्ने हुँदा समस्या पर्छ।' हाल अस्पतालमा निमित्त निर्देशकका रूपमा डा. प्रभा कोइरालालाई तोकेको भए पनि निमित्तलाई यी उपकरण खरिद गर्ने अधिकार हुँदैन।

प्राप्त अधिकार पनि छोटो अवधिका लागि आउने निर्देशकले जोखिम मोलेर काम गर्न चाहँदैनन्, जसका कारण कतिपय सामग्री खरिद हुनै सकेको छैन भने भएका पनि सीमित खरिद गर्दा अति महँगोमा खरिद गर्नुपरेको छ। 'थोरै मूल्यका सामान किने पनि खरिद प्रक्रियाबाट आउँदा सस्तो पर्छ', डा. बुढाथोकीले भने। यस विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. समिरकुमार अधिकारीले हालै न्याम्समा उपकुलपति नियुक्ति भएको र अन्य पदाधिकारी सिनेटको बैठकले नियुक्ति गर्ने भएकाले रिक्त पदाधिकारी छिटै पूर्ति हुने उनले जानकारी दिए।

अस्पतालका अनुसार दुई साताअघि न्याम्स उपकुलपतिका रूपमा अस्पतालकै रेडियोलोजिस्ट डा. विवेककुमार आचार्य तोकिएका छन्। बाँकी अन्य पद रिक्त छन्।

**नबिल बैंक लिमिटेड, धुलिखेल शाखा, काभ्रेपलाञ्चोकको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मिति: २०८३/०४/२५)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

त्रिभु नारायण भैलको नाति, मनोज कुमार भैलको छोरा, काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वडा नं.०९ बस्ने, ना.प्र.नं. ३०-०१-०६७-१०३२७ (जारी मिति २०६७/०७/०७, स्थान काभ्रेपलाञ्चोक) भएको **मनिष भैल**।

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. सत्य नारायण भैलको नाति, त्रिभु नारायण भैलको छोरा, काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वडा नं.०९ बस्ने, ना.प्र.नं. ११६९४ (जारी मिति २०४२/०२/०३, स्थान काभ्रेपलाञ्चोक) भएको **मनोज कुमार भैल**।
२. त्रिभु नारायण भैलकी बुहारी, मनोज कुमार भैलकी पत्नि, ललितपुर जिल्ला ललितपुर न.पा वडा नं.०७ स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वडा नं.०७ बस्ने, ना.प्र.न.१७९२३ (जारी मिति: २०४२/१२/८८ स्थान ललितपुर), भएकी **सरिता श्रेष्ठ**।

**धितोको विवरण**

**धितोमा रहेको जग्गाको विवरण:**

काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वडा नं.०९ बस्ने **मनिष भैल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल वडा नं.०२ मा अवस्थित कि.नं. ९३ क्षेत्रफल ३-४-०-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

आहारअनुसार विचार बन्छ, विचारअनुसार व्यवहार बन्छ।
– उपनिषद् दर्शन

# ग्यास अभाव अन्त्य कहिले ?

पछिल्लो समय खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज बनाउन सरकारले विभिन्न प्रयास गरिरहेको बताए पनि काठमाडौं उपत्यकालगायत देशभर ग्यास अभाव कायमै रहनु गम्भीर चिन्ताको विषय हो। साउनको झरी र चर्को घामको पर्वाह नगरी घण्टौं लाइनमा बसेर पनि एक सिलिन्डर ग्यास नपाउने अवस्था सामान्य आपूर्ति व्यवस्थाको संकेत होइन। अझ ग्यास अभावसँगै बढ्दो बजार महँगीले सर्वसाधारणको दैनिक जीवन थप कष्टकर बनाएको छ।

खाना पकाउने ग्यास नेपाली घरपरिवारका लागि विलासिताको वस्तु होइन, आधारभूत आवश्यकताको इन्धन हो। त्यसैले यसको अभावलाई सामान्य बजार उतारचढावका रूपमा मात्र हेर्न मिल्दैन। आपूर्ति प्रणालीमा देखिएको कमजोरी, वितरणमा हुने असमानता, कृत्रिम अभावको सम्भावना र बजार अनुगमनको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्नु स्वाभाविक हो। अहिले काठमाडौं उपत्यकालगायत देशका विभिन्न ठाउँमा एक सिलिन्डर ग्यास लिन उपभोक्ताले लामो समय लाममा बस्नुपर्ने अवस्था छ। डिलर तथा पसलमा पुग्दा पनि ग्यास नपाएर खाली हात फर्किनुपर्ने, कतिपय अवस्थामा तोकिएको मूल्यभन्दा बढी रकम तिर्नुपर्ने र डेलिभरीका नाममा अतिरिक्त शुल्क असुलिनेजस्ता गुनासा सार्वजनिक भइरहेका छन्। सामाजिक सञ्जालदेखि प्रत्यक्ष बजारसम्म देखिएका यस्ता दृश्यले आपूर्ति पर्याप्त रहेको सरकारी दाबी र बजारको वास्तविक अवस्थाबिच ठुलो अन्तर रहेको देखाउँछन्।

आपूर्ति व्यवस्थाको नियामक निकाय नेपाल आयल निगमले पर्याप्त आपूर्ति रहेको वा अवस्था सुधारोन्मुख रहेको दाबी गर्दै आएको छ। बजारमा उपभोक्ताको लामो लाइन छ भने त्यस्तो दाबीको विश्वसनीयता आफैं कमजोर हुन्छ। आपूर्ति पर्याप्त छ भने उपभोक्ताले ग्यास पाउन किन दिनभर लाइन बस्नुपर्छ ? पर्याप्त मौज्दात छ भने डिलरमा पुग्दा उपभोक्ता किन खाली हात फर्कनुपर्छ ? र सरकारी मूल्य कायम छ भने कतिपय उपभोक्ताले किन अतिरिक्त रकम तिर्नुपर्छ ? यी प्रश्नको जवाफ तथ्य र पारदर्शिताका आधारमा दिनुपर्ने समय आएको छ। नेपालमा एलपी ग्यासको आपूर्ति ठुलो मात्रामा छिमेकी मुलुक भारतबाट हुने भएकाले अन्तर्राष्ट्रिय बजारमा हुने उतारचढाव र क्षेत्रीय आपूर्ति संकटको प्रत्यक्ष असर नेपाली बजारमा पर्न सक्छ। विगतमा मध्यपूर्वमा देखिएको तनाव तथा अन्तर्राष्ट्रिय बजारको अस्थिरतालाई ध्यानमा राख्दै नेपाल आयल निगमले आपूर्ति व्यवस्थापनका लागि ७.१ केजीका आधा सिलिन्डर बिक्री गर्ने व्यवस्था गरेको थियो। तत्कालीन संकट व्यवस्थापनका लागि गरिएको उक्त निर्णयले केही हदसम्म आपूर्ति व्यवस्थापन गर्न खोजे पनि उपभोक्ताले आफ्नो आवश्यकताअनुसार ग्यास पाउन नसकेको गुनासो गरेका थिए।

> व्यवसायीले बढेको लागत उपभोक्ताबाट असुल्न थालेपछि खाना, खाजा र अन्य दैनिक उपभोग्य वस्तुको मूल्यमा समेत त्यसको असर पर्छ। यसरी एउटा इन्धनको आपूर्ति समस्या अन्ततः समग्र उपभोक्ता मूल्यवृद्धिको कारक बन्न सक्छ।

पछि अन्तर्राष्ट्रिय परिस्थितिमा केही सुधार आएको र भारतबाट ग्यासको आपूर्ति सहज भएको दाबी गर्दै निगमले १४.२ केजीको पूर्ण सिलिन्डर पुनः बजारमा पठाउने निर्णय गऱ्यो। गत महिनादेखि पूर्ण सिलिन्डर बिक्री सुरु गर्दै निगमले यसको खुद्रा मूल्य प्रतिसिलिन्डर दुई हजार ६० रुपैयाँ तोकेको थियो तर पूर्ण सिलिन्डर बजारमा आएको भनिए पनि उपभोक्ताको लाइन घटेको छैन। बरु कतिपय स्थानमा एक सिलिन्डरका लागि कैयौं दिन कुर्नुपर्ने अवस्था देखिएको छ। यसले एउटा गम्भीर प्रश्न जन्माउँछ- समस्या आयातमा मात्र हो कि वितरण प्रणालीमै छ ? भारतबाट पर्याप्त ग्यास आइरहेको छ भने आयातित ग्यास उपभोक्तासम्म पुग्ने क्रममा कहाँ अवरोध भइरहेको छ ? निगम, ग्यास उद्योगी, वितरक र डिलर तहबिचको आपूर्ति शृंखलामा कतै समस्या छ कि छैन ? मौज्दात, आयात, ढुवानी र बिक्रीको वास्तविक तथ्यांक सार्वजनिक नगरी केवल 'आपूर्ति पर्याप्त छ' भन्ने दाबीले समस्या समाधान हुँदैन।

अहिलेको समस्या केवल ग्यासको अभावमा सीमित छैन। यसको प्रत्यक्ष प्रभाव महँगीमा समेत पर्न थालेको छ। ग्यास महँगो वा दुर्लभ हुँदा होटल, रेस्टुरेन्ट, चिया पसल तथा साना व्यवसायको सञ्चालन लागत बढ्छ। व्यवसायीले बढेको लागत उपभोक्ताबाट असुल्न थालेपछि खाना, खाजा र अन्य दैनिक उपभोग्य वस्तुको मूल्यमा समेत त्यसको असर पर्छ। यसरी एउटा इन्धनको आपूर्ति समस्या अन्ततः समग्र उपभोक्ता मूल्यवृद्धिको कारक बन्न सक्छ। त्यसैले सरकारले तत्काल प्रभावकारी बजार अनुगमन गर्नुपर्छ। कृत्रिम अभाव सिर्जना गर्ने, अनावश्यक सञ्चय गर्ने, कालोबजारी गर्ने वा तोकिएको मूल्यभन्दा बढी असुल्ने जोसुकैलाई कानुनी दायरामा ल्याउनुपर्छ। स्थानीय तह, जिल्ला प्रशासन, उपभोक्ता अधिकारसम्बन्धी निकाय र नेपाल आयल निगमबिच समन्वय गरी अनुगमनलाई परिणाममुखी बनाउन आवश्यक छ। अनुगमन केवल सञ्चारमाध्यममा देखाउनका लागि गरिने औपचारिक अभ्यास बन्नुहुँदैन।

त्यससँगै आयात, भण्डारण र वितरण प्रणालीलाई दीर्घकालीन रूपमा बलियो बनाउनुपर्ने आवश्यकता छ। संकट उत्पन्न भएपछि मात्र आधा सिलिन्डर बेच्ने, वितरणको समय र मात्रा घटाउने वा अन्य अस्थायी उपाय अपनाउने प्रवृत्तिले दीर्घकालीन समाधान दिँदैन। पर्याप्त भण्डारण क्षमता निर्माण, आपूर्ति शृंखलाको डिजिटल निगरानी, डिलर तहको नियमित अनुगमन र मौज्दात तथा वितरणसम्बन्धी तथ्यांकमा पारदर्शिता कायम गर्नु आवश्यक छ। सरकारसँग पर्याप्त ग्यास छ भने त्यो कहाँ छ, कुन डिलरलाई कति पठाइयो र उपभोक्तासम्म कति पुग्यो भन्ने तथ्य सार्वजनिक हुनुपर्छ।



प्रेमनारायण भुसाल

# बालबालिकाको गोपनीयता हक

**केही विद्यालयले पौडी वा खेलकुदका अन्य यस्तै क्रियाकलापका फोटो र भिडियो सार्वजनिक गरी आफ्ना विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापबारे प्रचारप्रसार गर्छन् । यस्ता सामग्री सार्वजनिक गर्दा बालबालिकाको गोपनीयता तथा प्रसारित सामग्रीको दुरुपयोग हुन सक्ने विषयमा विचार गरिएको देखिँदैन ।**




प्रजातान्त्रिक मुलुकमा जवाफदेहिता र पारदर्शितालाई जति महत्त्वपूर्ण सूचक मानिन्छ। त्यति नै महत्त्वपूर्ण रूपमा रहेको हुन्छ गोपनीयताको विषय। राज्यको परिकल्पना नै व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकार कायम गर्ने अवधारणाबाट भएको मानिन्छ। नागरिकको सुरक्षाकै लागि नागरिकद्वारा निर्माण गरिएको संयन्त्र विशेषलाई नै विशेष आधिकारयुक्त राज्य मानिँदै आएको छ। प्रजातान्त्रिक मुलुकमा राज्य सञ्चालनको प्रतिनिधि सरकारले जनतालाई अधिकार दिने नभई जनताका अधिकारलाई संरक्षण गर्ने भूमिका बहन गरेको हुन्छ। यही परिपाटी प्रजातान्त्रिक मुलुकका हरेक एकाइमा लागु हुने भएकाले परिवारमा नयाँ सदस्यको आगमन नै उसको अधिकार सिर्जनाको कारक तत्त्व बन्छ।

बालबालिकाको पालनपोषण, शिक्षादीक्षालगायत कुरामा अभिभावककै लगानी हुने भए पनि यी नवजातका मौलिक हकका रूपमा स्थापित भएका हुन्छन्। सामान्य सोचाइमा गोपनीयतासित सम्बन्धित कुराहरू बालिग नागरिकका मात्र विषय हुन् भन्ने सोचिन्छ तर वैयक्तिक गोपनीयताका विषय पारिवारिक सम्बन्धभन्दा पनि विशिष्ट रहने गर्छन्। बालबालिकालाई दीर्घकालीन रूपमा प्रभाव पर्ने विषय तत्काल अभिभावकका लागि लाभदायक भए पनि सार्वजनिक गर्न मिल्दैन। मुलुकको संविधान र कानुनले बालबालिकाका यसप्रकारका नैसर्गिक एवं गोपनीयतासम्बन्धी हकलाई सुनिश्चित गर्न आवश्यक कानुनी प्रबन्धसमेत गरेको हुन्छ।

पछिल्लो समय सामाजिक सञ्जालको विकाससँगै अभिभावक आफ्ना बालबालिका नितान्त वैयक्तिक एवं वयस्क बन्दा प्रतिकूल प्रभाव पार्न सक्ने कुरालाई मनोरञ्जनका साधनकै रूपमा सञ्जालमा सार्वजनिक गर्ने गरेको देखिन्छ। केही बालबालिका आफ्ना अभिभावकले आफ्ना शिशु अथवा बाल्यअवस्थामै सार्वजनिक गरेका तस्बिर एवं भिडियोका कारण किशोरावस्थामा विभिन्न किसिमका मानसिक समस्याका सिकार बनेका घटना सार्वजनिक गर्न थालेका छन्। सामाजिक सञ्जालको प्रयोग र वैयक्तिक गोपनीयताको विषयमा विद्यार्थी र शिक्षकलाई मात्र नभएर आमअभिभावकलाई शिक्षा दिनु अति आवश्यक हुँदै गएको छ।

नेपालको संविधान २०७२ को धारा २८ मा मौलिक हकअन्तर्गत गोपनीयताको हकसम्बन्धी व्यवस्था रहेको छ। कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक र पत्राचारसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने व्यवस्था गरेको छ। संविधानअन्तर्गत बनेका अन्य कानुनहरूमा पनि व्यक्तिका गोपनीयतासम्बन्धी कुरालाई सम्बन्धित व्यक्तिकै अधिकारका रूपमा व्याख्या गरिएको छ। बालबालिकाका सन्दर्भमा उनीहरूका प्रथम र सबैभन्दा नजिकका संरक्षक अभिभावक नै हुन्। बालबालिकासँग सम्बन्धित कुनै पनि तस्बिर वा भिडियो सार्वजनिक गर्ने सन्दर्भमा होस् वा उनीहरूलाई दीर्घकालीन रूपमा प्रभाव पर्ने कुनै पनि विषयमा निर्णय गर्ने सन्दर्भमा अभिभावकको मञ्जुरी आवश्यक पर्ने कुरा कानुनमा उल्लेख छ। यसको आशय पनि अपरिपक्व अवस्थाका बालबालिकाका अधिकारको संरक्षण उसका अभिभावक र राज्यले गर्नुपर्छ भन्ने मान्यतासँग सम्बन्धित छ।

बालबालिकासम्बन्धी ऐन २०७५ मा पनि बालबालिकालाई के कस्ता काममा लगाउने र उनीहरूसित सम्बन्धित निर्णय प्रक्रिया कस्तो हुने भन्नेबारे व्यवस्था छ। यसमा अभिभावक नै बालबालिकाको पहिलो संरक्षणकर्ताका रूपमा रहने र असमर्थ अभिभावकका सन्दर्भमा राज्यले नै सो भूमिका बहन गर्नुपर्ने व्यवस्था गरिएको छ। पश्चिमी समाजमा निर्बाध र निःसर्त अभिभावकलाई बालबालिकाको संरक्षक र सर्वोपरि हित सुरक्षित गर्ने व्यक्तिका रूपमा नलिए पनि हाम्रो समाजमा कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवती अर्थात् सन्तान खराब भए पनि उसका अभिभावक खराब हुँदैनन् भन्ने मान्यतालाई आत्मसात गरी प्रथम र अन्तिम संरक्षणकर्ता अभिभावकलाई निःसर्त रूपमा मानिएको छ। अभिभावकले आफ्नो इज्जत र औकातअनुसार बालबालिकाको स्वास्थ्य, शिक्षा र आवश्यकता पूरा गर्ने सन्दर्भमा भूमिका बहन गर्नुपर्छ। कथाकथंचित सो व्यवस्था हुन नसकेमा स्थानीय तहले अधिकार क्षेत्र ग्रहण गरी बालबालिकाको सर्वांगीण हितका लागि उपयुक्त कदम चाल्नुपर्ने कानुनी व्यवस्था छ।

> आफ्ना अभिभावकले आफ्ना शिशु अथवा बाल्यावस्थामै सार्वजनिक गरेका तस्बिर एवं भिडियोका कारण किशोरावस्थामा विभिन्न किसिमका मानसिक समस्याको सिकार बनेका घटना सार्वजनिक गरिन्छन्। सामाजिक सञ्जालको प्रयोग र वैयक्तिक गोपनीयताको विषयमा विद्यार्थी र शिक्षकलाई मात्र नभएर आमअभिभावकलाई समेत शिक्षा दिनु आवश्यक भएको छ।

समाजमा भित्रँदै गएको पाश्चात्य संस्कार, संस्कृति र आधुनिक जीवन पद्धतिका कारण पारिवारिक संरचनामा आएको विचलनले पछिल्लो समय बालबालिका बिचल्लीमा पर्ने घटना पनि बढ्दै गएका छन्। खास गरी अभिभावकको पारिवारिक सम्बन्धमा आएको विचलनका कारण सम्बन्धविच्छेद र नयाँ सम्बन्ध स्थापनाका घटनाले बालबालिका उपेक्षामा पर्ने, दुर्व्यवहारको सिकार हुने एवं अन्य मनोसामाजिक समस्याबाट पीडित हुने घटना पनि बढ्दै गएका छन्। परिस्थितिजन्य कारणबाट सिर्जना भएका असामान्य अवस्थाले बालबालिका समस्यामा पर्ने कुरा एकातिर छ भने अर्कातिर अभिभावकको असावधानीका कारण पनि धेरै बालबालिका मनोसामाजिक समस्याबाट ग्रसित हुने गरेका छन्।

गत हप्ता केही सञ्चारका माध्यममा १२ वर्षकी बालिका शिक्षण संस्थामा प्रताडित भएको भनी समाचार सार्वजनिक भयो। उक्त समाचारको आशय बालिकालाई न्याय दिलाउने भनिए पनि बालिकाको तस्बिर, उनमा बढ्दै गएको मानसिक समस्या र सोसँग सम्बन्धित सम्पूर्ण चिकित्सकीय रिपोर्टहरूसमेत सार्वजनिक गरिए। घटनालाई सनसनीपूर्ण बनाउने नाममा बालिकाको वैयक्तिक गोपनीयताको हकका बारेमा न अभिभावक सचेत हुन सके न त संसार माध्यम नै। बालिकाका बारेमा छरपस्ट पारिएका नितान्त वैयक्तिक विषय उनको मानसिक स्वास्थ्य समस्याबारे प्रमाणका रूपमा चिकित्सकीय रिपोर्टसमेत पहिचानसहित प्रकाशन गरियो। यसले आगामी दिनमा बालिकाको स्वस्थ विकासका लागि अवरोध नै पुऱ्याउने प्रस्ट छ।

समाचारमा बालिकाको मौलिक हकअन्तर्गत गोप्य रहनुपर्ने वैयक्तिक विवरणको प्रकाशनले उनलाई सामाजिक रूपमा लाञ्छनाको सिकार बनाउने सम्भावना बढायो। अभिभावक आफ्नै सन्तानबारे प्रस्तुत गरेका विवरणले पुऱ्याउने सामाजिक क्षति आँकलन गर्न नसकेकै देखिन्छ। अर्कातिर सम्बन्धित विषयकै बारेमा विद्यालयले जारी गरेको विज्ञप्तिमा बालिकाको नाम, वतन र पहिचानका कुनै पनि विषयवस्तु उल्लेख भएका थिएनन्। संस्थामाथि लगाइएका आरोपका खण्डनमा विद्यालयको संवेदनशीलता र बालमैत्री व्यवहार उक्त विज्ञप्तिबाटै स्पष्ट छर्लंगिन्छ। बालिका अहिले अभिभावकले भनेअनुसार असामान्य अवस्थामा रहेकी र नाबालक नै भएकाले अभिभावकविरुद्ध कानुनी वा अन्य उपचारमा जान सक्ने अवस्था देखिँदैन तर उनी वयस्क हुनासाथ अभिभावक विरुद्ध नै कानुनी उपचारको खोजी गरिन् भने अनौठो मान्नुपर्दैन।

केही विद्यालयले पौडी वा खेलकुदका अन्य यस्तै क्रियाकलापका फोटो र भिडियो सार्वजनिक गरी आफ्ना विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापबारे प्रचारप्रसार पनि गर्ने गरेका छन्। यसप्रकारका चित्र र भिडियो सार्वजनिक गर्ने क्रममा बालबालिकाको गोपनीयता तथा प्रसारित सामग्रीको दुरुपयोग हुन सक्ने विषयमा विचार गरिएको देखिँदैन। यसले बालबालिकामा सिर्जना गरेको भय र मानसिक तनावलाई आधार मानेर सचेत अभिभावकले बालबालिकाका वैयक्तिक विवरण सार्वजनिक गर्ने विषयमा विद्यालयहरू पनि सावधान हुनुपर्ने भनी आवाज उठाउन थालेका छन्। अभिभावक र स्वयं बालबालिकाकै हितमा सक्रिय शैक्षिक संस्थाले समेत असावधानीवश बालबालिकालाई राम्रो देखाउन गर्ने गरेको प्रचारप्रसारको सामग्रीले उल्टै बालबालिका पीडित भएका कुरामा सतर्क हुनु आवश्यक छ। यस्तै घटनाका कारण मनोवैज्ञानिक परामर्शमा आउने किशोर किशोरीको संख्यासमेत बढ्न थालेको छ। बालबालिका सम्बन्धी ऐन २०७५ बालबालिका सम्बन्धी नियमावली २०७७ तथा स्थानीय तहहरूले बालबालिकाको संरक्षण र उनीहरूमाथि हुनसक्ने दुर्व्यवहार न्यूनीकरणका लागि कानुनहरू तर्जुमा गरेका छन्। यी कानुनमा विद्यालय र घरपरिवारलाई निःसर्त रूपमा बालबालिकाका अभिभावक ग्रहण गरिएको छ।

सामाजिक सञ्जाल तथा अन्य सूचनाका माध्यमका कारण बालबालिकाको परिधि विश्वव्यापीकरण भएको छ। यस सन्दर्भमा स्थानीय वा राष्ट्रिय संस्कार र संस्कृतिले मात्र बालबालिकाको आचरण र व्यवहार निर्धारण हुन सक्ने अवस्था देखिँदैन। विश्वव्यापीकरणको प्रभावसँगै पश्चिमा समाजमा विकसित घटनाक्रमले बालबालिकालाई प्रत्यक्ष प्रभाव पार्न थालेका छन्। विश्वव्यापीकरणसँगै बालबालिकाको सुरक्षाको दृष्टिले घरपरिवार, आफन्त र विद्यालयलाई पनि निःसर्त रूपमा संरक्षणकर्ता मान्न सकिने अवस्था बिग्रँदै गएको छ। अभिभावकको असावधानी र भाइरल हुने मोहले वैयक्तिक गोपनीयताको हकको ठाडो उल्लंघन भएको पनि देखिन्छ। सामान्य घटनामा पारिवारिक विषय भनेर कसैले औंला नउठाए पनि यस प्रकारको विकृतिले अन्ततः आगामी पुस्तालाई स्वस्थ रूपमा हुर्कन असहयोग गर्ने भएकाले बालबालिकाको डिजिटल गोपनीयतासम्बन्धी कानुन निर्माण हुनु आवश्यक छ। तीनै तहका सरकारले यस विषयमा अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ। हरेक विद्यालयले विद्यार्थी स्वयंलाई साइबर संसारमा प्रकाशित सामग्रीले भविष्यमा पार्न सक्ने प्रभावबारे सचेत बनाउनु आवश्यक छ।

# चीनका लागि एआई किन जोखिम बन्दै छ ?

द इकोनोमिस्ट

सबैभन्दा उन्नत कृत्रिम बुद्धिमत्ता (एआई) मोडलहरूबिच अहिले क्षमताको तुलना भइरहेकै सन्दर्भमा आगामी दिनमा एआई प्रविधिले अमेरिका र चीनमा रहेको प्रतिस्पर्धी राजनीतिक प्रणालीको पनि परिक्षण गर्ने देखिएको छ।

यी पृष्ठभूमिमा दुई देशको कुन प्रणाली एआई उपकरण निर्माण गर्न र तिनलाई समग्र अर्थतन्त्रभर फैलाउन बढी सक्षम पार्नेछ भन्ने देखाउनेछ। यसको परिणाम दुवै देशले समाज सञ्चालन गर्न अवलम्बन गरेको फरक फरक सोचमा पनि निर्भर हुनेछ।

एआईजस्तो तीव्र गतिमा परिवर्तन भइरहेको क्षेत्रमा यो प्रतिस्पर्धाको परिणाम स्पष्ट हुन अझै केही वर्ष लाग्न सक्छ तर चीनभित्रैबाट गरिएको हाम्रो रिपोर्टिङले देखाउँछ कि चीनले एआईलाई तीव्र गतिमा अपनाइरहेको छ र यसबाट आउन सक्ने ठुलो आर्थिक तथा सामाजिक परिवर्तनका लागि सरकारले तयारी गरिरहेको छ। अधिनायकवादी शासन प्रणालीका रूपमा चीनसँग २१औं शताब्दीको सबैभन्दा सम्भावनायुक्त प्रविधि प्रयोग गर्ने केही फाइदा छन् तर उसका चुनौती पनि कम छैनन्।

**चीनको एआई मोडलको क्षमता**

तुलनात्मक रूपमा चीनका एआई मोडल सस्ता छन् र अमेरिकी मोडलभन्दा सधैं पछाडि छन् भन्ने कतिपयको धारणा छ। वास्तविकता फरक देखिँदै छ। अमेरिका र चीनका एआई मोडलबिचको दुरी घट्दै गएको छ। चिनियाँ नवप्रवर्तनशील मोडलहरू अझ ठुला र सक्षम बन्दै छन्। केही साताअघि मात्र चिनियाँ प्रयोगशालाहरूले 'क्वेन ३.८ म्याक्स' र 'किमी के-३' एआई मोडल सार्वजनिक गरेका छन्। यी मोडलहरू अमेरिकी एआई कम्पनी एन्थ्रोपिकको फेबल-५ जस्ता सबैभन्दा उन्नत एआई मोडलसँग लगभग बराबरीमा छन्। त्यसैले अहिले चिनियाँ एआई मोडलहरू पनि अमेरिकी मोडलजस्तै परीक्षणको सीमाबाट बाहिर निस्केर अप्रत्याशित रूपमा प्रयोग हुन सक्ने अवस्थामा छन्।

तुलनात्मक रूपमा चिनियाँ मोडलहरू सस्ता छन् र अमेरिकी मोडलहरू धेरै अवस्थामा बढी प्रभावकारी देखिन्छन्। अमेरिकी कम्पनी आर्टिफिसियल एनालाइसिसका अनुसार लागत र क्षमताबिच सन्तुलन हेर्दा धेरै अवस्थामा अमेरिकी मोडलहरूले चिनियाँ मोडललाई उछिनेका छन्।

**पूर्वाधारमा चीनको चुनौती र क्षमता**

त्यसो त, एआई प्रतिस्पर्धामा चीन र अमेरिकाबिचको दुरी अझै कायम छ। चीनले अमेरिकाको तुलनामा करिब एक दशांश मात्र डेटा सेन्टर क्षमता निर्माण गरिरहेको छ तर यो अन्तर लामो समयसम्म कायम रहने सम्भावना छैन। अर्ध-नियोजित अर्थतन्त्र भएको चीन ठुलो पूर्वाधार निर्माणमा प्रभावकारी छ। अमेरिकामा डेटा सेन्टरप्रति जनमत कमजोर बन्दै गएको बेला दक्षिणपूर्वी एसियाका देशले ठुला खाले चिनियाँ डेटा सेन्टरलाई स्थान दिइरहेका छन्।

चीनका खुला (ओपन वेट) एआई मोडलहरू जुनसुकै कम्पनी वा व्यक्तिले आफ्नै सर्भरमा चलाउन सक्छन्। त्यसैले बाहिर देखिएजति कम्प्युटिङ क्षमता अभावको समस्या त्यति ठुलो नहुन सक्छ। यसैगरी ऊर्जाको क्षेत्रमा पनि चीन अगाडि छ। चीनसँग अमेरिकाको तुलनामा झन्डै तीन गुणा बढी विद्युत् उत्पादन क्षमता छ र यो अग्रता अझ बढिरहेको छ।

**प्रतिबन्धबिच पनि चीनको अनुकूलन**

पछिल्ला वर्षमा चीनले आफूलाई अमेरिकी प्रतिबन्धसँग अनुकूल बनाउँदै लगेको छ। उसले अत्याधुनिक एनभिडिया चिपहरू गोप्य रूपमा भित्र्याउने र विदेशका डेटा सेन्टर भाडामा लिएर प्रयोग गर्ने गरेको छ।




चीनको प्रमुख चिप डिजाइन कम्पनी हुवावेले पनि आफ्नो कमजोर मानिएका चिप उत्पादन क्षमता तीव्र रूपमा बढाइरहेको छ। चीनमा बनेका लिथोग्राफी उपकरणहरूले अहिले 'डिप अल्ट्राभायोलेट' प्रकाश प्रयोग गरेर चिप उत्पादन गर्न थालेका छन्। यद्यपि सबैभन्दा उन्नत एक्स्ट्रिम अल्ट्राभायोलेट (इयुभी) प्रविधि अझै चीनको पहुँचभन्दा बाहिर छ।

**एआईको प्रयोग मुख्य कुरा**

एआई मोडल बनाउनु मात्र पर्याप्त हुँदैन। अर्थतन्त्रलाई गतिशील बनाउन एआईलाई व्यापक रूपमा प्रयोगमा ल्याउनुपर्छ। यही विषय चीनको एआई नीतिको मुख्य केन्द्र बनेको छ। लामो समयसम्म चीन अमेरिकी एआई विकासभन्दा पछाडि रहेकाले चिनिया नेताहरूले प्रविधिको व्यापक प्रयोगलाई प्रतिस्पर्धाको मुख्य आधार मानेका छन्। विद्युत् उत्पादनजस्ता व्यापक प्रविधिको विगतको इतिहासबाट पनि उनीहरूलाई राम्ररी थाहा छ- आविष्कारभन्दा नयाँ प्रविधिको प्रयोगले कहिलेकाही झन् ठुलो आर्थिक लाभ दिन सक्छ।

यसैगरी चीनको काम गर्ने उमेर समूहको जनसंख्या सन् २०५० सम्ममा २५ प्रतिशतले घट्ने अनुमान छ। त्यसैले उसका लागि मानिसको स्थान मेसिनले लिन सक्ने एआईको व्यापक प्रयोग आवश्यक हुनेछ। त्यसो त, अहिलेसम्म अमेरिका वा चीनको आर्थिक तथ्यांकमा एआई प्रयोगको प्रभाव स्पष्ट रूपमा देखिएको छैन तर केही क्षेत्रमा परिवर्तन तीव्र भइसकेको छ। एआई प्रयोग भएका ट्रक सञ्चालनमा चालकको आवश्यकता ३० प्रतिशतसम्म घट्न सक्ने एक ठुलो कम्पनीको अनुभवले देखाएको छ। त्यस्तै, सन् २०२६ को पहिलो तीन महिनामा सार्वजनिक भएका एक लाख २८ हजार अत्यधिक लोकप्रिय एक-दुई मिनेट लामो छोटा नाटक (माइक्रोड्रामा) मध्ये ९५ प्रतिशत एआई प्रयोग गरेर निर्माण गरिएका थिए। यसले धेरै कलाकार र फिल्म निर्माण टोलीको आवश्यकता घटाएको छ।

**रोबोटको विस्तार र रोजगारीको जोखिम**

चीनले रोबोटको प्रयोग पनि तीव्र पार्दै छ। जुन महिनामा चिनियाँ नेताहरूले स्थानीय सरकार र राज्य स्वामित्वका कम्पनीहरूलाई सन् २०२६ को अन्त्यसम्म १० हजार मानवरूपी (ह्युम्यान्वाइड) रोबोटलाई वास्तविक काममा प्रयोग गर्न निर्देशन दिएका थिए। मोर्गन स्ट्यान्ली बैंकका अनुसार सन् २०३० सम्म चीनमा मानवरूपी रोबोटको बिक्री चार लाख ४६ हजार पुग्न सक्छ, जुन यस वर्षको बिक्रीभन्दा नौ गुणा बढी हो। अहिले, ठुला गोदामहरूमा कामदारहरूलाई कपडा पटक-पटक पट्याउने, वस्तु छुट्याउने र थुपार्ने काम गराएर रोबोटलाई सिकाइँदै छ।

अमेरिकाको तुलनामा चीनमा बौद्धिक तथा व्यावसायिक रोजगारीमा आबद्ध कामदारको हिस्सा कम छ। त्यसैले एआईको प्रभाव उपभोक्ता बजार र श्रमप्रधान काममा बढी पर्ने सम्भावना देखिन्छ। यसले सामाजिक असन्तुष्टि निम्त्याउन सक्छ। चीनमा युवा बेरोजगारी दर अहिले नै करिब १५ प्रतिशत छ भने ३० करोडभन्दा बढी मानिस छोटो अवधिको रोजगारीमा आधारित 'गिग अर्थतन्त्र'मा काम गर्छन्। यो अवस्थामा रोजगारी गुम्ने गति जनसंख्या घट्ने गतिभन्दा धेरै तीव्र हुन सक्छ।

**कम्युनिस्ट पार्टीका लागि राजनीतिक चुनौती**

कम्युनिस्ट पार्टीको नियन्त्रण यति बलियो छ कि उसले एआईबाट उत्पन्न असन्तुष्टिलाई बेवास्ता गर्न सक्छ भन्ने कतिपयको ठम्याइ छ। तर अधिनायकवादी शासनहरू पनि अचानक कमजोर बन्ने अवस्थाबाट डराउँछन्। चिनियाँ कम्पनीहरू एआई विस्तार गर्न चाहन्छन् तर यो अवस्थामा चिनिया सरकार सामाजिक अस्थिरता रोक्न अत्यन्त सतर्क बन्नेछ। त्यसैले एआई चीनको राजनीतिक प्रणालीकै परीक्षण बन्नेछ तर चीनसँग विकल्प सीमित छन्।

अमेरिकाजस्तै चीनमा पनि पुनः सिप विकास (रिट्रेनिङ) को कुरा भइरहेको छ। तर यसको सफलता भने सीमित छ। डेनमार्क र सिंगापुरजस्ता सफल देशहरूले समेत कामदारलाई पूर्ण नयाँ करियरका लागि तयार पार्न कठिनाइ भोगिरहेका छन्। चीनमा त पहिले नै धेरै शिक्षित बेरोजगार छन्, त्यसैले उसका लागि यो अझ चुनौतीपूर्ण हुन सक्छ।

केही चर्चित अर्थशास्त्री र सल्लाहकारले एआई कम्पनीमाथि कर लगाउने वा सबै नागरिकलाई न्यूनतम आधारभूत आम्दानी दिने जस्ता उपाय सुझाएका छन्। यी प्रस्ताव पार्टीका आधिकारिक जर्नलहरूमा पनि प्रकाशित भएका छन्। राष्ट्रपति सी चिनफिङ लामो समयदेखि यस्तो सहायता नीतिको आलोचक रहँदै आएका छन्।

**सरकारको दुविधा**

चिनियाँ नेताहरूले कम्पनीहरूलाई कर्मचारी निकाल्नुको सट्टा अन्य काममा पुनः प्रयोग गर्न दबाब दिइरहेका छन्। यो अवस्थामा राज्य स्वामित्वका कम्पनीहरूलाई अतिरिक्त श्रमशक्ति व्यवस्थापन गर्नेतर्फ लगाउन सकिन्छ तर चीनको घरेलु आर्थिक वृद्धि कमजोर रहेको वर्तमान पृष्ठभूमि यसले तीव्र एआई विस्तारबाट प्राप्त हुने आर्थिक लाभलाई कम गर्न सक्छ।

त्यसैले चिनिया सरकार सम्भवतः परिस्थिति हेरेर अघि बढ्न सक्छ- समस्या नआउन्जेल एआई विस्तार गर्न दिने र समस्या देखिएपछि हस्तक्षेप गर्ने उसको नीति हुन सक्छ। विगतमा पनि ट्युसन र गेमिङ उद्योगमा समानखाले चुनौती देखिँदा चिनिया सरकारले यी क्षेत्रले धेरै नकारात्मक प्रभाव पारिरहेको भन्दै अचानक कडा कदम चालेको थियो।

हालै वुहानमा १०० भन्दा बढी रोबोट ट्याक्सीमा समस्या आएपछि अधिकारीहरूले रोबोट ट्याक्सी परीक्षणलाई केही सुस्त बनाएका छन्। एआई क्षेत्रमा बारम्बार रोक्ने र पुनः छोड्ने नीति अपनाउँदा नवप्रवर्तनमा असर पर्न सक्छ। चीनका नेताहरूले सामाजिक अस्थिरताको जोखिम र अमेरिकाभन्दा पछाडि पर्ने जोखिमबिच सन्तुलन कायम गर्नुपर्नेछ।

# ‘जलवायु परिवर्तनले जोखिममा पुतली’

श्रीराम सुवेदी
काठमाडौं, साउन २४

जलवायु परिवर्तनका कारण विश्वभरका पुतली आफ्नो परम्परागत बासस्थान छाडेर नयाँ क्षेत्रमा बसाइँ सर्न बाध्य हुन थालेका छन्। वैज्ञानिकहरूले यसलाई केवल पुतलीको समस्या नभई सम्पूर्ण जैविक प्रणालीमा देखिएको गम्भीर परिवर्तनको प्रारम्भिक चेतावनी भनेका छन्।

प्रतिष्ठित वैज्ञानिक जर्नल ‘नेचर इकोलोजी एन्ड इभुलुसन’ मा बुधबार प्रकाशित विश्वव्यापी अध्ययनले जलवायु परिवर्तनले पुतलीको वितरणमा व्यापक परिवर्तन आएको देखाएको हो।

विश्वका १०५ देश तथा भूभागका एक हजार सात सय ५८ प्रजातिका पुतलीमाथि गरिएका ६ हजार एक सय ८२ अध्ययनको समीक्षा तथा विज्ञहरूको मूल्यांकन समेटिएको यो अहिलेसम्मकै सबैभन्दा विस्तृत अध्ययनमध्ये एक हो। यसले विश्वमा पाइने करिब १९ हजार पुतली प्रजातिमध्ये झन्डै १० प्रतिशत प्रजातिलाई समेटेको छ। पुतलीको वासस्थान परिवर्तनले पृथ्वीको बदलिँदो जलवायु, बिग्रँदै गएको पारिस्थितिक प्रणाली र जैविक विविधतामाथि बढ्दो संकटको स्पष्ट संकेत रहेको वैज्ञानिक मत छ।

अध्ययनअनुसार पुतलीमा देखिएका वितरण परिवर्तनमध्ये करिब ७९ प्रतिशत प्रत्यक्ष रूपमा जलवायु परिवर्तन र चरम मौसमी घटनासँग सम्बन्धित छन्। साथै वन विनाश, कृषि विस्तार, सहरीकरण, बासस्थानको खण्डीकरण तथा बाह्य प्रजातिको प्रवेशजस्ता मानवीय गतिविधिले पनि पुतलीको जीवनचक्रमा गम्भीर असर पारिरहेको छ।

अनुसन्धानले करिब ८० प्रतिशत पुतली प्रजातिले आफ्नो फैलावट नयाँ क्षेत्रमा विस्तार गरेको देखाएको छ भने २७ प्रतिशत प्रजातिको पुरानो बासस्थान खुम्चिएको छ। त्यस्तै २२ प्रतिशत प्रजाति चिसो वातावरणको खोजीमा पहाडका अझ माथिल्ला उचाइतर्फ सरेका छन्। केही प्रजातिको सन्दर्भमा एउटा क्षेत्रमा विस्तार र अर्को क्षेत्रमा संकुचन दुवै भइरहेको देखिएको छ र यसले जलवायु परिवर्तनको प्रभाव जटिल रहेको वैज्ञानिक तर्क छ।

अध्ययनमा संलग्न अनुसन्धानकर्ताले पुतलीहरूले वातावरणीय परिवर्तनसँग जुध्न आफ्नो बासस्थान परिवर्तन गर्न सक्ने क्षमता देखाउनु केही हिसाबले सकारात्मक भए पनि पनि यो दीर्घकालीन समाधान नभएको चेतावनी दिएका छन्। पृथ्वीको तापक्रम अझ बढ्दै गएमा धेरै प्रजातिले नयाँ ठाउँसमेत भेट्टाउन नसक्ने अवस्था आउन सक्ने र त्यसले तीव्ररूपमा प्रजाति लोप हुने जोखिम बढाउने उनीहरूको चेतावनी छ।

विशेषगरी पहाडी तथा टापुमा मात्रै पाइने पुतलीहरू सबैभन्दा बढी संकटमा पर्ने वैज्ञानिक निष्कर्ष छ। तापक्रम बढ्दै जाँदा तिनीहरू क्रमशः माथिल्लो उचाइतर्फ सर्न बाध्य हुन्छन्। अन्ततः पहाडको टुप्पोभन्दा माथि जाने ठाउँ नहुँदा तिनीहरू ‘पासोमा परेको’ अवस्थाजस्तै भएर लोप हुने जोखिममा पुग्छन्।

अनुसन्धानकर्ताका अनुसार पुतलीलाई ‘प्रकृतिको स्वास्थ्य जाँच्ने जीवित सूचक’ मानिन्छ। पुतली तापक्रममा हुने सामान्य परिवर्तनप्रति संवेदनशील हुन्छन्। तिनीहरूको जीवनचक्र छोटो हुन्छ र विशेष प्रकारका वनस्पतिमाथि निर्भर रहने भएकाले वातावरणीय परिवर्तनको प्रभाव सबैभन्दा पहिले पुतलीमै देखिन्छ। त्यसैले पुतलीमा देखिएको परिवर्तनले भविष्यमा अन्य जीवजन्तु र वनस्पतिमा पनि यस्तै प्रभाव देखिन सक्ने संकेत दिन्छ।

अनुसन्धानले एउटा महत्त्वपूर्ण कमजोरी पनि औंल्याएको छ। जैविक विविधता अत्यधिक भएका अधिकांश उष्णतटिबन्धीय देशहरूमाझ यहाँ पुतलीबारे पर्याप्त अध्ययन भएको छैन। अहिले विश्वका करिब १० प्रतिशत पुतली प्रजातिमा मात्र वितरण परिवर्तनसम्बन्धी विश्वसनीय अभिलेख उपलब्ध छ। यसले वास्तविक अवस्था अझ गम्भीर हुन सक्ने वैज्ञानिकहरूको अनुमान छ।

**नेपालका पुतली पनि प्रभावित**

नेपालका लागि यो अध्ययन अर्थपूर्ण रहेको मानिएको छ। जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा तापक्रम विश्व औसतभन्दा तीव्र गतिमा बढिरहेको विभिन्न अध्ययनले देखाएको छ। हिमाली घाँसे मैदान, वनस्पति र तिनमा आश्रित पुतलीहरू माथिल्लो उचाइतर्फ सर्दै गएपछि अन्ततः उपयुक्त बासस्थानको अभाव हुन सक्छ। नेपालमा ६९२ विभिन्न जाति र उपजातिका पुतली पाइन्छ, तर जलवायु परिवर्तनले तिनको वितरणमा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा दीर्घकालीन वैज्ञानिक अध्ययन भने निकै सीमित छन्। नेपालका पुतलीको भौगोलिक वितरणका विषयमा विद्यावारिधि गरेका प्रा.डा. भैया खनाल पनि अध्ययनको नतिजा नेपालका लागि सान्दर्भिक रहेको बताउँछन्।

लाङटाङमा सन् २००९-२०१० ताका गरिएको एक अध्ययनले ‘कम्मन ब्लु एपोलो’ नाम गरेको पुतली एक सय मिटरमाथि उक्लेको देखिएको र तल्लो क्षेत्रमा देखिने ‘चकलेट पेन्सी’ नामक पुतली माथिल्लो उचाइमा सरेको आफ्नो अध्ययनले देखाएको प्राध्यापक खनाल बताउँछन्। जलवायु परिवर्तनको सूचक र जंगलको स्वास्थ्य सूचकसमेत मानिने पुतलीको विषयमा नेपालमा बृहत् र दीर्घकालीन अध्ययन र राष्ट्रिय स्तरको निगरानी प्रणाली विकास आवश्यक रहेको खनाल ठान्छन्। ‘जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालमा जलवायु परिवर्तनका प्रमाणित प्रमाण पुतलीले दिन सक्छन, यस्ता अध्ययनमा सरकारी स्तरबाट वित्तीय सहयोग गर्न आवश्यक छ’, उनको भनाइ छ।

खनालले भने झैं पुतली संरक्षणका लागि केवल संरक्षित क्षेत्र घोषणा गरेर नपुग्ने र यसका लागि बृहत् संरक्षण रणनीति आवश्यक रहेको निष्कर्ष उक्त अन्तर्राष्ट्रिय अध्ययनको छ। वन र घाँसे मैदानको संरक्षण, विभिन्न बासस्थानलाई जोड्ने जैविक करिडोर निर्माण, साना चिसा आश्रयस्थल जोगाउने, नागरिक विज्ञानमार्फत पुतलीको नियमित अनुगमन गर्ने तथा सबैभन्दा महत्त्वपूर्ण रूपमा हरितगृह ग्यास उत्सर्जन घटाएर विश्व तापक्रम नियन्त्रण गर्नुपर्नेमा अध्ययनले जोड दिएको छ।

यदि लगातार बढ्दो क्रममा रहेको तापक्रम वृद्धिलाई नियन्त्रण गर्न विश्व समुदायले प्रभावकारी कदम चाल्न नसकेमा भविष्यमा केवल पुतली मात्र होइन, तिनमा निर्भर वनस्पति, चराचुरुंगी र सम्पूर्ण खाद्य शृंखलामै गम्भीर असर पर्ने चेतावनी अनुसन्धानले दिएको छ।

# ‘मोटो रकम’मा बिरामी मृत्यु घटना सामसुम पारिँदै

दिलबहादुर छत्याल
धनगढी, साउन २४

कञ्चनपुरको कृष्णपुर नगरपालिका- १ की ५० वर्षीय समानी चौधरीको मिर्गौलामा पत्थरी देखा पऱ्यो। पत्थरीको शल्यक्रिया जटिल उपचार थिएन, तर धनगढीको केजी हस्पिटलका चिकित्सकले शल्यक्रियामा कमजोरी गर्दा बिहीबार चौधरीको मृत्यु भयो। बिहीबार हस्पिटल भर्ना भएकी उनको शल्यक्रिया गरेको केही घन्टामै ज्यान गयो।

अस्पतालका चिकित्सकको कमजोरीका कारण बिरामीको मृत्यु हुन पुगेको भन्दै आफन्त र स्थानीयले विरोध गरे। विरोधपछि अस्पतालले मृतकका आफन्तलाई २२ लाख रुपैयाँ दिएर घटना सामसुम पाऱ्यो। मृतकका छोरा सुनिल चौधरीलाई दुई लाख रुपैयाँ र प्रतिमहिना पाँचपाँच लाख रकम निकाल्न मिल्ने गरी २० लाखको चारवटा चेक अस्पतालले दिएको स्रोतले बताएको छ। सेती प्रादेशिक अस्पतालमा नेपाल सरकारको छात्रवृत्ति करार सेवामा कार्यरत चिकित्सक अरुण पाण्डेयको टोलीले ती महिलाको शल्यक्रिया गरेको थियो।

यो एक प्रतिनिधि उदाहरण मात्र हो। सुदूरपश्चिमको धनगढीमा च्याउजस्तै निजी अस्पताल सञ्चालनमा छन्। ती अस्पतालका चिकित्सकले उपचारमा लापरबाही गर्दा सामान्य बिरामीको पनि अकालमै मृत्यु हुने घटना दोहोरिइरहेको छ। चिकित्सको लापरबाहीले बिरामीको मृत्यु भएपछि अस्पतालले आफन्तलाई मोटो रकम दिएर घटना सामसुम पार्ने गरेको छ। ‘बिरामीका आफन्तले मागेबमोजिम रकम दिएर घटना सामुसुम पारिन्छ। २०-२२ लाखदेखि ४८ लाखसम्म दिएर घटना सामसुम पारिएका छन्’, निजी अस्पातलमा कार्यरत एक चिकित्सक बताउँछन्।

धनगढीमा पछिल्लो केही वर्षमा उपचारमा सामान्य लापरबाही गर्दा बिरामीको मृत्यु भएपछि मोटो रकम दिएर सामसुम पारिएका घटना १८-२० वटा रहेको ती चिकित्सकको भनाइ छ। ‘कतिपय घटना बाहिर आउँछन्, धेरैजसो त गुपचुप मिलाइन्छ’, उनले भने, ‘पैसा दिने र लिने दुवै गलत हुन्।’

चिकित्सकको कमजोरी हो भने कानुनबमोजिम कारबाही गरिनुपर्ने स्थानीय बताउँछन्। ‘पैसा दिएर कमजोरी लुकाइँदा त्यही चिकित्सकले अर्को बिरामी मार्ने सम्भावना रहन्छ’, स्थानीय युवा दिनेश बोहरा भन्छन्। अस्पताल र चिकित्सकको छवि बिग्रने डरले पनि बिरामीका आफन्तले मागेबमोजिम पैसा दिएर घटना सामसुम गर्नुपरेको एक निजी अस्पतालका सञ्चालकले बताए।

स्वास्थ्य कार्यालय कैलालीका प्रमुख रमेश कुँवरले निजी अस्पताल मापदण्डअनुरुप सञ्चालन भए-नभएको मात्र हेर्ने क्षेत्राधिकार स्वास्थ्य कार्यालयसँग रहेको बताए। निजी अस्पतालमा बिरामीको मृत्यु हुने घटनामा पैसा दिएर मिलाउने प्रवृत्ति उचित नभएको उनी बताउँछन्।

# कर्णालीमा प्रभावकारी बन्दै विपद् बिमा

नगेन्द्र उपाध्याय
सुर्खेत, साउन २४

२०८० कात्तिक १७ गते राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पले कर्णालीका १५४ नागरिकको ज्यान लियो। भूकम्पमा ज्यान गुमाएका मध्ये १५१ जनाका परिवारले प्रतिव्यक्ति दुई लाखका दरले कर्णाली प्रदेश सरकारले गरिदिएको सामूहिक दुर्घटना बिमावापत बिमा कम्पनीमार्फत राहत रकम प्राप्त गरे।

२०७९ असोज २३ गते कालिकोटको तिलागुफा नगरपालिका- ४ राँचुलीमा आएको बाढीमा परी १८ जनाले ज्यान गुमाए। तिला नदी र कुकुर खोलाको दोभानमा दाहसंस्कारमा सहभागी भएकामध्ये १३ जना बेपत्ता भए। तिलागुफा- ७ का ललितबहादुर विष्टले पहिरोमा छोरा-बुहारी, नाति-नातिनासहित पाँचजनालाई गुमाए।

परिवारका पाँचजना सदस्य गुमाएका विष्टले कर्णाली प्रदेश सरकारले गरिदिएको बिमावापत १० लाख रुपैयाँ प्राप्त गरे। ‘सरकारले हाम्रो बिमा गरिदिएको रहेछ। हामीलाई थाहा पनि थिएन’, उनले भने, ‘परिवारका सदस्य गुमाउँदाको पीडा त छँदै थियो, राहतवापत पाएको पैसाले बाँचेकाहरूका लागि जीवन निर्वाह गर्न केही सजिलो हुने भयो।’

कर्णालीमा २०७८ असोजमा ठुलो बाढीपहिरो आयो। धनजनको पनि उत्तिकै क्षति भयो। जुम्लाको कनकासुन्दरी गाउँपालिका- ५ का राजबहादुर शाहीले असोज २२ गते राति आएको बाढीपहिरोमा बुबा, भाइ-बुहारी र दुई भतिजा गुमाए। उनले पनि प्रतिव्यक्ति दुई लाखका दरले १० लाख रुपैयाँ प्राप्त गरे।

कर्णाली प्रदेश सरकारले २०७७ फागुनदेखि कर्णालीका सबै नागरिक र यहाँ कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थामा कार्यरत कर्मचारीको सामूहिक प्राकृतिक विपद् दुर्घटना बिमा गरेको छ। कर्णालीका स्थायी नागरिकसहित सरकारी तथा गैरसरकारी संस्थामा कार्यरत कर्मचारी गरेर कर्णालीमा १७ लाख ७० हजारको हाराहारीमा नागरिक रहेको अनुमान गरिन्छ। सोही अनुमानका आधारमा प्रदेश सरकारले प्रतिव्यक्ति नौ रुपैयाँ ३२ पैसा खर्चिएर कर्णालीका नागरिक र यहाँ कार्यरत कर्मचारीको वार्षिक सामूहिक प्राकृतिक विपद् दुर्घटना बिमा गर्दै आइरहेको छ। राष्ट्रिय बिमा कम्पनीसँग प्रदेश सरकारले सामूहिक प्राकृतिक बिमा गरेको छ।

हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, भूकम्प, बाढी/जलमग्न, पहिरो/जमिन धासिने, भासिने डुबान, हावाहुरी तथा आँधीबेहेरी, शीतलहर, तातो हावाको लहर, चट्याङ, आगलागी, डढेलो, जंगली जनावरको आक्रमण, भिरबाट लडेर, खोला वा नदीमा डुबी वा बगाएर भएको मृत्यु वा यस्तै अन्य प्राकृतिक विपद्मा ज्यान गुमाउने कर्णालीका नागरिकका परिवार र कर्णालीमा कार्यरत जुनसुकै जिल्लाका सरकारी कर्मचारीका परिवारले बिमावापत दुई लाख रुपैयाँ एकमुष्ट पाउने गरेर बिमा कम्पनीसँग सम्झौता गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शान्तिसुरक्षा तथा विपद् व्यवस्थापन महाशाखाका प्रशासकीय अधिकृत कमला योगीका अनुसार सामूहिक प्राकृतिक विपद् बिमा कार्यक्रम कर्णालीमा प्रभावकारी बन्दै गरेको छ। बिमावापत आर्थिक वर्ष २०७७/७८ देखि गत आर्थिक वर्षसम्म ३८१ जना मृतकका आफन्तले दुई लाखका दरले रकम बुझेका छन्।

कर्णालीमा सबैभन्दा धेरै बाढीपहिरोका कारण मानिसको मृत्यु हुने गरेको तथ्यांकले देखाउँछ। २०७९/८० मा बिमावापतको रकम पाउनेमा बाढीपहिरोमा परेर मृत्यु भएका धेरै छन्। तथ्यांकअनुसार बाढीपहिरोबाट मृत्यु भएका ५३, हिमपहिरोमा परेर मृत्यु भएका पाँच, आगलागीमा परेर मृत्यु भएका पाँच र चट्याङ लागेर मृत्यु भएका एकजनाका परिवारले बिमावापतको रकम पाएका छन्।

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०४/२५ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं विभिन्न राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसंग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिल बमोजिमको सवारी साधन, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुंदा उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आंफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस बैंकमा पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी तथा धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएकोछ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्नेछैन। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन १२:०० बजे सम्म कारोबार गरी सोही स्थानमा बोलपत्र खोलिनेछ। कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा बैंक आफैंले सकार गरिलिने समेत सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकमा उपलब्ध छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, तथा धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितोसुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

**तपसिल**

**शाखा कार्यालय : लुम्बिनी**

**ऋणीको नाम, ठेगाना**

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता रहेको **प्रजापती निर्माण सामग्री सप्लायर्स**।
प्रा.फ.र.नं. ४३९९०/०७५/७६, दर्ता मिति : २०७५/१२/२८, पान नं. ६१०५२४५२५, दर्ता मिति : २०७५/१२/२८
ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३, **प्रोप्राईटर : त्रिवेनी कोहार**

२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता कायम रहेको **विन्द्रावती कृषि फर्म**।
लघु.उ.द.नं. १६५/०७४/७५, दर्ता मिति : २०७४/०५/२५, पान नं. ६१०७५०४०९, दर्ता मिति : २०७६/०२/२१
ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३, **प्रोप्राईटर : विन्द्रावती कोहार**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. त्रिवेनी कोहार**<br>ना.प्र.नं. ४/९१३५, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०५६/०२/२५<br>बाबु : चुल्हाई कोहार, बाजे : औतार कोहार<br>ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४<br>हाल : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ | **२. विन्द्रावती कोहार**<br>ना.प्र.नं. ४/१८९८१, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६२/०३/१२<br>पति : त्रिवेनी कोहार, ससुरा : चुल्हाई कोहार<br>ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४<br>हाल : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ |
| **३. दर्शन कोहार**<br>ना.प्र.नं. ३७३०४०/१८०, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०७०/०२/३१<br>बाबु : त्रिवेनी कोहार, बाजे : चुल्हाई कोहार<br>ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४<br>हाल : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ | **४. दिलिप कोहार**<br>ना.प्र.नं. ३७-०१-७४-०७००४, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०७४/०४/२७<br>बाबु : त्रिवेनी कोहार, बाजे : चुल्हाई कोहार<br>ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४<br>हाल : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ |
| **५. सुग्रिम कोहार**<br>ना.प्र.नं. ३७-०१-७७-००६४३, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०७७/०४/१२<br>बाबु : त्रिवेनी कोहार, बाजे : चुल्हाई कोहार<br>ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ | **६. भगौती कोहार**<br>ना.प्र.नं. ३७-०१-७७-००६४४, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०७७/०४/१२<br>बाबु : त्रिवेनी कोहार, बाजे : चुल्हाई कोहार<br>ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. चुल्हाई कोहारको बुहारी, त्रिवेनी कोहारको पत्नी, रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ बस्ने विन्द्रावती कोहारको नाममा भूमि प्रशासन कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, बरगदवा गा.वि.स. वडा नं. ५ स्थित कि.नं. २९३ को क्षेत्रफल ०-१-१४-० (बि.क.धु.क.) बमोजिमको घर/जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
२. औतार कोहारको नाति, चुल्हाई कोहारको छोरा, रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ बस्ने त्रिवेनी कोहारको नाममा भूमि प्रशासन कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ स्थित कि.नं.२५९ को क्षेत्रफल ०-१-१३-० (बि.क.धु.क.) बमोजिमको घर/जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
३. औतार कोहारको नाति, चुल्हाई कोहारको छोरा, रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ३ बस्ने त्रिवेनी कोहारको नाममा भूमि प्रशासन कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, वरगदवा गा.वि.स. वडा नं. ५ स्थित कि.नं.२९४ को क्षेत्रफल ०-१-१४-० (बि.क.धु.क.) बमोजिमको घर/जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

**(उल्लेखित सम्पत्ति ऋणीहरु प्रजापती निर्माण सामग्री सप्लायर्स र विन्द्रावती कृषि फर्मको ऋणी कर्जाको लागी धितो बन्धक पारीत भएको)**

४. ऋणी प्रजापती निर्माण सामग्री सप्लायर्स र विन्द्रावती कृषि फर्मले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

**शाखा कार्यालय : बर्दिबास**

**ऋणीको नाम, ठेगाना**

१. नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता रहेको **ढुंगाना स्पेयर पार्टस**।
दर्ता नं. ४६११/१४/०७४/०७५, दर्ता मिति : २०७५/०३/१५, पान नं. ६०३१३९४९५, दर्ता मिति : २०७१/१२/२६
ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १, **प्रोप्राईटर : रन्जीत राज ढुंगाना**

**२. रन्जीत राज ढुंगाना**
ना.प्र.नं. ०४९७५१३३, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५८/०१/१७
बाबु : मोहन प्रसाद ढुंगाना, बाजे : केशव प्रसाद उपाध्याय
ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ३, हाल : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १

**ऋणी १ र २ को लागी व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. रन्जीत राज ढुंगाना**<br>ना.प्र.नं. ०४९७५१३३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५८/०१/१७<br>बाबु : मोहन प्रसाद ढुंगाना, बाजे : केशव प्रसाद उपाध्याय<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १ | **२. राधिका ढुंगाना**<br>ना.प्र.नं. ०४९२४७५३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/१०/२६<br>पति : मोहन प्रसाद उपाध्याय<br>ससुरा : केशव प्रसाद उपाध्याय<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १ |

**३. इन्दिरा खड्का**
ना.प्र.नं. १८७२२, जि.प्र.का. सिन्धुली, जारी मिति : २०५७/०९/२८
पति : रन्जीत राज ढुंगाना, ससुरा : मोहन प्रसाद उपाध्याय
ठेगाना : सिन्धुली जिल्ला, कमलामाइ वडा नं. ४, हाल : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १

**ऋणी २ को लागी व्यक्तिगत जमानतकर्ता**

**राकेश ढुंगाना**
ना.प्र.नं. १८-०५-७७-०००४१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/०३/१४
बाबु : रन्जीत राज ढुंगाना, बाजे : मोहन प्रसाद उपाध्याय
ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. केशव प्रसाद उपाध्यायको बुहारी, मोहन प्रसाद उपाध्यायको पत्नी, महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १ बस्ने राधिका ढुंगानाको नाममा भूमि प्रशासन कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता कायम भएको महोत्तरी जिल्ला, २५ नं. बहादुरगञ्ज गा.वि.स./न.पा. वडा नं. ३ ख स्थित कि.नं. ३७६७ को क्षेत्रफल ०-०-१३.२५-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
२. मोहन प्रसाद उपाध्यायको बुहारी, रन्जीत राज ढुंगानाको पत्नी, महोत्तरी जिल्ला, बर्दिबास वडा नं. १ बस्ने इन्दिरा खड्काको नाममा भूमि प्रशासन कार्यालय सिन्धुलीमा दर्ता कायम भएको सिन्धुली जिल्ला, सिद्देश्वर गा.वि.स./न.पा. वडा नं. ४ च स्थित कि.नं. २८० को क्षेत्रफल ०-३-०-० (बि.क.धु.क.) र महेन्द्र लदाभिर गा.वि.स./न.पा. वडा नं. ९ क स्थित कि.नं. १९२ को क्षेत्रफल ०-९-११-२ (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
३. ऋणी ढुंगाना स्पेयर पार्टसले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hyothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/“क” वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८३/०५/०१ सोमबार १२:०० बजे सम्म<br>सम्बन्धित शाखा कार्यालय | २०८३/०५/०१ सोमबार दिनको ३:३० बजे<br>सम्बन्धित शाखा कार्यालय |

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

## सच्याईएको सम्बन्धमा

मिति २०८३/०४/२२ मा “नागरिक” राष्ट्रिय दैनिक पत्रिकामा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना मुताविक केन्द्रिय कार्यालय कर्पोरेट शाखाको ऋणी भेन्चर वेस्ट टु इनर्जी प्रा.लि. को सूचना मुताविक शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरुको विवरणमा ३ नं. मा बिपुल राज पाण्डे हुनुपर्नेमा अन्यथा भएकोले अन्य विवरण यथावत रहने गरी सच्याईएको व्यहोरा जानकारी गराईन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

## वर्गीकृत विज्ञापन/डिस्प्ले

### राहदानी हरायो

मितिः २०८३/०३/२० झापाबाट काठमाण्डौ आउँदा नागरिकता सहित राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।
नामः सुरज चेम्जोङ्ग
राहदानी नं.: PA3318718
ठेगानाः फाल्गुनन्द-०५, पाँचथर
सम्पर्क नं.: ९७०००६४१२४

### वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र
श्याम/श्वेत प्रति बक्स
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र
*मू.अ.क. बाहेक
मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

नागरिक आर्थिक

सोमबार, २५ साउन २०८३, Monday, 10 August 2026

## बजार

सुन तोला - ३०१,७००
चाँदी तोला - ४६४५

| | विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|---|
| $ | अमेरिकी डलर - | १५२.२०४ | १५२.६४ |
| € | युरो - | १७५.७४ | १७६.४३ |
| £ | पाउन्ड स्टर्लिङ - | २०५.१३ | २०५.९४ |



### पोखराको ग्यास सकस

# ‘सहज हुँदा बेच्ने, अभावमा लुक्ने’

**सन्तोष पोखरेल**

*पोखरा, साउन २४*

कास्कीमा विभिन्न १९ वटा उद्योगले ग्यास बिक्री गर्छन्। ती मध्ये १७ वटाले मात्र नियमित ग्यास आपूर्ति गर्दै आएका छन्। पोखरामा ग्यास बिक्री गर्नेमध्ये दुईवटा उद्योग शक्ति र गृहलक्ष्मी सञ्चालन भइरहेका छन्। पछिल्लो दुई सातादेखि पोखरामा ग्यासको हाहाकार छ।

एउटा मात्र ग्यास सिलिन्डर हुने उपभोक्तालाई यतिबेला सबैभन्दा बढी सकस छ। कम आयस्रोत हुने र विद्यार्थी वर्ग यस्तो अवस्थामा सबैभन्दा बढी मर्कामा परेका छन्। जिल्ला प्रशासन कार्यालय कास्कीले ग्यासमा सबैको पहुँच पुऱ्याउने भन्दै बजार अनुगमनलाई तीव्रता पनि दिएको छ। प्रशासनले डिलरबाट सिधै उपभोक्तालाई ग्यास बेच्न नपाउने र स्थानीय पसलबाट मात्र बिक्री गर्न पाउने गरी कडाइ पनि गरेको छ। किनभने उपभोक्ता सिधै डिलरमा लाम बस्न पुग्दा पसलसम्म ग्यास पुग्नै नपाएको प्रशासनको ठहर छ। यति हुँदा पनि ग्यास अभाव कम भएको छैन।

सहज अवस्थामा विभिन्न १९ वटा कम्पनीले पोखरामा ग्यास बिक्री गर्दै आएको भए पनि दुईवटा स्थानीयबाहेक अरु कम्पनीले यो बेला पोखराका लागि पर्याप्त आपूर्ति नदिँदा पोखराको अभावलाई हटाउन नसकेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताए। उनका अनुसार पोखरामा धेरै सिलिन्डर बिक्री गर्ने केही कम्पनीले पछिल्लो समय न्यून मात्रामा आपूर्ति गर्दै आएका छन्। त्यसको मार स्थानीय उद्योगमा परेको उनले बताए। पोखरामा बढी ग्यास बिक्री गर्ने कम्पनी बाबा र नेपाल ग्यासले अहिले तुलनात्मक रूपमा कम ग्यास पठाएको उनले बताए।

‘पोखरामा मासिक ३० हजार हाराहारीमा ग्यास सिलिन्डर बिक्री गर्ने उद्योगले अहिले निकै नै कम संख्यामा पठाएको छ। त्यसले गर्दा आपूर्ति प्रभावित भएको हो’, उनले भने, ‘सहज हुँदा धेरैभन्दा धेरै ग्यास बिक्री गर्ने र असहज हुँदा आपूर्ति सहजीकरण नगर्दा यो समस्या भएको हो ।’ उनका अनुसार पोखरामा मासिक हजारौं सिलिन्डर ग्यास बिक्री गर्ने उद्योगले अहिले निकै कम संख्यामा सिलिन्डर पठाउँदा बजारको अभाव टर्न नसकेको हो। ‘अरुबेला झैं सबै कम्पनीले ग्यास पठाइदिने हो भने यहाँ अभाव हुने थिएन। केही कम्पनीले त यो बेला ग्यास नै दिएनन्। त्यसको मार उपभोक्तालाई परेको छ। कतिपयले त्यही अप्ठेरोका कारण अरु नै कम्पनीको सिलिन्डरसमेत खरिद गर्नुपरेको छ’, उनले भने, ‘सहज हुँदा पर्याप्त बेच्ने, अभावमा लुक्ने गर्दा समस्या भएको हो।’ पोखरामा ग्यास बिक्री गर्नेजति सबै कम्पनीले पर्याप्त ल्याइदिने हो भने कसैका सिलिन्डर रित्तो नरहने र अहिलेको अभाव टर्ने उनले बताए।



पोखरामा ग्यासका लागि पालो पर्खिरहेका उपभोक्ता। *तस्बिरः नागरिक*

‘बजारको मुख्य हिस्सा ओगटेको कम्पनीले नै सेवा नदिएपछि स्थानीय उद्योगमाथि दबाब परेको हो’, बरालले भने, ‘स्थानीय उद्योगले मात्र पनि मागको दबाब खेप्न नसक्ने अवस्था आएको हो ।’ पोखरामा ग्यास बेच्ने सबै कम्पनीलाई प्रशासनले आपूर्ति बढाउन ताकेता गरेको भए पनि अटेर गरेको उनले बताए। ‘स्थानीय उद्योगले अटेर गरेमा प्रहरी खटाउन पनि सकिन्छ तर बाहिरी जिल्लाबाट आपूर्ति गर्ने उद्योगले यो बेला ग्यास ल्याइदिएनन्। हामीले बारम्बार ताकेता गर्दा पनि अटेर गरेका छन्। अब सम्बन्धित जिल्ला प्रशासनमार्फत समन्वय गर्नुपर्ने अवस्था सिर्जना भएको छ’, उनले भने, ‘सहज हुँदा बजार विस्तार गर्ने तर अभाव भएका बेला लुक्ने गर्दा यो समस्या भएको हो। सहज हुँदा पर्याप्त ग्यास दिए, अहिले अभावका बेलामा सम्पर्कमै आउन चाहेनन्।’

एलपी ग्यास बिक्रेता संघ कास्कीका नारायण दाहालले पनि कतिपय कम्पनीले पोखरामा तुलनात्मक रूपमा कम आपूर्ति गर्दा अहिलेको अभाव टर्न नसकेको बताए। उनका अनुसार पोखरामा धेरै ग्यास बिक्री गर्ने बाबा कम्पनीले अहिले अरुबेलाको तुलनामा कम आपूर्ति दिएको छ। त्यस्तै नेपाल ग्यास कम्पनीले पनि थोरै मात्र ग्यास पठाएको छ।

‘सहज हुँदा ती कम्पनीले पोखरामा धेरैभन्दा धेरै सिलिन्डर ग्यास बिक्री गरे। अहिले अभावका बेला आपूर्ति कम भएकै हो’, उनले भने, ‘ती कम्पनीले पर्याप्त ग्यास पठाएको भए बजारमा अभाव हुने थिएन। उनीहरूले सहज हुँदा चाहिँ पर्याप्त ग्यास बिक्री गरे। ती कम्पनीका हजारौं सिलिन्डर अहिले खाली रहँदा अभाव निम्तिएको हो।’ बजारको मुख्य हिस्सा ओगट्ने कम्पनीले अभावका बेला आपूर्ति नदिएपछि अभाव टर्न नसकेको उनले बताए। ‘अहिले केही सहज हुँदै गएको छ। अबको एक सातामा अभाव टर्ने अपेक्षा छ’, उनले भने। पोखराकै एक ग्यास उद्योगका उच्च अधिकारीले पनि बाहिरबाट आयात गर्ने कम्पनीले यो बेला पोखराका लागि ग्यास नदिँदा त्यसको दबाव स्थानीय उद्योगमाथि परेको बताउँछन्। पोखरामा १७ वटा कम्पनीले नियमित ग्यास बिक्री गरिरहेको भएपनि सबै कम्पनीले अरु समयमा जस्तो माग अनुसार पोखरामा ग्यास नपठाएको उनले बताए।

‘सहज हुँदा पोखरामा बजार विस्तार गरेका कम्पनीले अहिले अभावका बेला ग्यास ल्याइदिएनन्’, उनले भने, ‘त्यसले गर्दा उपभोक्ताको दबाब स्थानीय दुई उद्योगमा परेको छ । १७ वटै कम्पनीले केही समयका लागि पोखरामा पर्याप्त ग्यास आपूर्ति गरिदिने हो भने अहिलेको अभाव टर्छ।’ मागेको बेला ती कम्पनीको ग्यास नपाएपछि स्थानीय उद्योगमाथि दबाब थपिएको उनले बताए। ‘अभावका बेला पनि सहजीकरण गरिदिनुपर्छ। यति ठूलो बजारमा अभाव बेला आपूर्ति घटाएरभन्दा पनि सहज बनाउने हो। सहज हुँदा मात्र सेवा दिएर हुँदैन, अभावमा पनि सहजीकरण गर्नुपर्छ’, उनले भने।

पोखरा क्षेत्रमा गृहलक्ष्मी र शक्ति कम्पनीले लेखनाथ क्षेत्रमा आफ्नै प्लान्टमार्फत ग्यास भरेर बजारमा पठाउँछन्। यीबाहेक अरु कम्पनीले पनि पोखरामा ग्यास बिक्री गर्छन्। पोखरामा हिउँदमा मासिक डेढ लाख र गर्मीको बेला मासिक एक लाख ४० हजार हाराहारी ग्यास सिलिन्डर खपत हुन्छ।

## कालो बजारीको आशंकामा ग्यास डिलरमा प्रशासनको अनुगमन

**महेश्वर चामलिङ राई**

*उदयपुर, साउन २४*

उपभोक्ताले ग्यास लुकाएको तथा कालोबजारी गरेको जनगुनासो गरेपछि जिल्लाका सबैजसो डिलरमा प्रशासनले अनुगमन गर्न थालेको छ। हप्तौंअघि कुपन लिएर पर्खंदा र घण्टौं लाइनमा बस्दा पनि ग्यास नपाएका उपभोक्ताले ग्यासको समान वितरण नभएको गुनासो गरेपछि प्रशासनले अनुगमन थालेको हो।

सहायक प्रमुख जिल्ला अधिकारी संयोजकत्वको जिल्ला अनुगमन टोलीले सदरमुकाम गाईघाट, बोक्से, मोतिगडा, देउरी, जलजले, राजाबास र चुहाडेक्षेत्रका सबै डिलरमा अनुगमन थालेको हो । शनिबार बिहानदेखि अनुगमन थालेको टोलीले दिउँसोसम्म लगाएर डिलर चहार्दै अनुगमन थाले को प्रशासनले जनाएको छ। प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्राँतीका अनुसार उपभोक्तालाई समान र व्यवस्थित रूपमा ग्यास वितरण सहज बनाउन सबै ग्यास डिलरको अनुगमन थालिएको हो । एक महिना यता ग्यासको हाहाकार भइरहेको अवस्थामा उपभोक्ताले कुपन काटेर हप्तौं पर्खदा र घण्टौं लाइन बस्दा पनि ग्यास नपाइरहेको जनगुनोका आधारमा माथिल्लो निकायकै निर्देशनमा अनुगमन कार्य थालिएको सिडिओ मग्राँतीले बताए।

प्रशासन, प्रहरी, घरेलु, स्थानीय सरकार र उद्योग बाणिज्य संघसंगठनका प्रतिनिधि सम्मिलित टोलीले गरेको अनुगमनमा कुनै पनि डिलरमा कैफियत भने नभेटेको जनाइएको छ। पहिलो दिनको अनुगमनमा कालो बजारी गरेको, ग्यास लुकाएको, तौल घटीबढी भएको वा बढी मूल्य लिएकोजस्ता कैफियत केही नभेटिएको मग्राँतीले बताए । ‘उपभोक्तामा ग्यासको हाहाकार भइरहेको जनगुनासो आएको भन्दै हामीलाई माथिबाटै नियमन गर्ने आदेश आएबमोजिम अनुगमन थालेका हौं, ’सिडिओ मग्राँतीले भने, ‘सदरमुकाममा मात्र नभएर जिल्लाका सबै स्थानीयतह र बजारका डिलरमा अनुगमन कार्य थालेका हौं।’

प्रशासनले गाईघाटबाहेक कटारी, बेलका, चौदण्डीगढी नगरपालिकाका विभिन्न बजारहरूमा पनि अनुगमन कार्यलाई तीव्रता दिएको जनाएको छ।


## लक्ष्मी सन्‌राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०४/२५**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्यौंट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको

सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ । उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

### ऋणी तथा जमानतकर्ताको विवरण

**शाखा कार्यालय : विराटचोक, मोरङ्ग**

**१. ऋणीको नाम :** पदम बहादुर राईको नाति, थाम बहादुर राईको छोरा, खोटाङ्ग जिल्ला, वाकसिला गा.वि.स. वडा नं. १ भई हाल मोरङ्ग जिल्ला बेलवारी न.पा./गा.पा. वडा नं. ११ बस्ने **संजिव राई** (ना.प्र.नं. १३८८८, जि.प्र.का. खोटाङ्ग, जारी मिति २०६०/०९/१०) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** लाक्पादिकी शेर्पाको छोरी, थाम बहादुर राईको बुहारी, संजिव राईको पत्नी, सोलुखुम्बु जिल्ला, चौरीखर्क गा.वि.स. वडा नं. ५ भई हाल मोरङ्ग जिल्ला, बेलवारी न.पा. वडा नं. ११ बस्ने **डिम डोमा शेर्पा** (ना.प्र.नं. ११३००३/१५२, जि.प्र.का. सोलुखुम्बु, जारी मिति २०६३/११/२२) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता डिम डोमा शेर्पा**को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, डाँगीहाट गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४ क स्थित कित्ता नं. १६७० को क्षेत्रफल ०-०-१९-२ (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थान विभाग, वाणिज्य कार्यालय विराटनगरमा दर्ता नं. २५६४३/०७०/०७१, मिति २०७०/०५/०९ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय विराटनगर, पान नं. ६०१३२४८३१ भएको मोरङ्ग जिल्ला, डाँगीहाट न.पा. वडा नं. ९ स्थित **जीवन किराना पसल** ।

**प्रोप्राइटर तथा धितो जमानतकर्ता :** अकलु चौधरीको बुहारी, कलरु चौधरीको छोरी, शिव नारायण चौधरीको पत्नी, मोरङ्ग जिल्ला, डाँगीहाट गा.वि.स. वडा नं. ९ भई हाल बेलवारी न.पा. वडा नं. ९ बस्ने **पोकली चौधरी** (ना.प्र.नं. ६९५/२५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/०१/२६) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** विहारी चौधरीको नाति, अकलु चौधरीको छोरा, मोरङ्ग जिल्ला, बाहुनी न.पा वडा नं. १ भई हाल बेलबारी न.पा. वडा नं. ९ बस्ने **शिव नारायण चौधरी** (ना.प्र.नं. २०/०४४-४५/७१०, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४४/११/१३) ।

**ख.** अकलु चौधरीको नाति, शिव नारायण चौधरीको छोरा, मोरङ्ग जिल्ला, डाँगीहाट गा.वि.स. वडा नं. ९ भई हाल बेलवारी न.पा. वडा नं. ९ बस्ने **जीवन कुमार चौधरी** (ना.प्र.नं. १६१४८, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६०/१२/१२) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता पोकली चौधरी**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, डाँगीहाट गा.वि.स./न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ क स्थित कित्ता नं. २०९३ को क्षेत्रफल ०-०-१४-१ (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**शाखा कार्यालय : तिनपैनी, मोरङ**

**ऋणीको नाम :** औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम श्री ५ को सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योगको कार्यालय, विराटनगर, मोरडमा दर्ता नं. ४६०९/०५४/०५५, मिति २०५५/०२/२८ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय बिराटनगर, पान नं. ३०००६८८८९ भएको मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १५ स्थित **बि.आर. ड्रिलिङ्ग सेवा** ।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता :** एकनाथ बरालको नाति, उध्दब प्रसाद बरालको छोरा, मोरङ्ग जिल्ला, बिराटनगर न.पा. वडा नं. १५ भई हाल विराटनगर म.न.पा. वडा नं. १२ बस्ने **बिनोद बराल** (ना.प्र.नं. १/२२९१, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४५/०१/०८) ।

**व्यक्तिगत जमानतकर्ता :** उध्दब प्रसाद बरालको बुहारी, बिनोद बरालको पत्नी, भानुभक्त घिमीरेको छोरी, मोरङ्ग जिल्ला, विराटनगर न.पा. वडा नं. ४ भई हाल विराटनगर म.न.पा. वडा नं. १२ बस्ने **सुश्री रमना घिमीरे** (ना.प्र.नं. ११४४७, जि.प्र.का. मोरङ्ग, जारी मिति २०५१/०१/०४) ।

**धितो सुरक्षणको विवरण :** यस बैंकको नाममा दर्ता कायम रही **ऋणी बि.आर. ड्रिलिङ्ग सेवा** जनिएको Isuzu S-CAB मोडेलको च्यासिस नं. M3GTFR54JHB000217 इन्जिन नं. A1K752 भएको सवारी दर्ता नं. बा २० च ८९ को निजी सवारी साधन थान १ ।

**शाखा कार्यालय : मन्थली, रामेछाप**

**ऋणीको नाम :** राम बहादुर बस्नेतको छोरी, नर बहादुर कार्कीको बुहारी, कमल बहादुर कार्कीको पत्नी, रामेछाप जिल्ला, सुकाजोर गा.वि.स. वडा नं. ३ भई हाल रामेछाप न.पा. वडा नं. ७ बस्ने **धनमाया कार्की** (ना.प्र.नं. ११३, जि.प्र.का. रामेछाप, जारी मिति २०६१/०१/१८) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** दल बहादुर कार्कीको नाति, नर बहादुर कार्कीको छोरा, रामेछाप जिल्ला, सुकाजोर गा.वि.स. वडा नं. ३ भई हाल रामेछाप न.पा. वडा नं. ७ बस्ने **कमल बहादुर कार्की** (ना.प्र.नं. ५८७६४, जि.प्र.का. रामेछाप, जारी मिति २०५९/१०/१०) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता कमल बहादुर कार्की**को नाममा मालपोत कार्यालय मन्थली, रामेछापको लगतमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला, सुकाजोर गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २ झ स्थित कित्ता नं. १०१ को क्षेत्रफल ११-५-०-३ (रोपनी) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### ऋणी तथा जमानतकर्ताको विवरण

**शाखा कार्यालय : इटहरी, सुनसरी**

**ऋणीको नाम :** मनु धामीको नाति, दुलुराज धामीको छोरा, सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ४ भई हाल रामधुनी न.पा. वडा नं. ६ बस्ने **संदिप धामी** (ना.प्र.नं. ०६३०३२/७६, जि.प्र.का सुनसरी, जारी मिति २०७०/०२/०९) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** मुखीलाल धामीको नातिनी ,पट्टराम धामीको छोरी, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स. वडा नं. ६ भई हाल रामधुनी न.पा. वडा नं. ६ बस्ने **शर्मिला राजधामी** (ना.प्र.नं. ११०३१६/२१०३१६, जि.प्र.का. सुनसरी, जारी मिति २०६३/०३/०२) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** दुलुराज धामीको बुहारी, पट्टराम धामीको छोरी, संदिप धामीको पत्नी, सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ५ बस्ने **पुणम कुमारी धामी** (ना.प्र.नं. ०६-१३-७५-०००५१, जि.प्र.का. सुनसरी, जारी मिति २०७५/०९/१३) ।

**ख.** मुखिलाल धामीको नाति, पट्टराम धामीको छोरा, सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ६ बस्ने **अनिश राजधामी** (ना.प्र.नं. ०६-०१-७५-०३३०७, जि.प्र.का. सुनसरी, जारी मिति २०७५/०३/१७) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता शर्मिला राजधामी**को नाममा मालपोत कार्यालय सुनसरी, इनरुवाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, वक्लौरी गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६ ख स्थित कित्ता नं. २०२० को क्षेत्रफल ०-०-१० (विगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : दुहवी, सुनसरी**

**१. संयुक्त ऋणीको नाम :**

**क.** चेरु माझीको नाति, परसुराम माझी थारुको छोरा, मोरङ्ग जिल्ला, शिशवनी वडहरा गा.वि.स. वडा नं. ३ भई हाल बुढीगंगा गा.पा. वडा नं. ७ बस्ने **श्रवण कुमार माझी** (ना.प्र.नं. ६/१०९६७, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६६/०२/१४) ।

**ख.** चेरु माझीको बुहारी, पर्शुराम माझीको पत्नी, भुटाई चौधरीको छोरी, मोरङ्ग जिल्ला, शिशवनी वडहरा गा.वि.स. वडा नं. ३ भई हाल बुढीगंगा गा.पा. वडा नं. ७ बस्ने **फुदीया थरुनी** (ना.प्र.नं. १५६०/३१, जि.प्र.का. मोरङ्ग, जारी मिति २०४६/०१/२६) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** परसुराम माझी थारुको बुहारी, श्रवण कुमार माझीको पत्नी, लगनधर विश्वासको छोरी, मोरङ्ग जिल्ला, शिशवनी वडहरा गा.वि.स. वडा नं. २ भई हाल बुढीगंगा गा.पा. वडा नं. ७ बस्ने **मनिषा कुमारी विश्वास** (ना.प्र.नं. ६/८७४६ जि.प्र.का. मोरङ्ग, जारी मिति २०६५/०४/१३) ।

**ख.** चेरु माझीको नाति, परसुराम माझी थारुको छोरा, मोरङ्ग जिल्ला, शिशवनी वडहरा गा.वि.स. वडा नं. ३ भई हाल बुढीगंगा गा.पा. वडा नं. ७ बस्ने **वरुण कुमार माझी** (ना.प्र.नं. ६-२०२५, जि.प्र.का. मोरङ्ग, जारी मिति २०६२/०२/३०) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता फुदीया थरुनी**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, सिसवनी वडहरा गा.वि.स./न.पा वडा नं. ३, नक्सा सिट नं. ३/क स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-६-१४-० (बिगाह) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : चरिकोट, दोलखा**

**ऋणीको नाम :** खडानन्द रिमालको नाति, भगीरथ रिमालको छोरा, दोलखा जिल्ला, नाम्दु गा.वि.स. वडा नं. ५ भई हाल बैतेश्वर गा.पा. वडा नं. ७ बस्ने **कृष्ण प्रसाद रिमाल** (ना.प्र.नं. १३५०, जि.प्र.का. दोलखा, जारी मिति २०४५/०२/३२) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** भगीरथ रिमालको नाति, कृष्ण प्रसाद रिमालको छोरा, दोलखा जिल्ला, नाम्दु गा.वि.स. वडा नं. ५ भई हाल बैतेश्वर गा.पा. वडा नं. ७ बस्ने **दुर्गा प्रसाद रिमाल** (ना.प्र.नं. ३७०३१, जि.प्र.का. दोलखा, जारी मिति २०६१/०७/१३) ।

**ख.** भगीरथ रिमालको बुहारी, कृष्ण प्रसाद रिमालको पत्नी, दोलखा जिल्ला, नाम्दु गा.वि.स. वडा नं. ५ भई हाल बैतेश्वर गा.पा. वडा नं. ७ बस्ने **संगिता रिमाल** (ना.प्र.नं. ३५२०/१४६५, जि.प्र.का. दोलखा, जारी मिति २०५०/०५/१६) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता कृष्ण प्रसाद रिमाल**को नाममा मालपोत कार्यालय दोलखाको लगतमा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला, नाम्दु गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ७५१ को क्षेत्रफल ११० (व.मी.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### ऋणी तथा जमानतकर्ताको विवरण

**शाखा कार्यालय : बर्दिवास, महोत्तरी**

**ऋणीको नाम :** वहादुर सिंह योन्जनको नाति, आइते सिंह योन्जनको छोरा, महोत्तरी जिल्ला, बर्दिवास न.पा./गा.पा. वडा नं. ५ बस्ने **सोम बहादुर योन्जन** (ना.प्र.नं. ०४९२७३९९, जि.प्र.का. महोत्तरी, जारी मिति २०६१/११/२६) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** विर्खु सिंह योन्जनको नाति, बहादुर सिंह योन्जनको छोरा, महोत्तरी जिल्ला, माईस्थान न.पा./गा.वि.स. वडा नं. ८ भई हाल बर्दिवास न.पा. वडा नं. ५ बस्ने **आइते सिंह योन्जन** (ना.प्र.नं. ०४९२२५२६, जि.प्र.का. महोत्तरी, जारी मिति २०४५/०१/१४) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** आइते सिंह योन्जनको नाति, सोम वहादुर योन्जनको छोरा, महोत्तरी जिल्ला, बर्दिवास न.पा./गा.वि.स. वडा नं. ५ भई हाल बर्दिवास न.पा. वडा नं. ५ बस्ने **विरवल योन्जन** (ना.प्र.नं. १८-०५-७५-००१७४, जि.प्र.का. महोत्तरी, जारी मिति २०७५/०२/०१) ।

**ख.** आइते सिंह योन्जनको नाति, सोम वहादुर योन्जनको छोरा, महोत्तरी जिल्ला, बर्दिवास न.पा./गा.वि.स. वडा नं. ५ भई हाल बर्दिवास न.पा. वडा नं. ५ बस्ने **विवेक योन्जन** (ना.प्र.नं. १८-०५-७७-००७३७, जि.प्र.का. महोत्तरी, जारी मिति २०७७/०८/२९) ।

**ग.** आइते सिंह योन्जनको बुहारी, सोम वहादुर योन्जनको पत्नी, महोत्तरी जिल्ला, माईस्थान न.पा./गा.वि.स. वडा नं. ६ भई हाल बर्दिवास न.पा. वडा नं. ५ बस्ने **चमाया योन्जन** (ना.प्र.नं. १८३०७६/११३९, जि.प्र.का. महोत्तरी, जारी मिति २०६३/११/०८) ।

**घ.** बहादुर सिंह योन्जनको बुहारी, आइते सिंह योन्जनको पत्नी, महोत्तरी जिल्ला, माईस्थान न.पा./गा.वि.स. वडा नं. ८ भई हाल बर्दिवास न.पा. वडा नं. ५ बस्ने **लंका माया** (ना.प्र.नं. ०४९२२५२०, जि.प्र.का. महोत्तरी, जारी मिति २०४५/०१/१४) ।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता आइते सिंह योन्जन**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८ छ स्थित कित्ता नं. १०४ को क्षेत्रफल १-६-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : भद्रपुर, झापा**

**१. ऋणीको नाम :** मानविर थापाको नाति, धन बहादुर थापाको छोरा, इलाम जिल्ला, प्याङ्ग गा.वि.स. वडा नं. १ भई हाल झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ६ बस्ने **सोम बहादुर थापा** (ना.प्र.नं. ७२६/६४४, जि.प्र.का. इलाम, जारी मिति २०४४/१०/२९) ।

**व्यक्तिगत जमानतकर्ता :** ईन्द्र बहादुर थापाको छोरी, धन बहादुर थापाको बुहारी, सोम बहादुर थापाको पत्नी, इलाम जिल्ला, गोदक गा.वि.स. वडा नं. १ भई हाल झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ६ बस्ने **यदु कुमारी थापा** (ना.प्र.न. २५७१, जि.प्र.का. इलाम, जारी मिति २०५५/०३/१८) ।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता सोम बहादुर थापा**को नाममा मालपोत कार्यालय झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ७, नक्सा सिट नं. १८००३६७२३ स्थित कित्ता नं. ४ को क्षेत्रफल २८२.८१ (व.मि.) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** निजी तथा सझेदारी फर्म दर्ता ऐन/अध्यादेश, २०७७ बमोजिम प्रदेश सरकार, प्रदेश न. १ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निदेशनालाय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुरमा दर्ता नं. ६५२-१६७८५, मिति २०७८/०७/०३ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर, पान नं. १२२२२२०२९ भएको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ८ स्थित **दोनयन बुक्स एण्ड स्टेसनरी पसल** ।

**प्रोप्राइटरको विवरण :** ईन्द्र बहादुर थापाको छोरी, धन बहादुर थापाकाको बुहारी, सोम बहादुर थापाको पत्नी, इलाम जिल्ला, गोदक गा.वि.स. वडा नं. १ भई हाल झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ६ बस्ने **यदु कुमारी थापा** (ना.प्र.नं. २५७१, जि.प्र.का. इलाम मिति २०५५/०३/१८) ।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** मानविर थापाको नाति, धन बहादुर थापाको छोरा, इलाम जिल्ला, प्याङ्ग गा.वि.स. वडा नं. १ भई हाल झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ६ बस्ने **सोम बहादुर थापा** (ना.प्र.नं. ७२६/६४४, जि.प्र.का. इलाम, जारी मिति २०४४/१०/२९) ।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता सोम बहादुर थापा**को नाममा मालपोत कार्यालय झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ७, नक्सा सिट नं. १८००३६७२३ स्थित कित्ता नं. ४ को क्षेत्रफल २८२.८१ (व.मि.) भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु ।

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो । जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका १० वर्ष

# ३९ अर्ब ५८ करोड खर्च
# २३ लाख बढी रोजगारी सिर्जना

वसन्त ढुंगाना

*चितवन, साउन २४*

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइले स्थापनाको १० वर्षमा वित्तीय प्रगति ७०.२५ प्रतिशत हासिल गरेको जनाएको छ। यो अवधिमा सरकारबाट ५६ अर्ब ३५ करोड ९२ लाख ३२ हजार रुपैयाँ विनियोजन गरिएकोमा ३९ अर्ब ५८ करोड ८० लाख ९० हजार रुपैयाँ खर्च भएको छ।

१० वर्षअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नामबाट सञ्चालित यस कार्यालयले कृषि क्षेत्रको आधुनिकीकरणसँगै २३ लाख ८३ हजारभन्दा बढीलाई प्रत्यक्ष तथा आंशिक रोजगारी सिर्जना गरेको दाबी गरेको छ।

कृषिमा आधारित अर्थतन्त्रलाई आधुनिक, व्यावसायिक, दिगो तथा आत्मनिर्भर कृषि प्रणालीमार्फत कृषिजन्य उद्योगमा रूपान्तरण गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको कार्यक्रमले हालसम्म आंशिक रूपमा २१ लाख ४८ हजार ६० ९ र पूर्णकालीन रूपमा दुई लाख ३४ हजार ५७५ जनालाई रोजगारी उपलब्ध गराएको जानकारी कार्यक्रम निर्देशक हिक्मतकुमार श्रेष्ठले दिए। उनका अनुसार कुल रोजगारी संख्या २३ लाख ८३ हजार १८४ पुगेको छ। कार्यक्रमले हालसम्म २१ वटा सुपरजोन, २०६ जोन, एक हजार ६९९ ब्लक र नौ हजार ३९३ पकेट क्षेत्रमार्फत कृषि उत्पादन तथा व्यवसायीकरणलाई विस्तार गरेको जनाएको छ।

कार्यक्रमले खाद्य तथा पोषण सुरक्षाका लागि धान, गहुँ, तरकारी, आलु, दलहन, तेलहन, दूध र मासुलाई प्राथमिकतामा राखेको छ भने आयात प्रतिस्थापनका लागि मकै, सुन्तला जातका फलफूल, स्याउ, ओखर, केरा, आँप र माछा उत्पादनलाई प्रवर्धन गरेको जनाएको छ। त्यसैगरी कफी, अलैंची, अदुवा, बेसार र मौरीपालनलाई निर्यातमुखी बालीका रूपमा विकास गरिएको जानकारी कार्यक्रम निर्देशक श्रेष्ठले दिए।

आर्थिक वर्ष २०७३/७४ देखि सुरु भएको परियोजनाले आर्थिक वर्ष २०८१/८२ सम्म १६ लाख ५९ हजार ४५५ जना लाभान्वित भएका थिए भने चालु आर्थिक वर्ष २०८२/८३ मा थप एक लाख ५७ हजार ३५२ जना लाभान्वित भएसँगै कुल लाभान्वित जनसंख्या १८ लाख १६ हजार ८०७ पुगेको छ।

कार्यक्रमअन्तर्गत नौ हजार २३६ हेक्टर क्षेत्रमा चक्लाबन्दी खेती विस्तार गरिएको छ। आधुनिक कृषि प्रविधिको प्रयोगमार्फत खाद्यान्न बालीको क्षेत्र विस्तार २५ हजार ९०९ हेक्टर, चैते धान २३ हजार ६४८ हेक्टर, फलफूल १० हजार ७५२ हेक्टर, तरकारी सात हजार ४० हेक्टर तथा आलुको चार हजार ६१ हेक्टर क्षेत्रमा प्रविधि विस्तार गरिएको कार्यालयले जनाएको छ। कृषि यान्त्रीकरणतर्फ ७६ हजार २४ वटा साना तथा आधुनिक कृषि उपकरण वितरण गरिएको छ भने ६२६ वटा कस्टम हायरिङ सेन्टर स्थापना गरी कृषकलाई सहज रूपमा कृषि मेसिन प्रयोग गर्ने व्यवस्था गरिएको छ। यसबाट उत्पादन लागत २५ देखि ३५ प्रतिशतसम्म घटेको कार्यक्रमको दाबी छ।

प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीअन्तर्गत ४३ हजार ४६३ हेक्टर क्षेत्रको उत्पादनलाई अनुदानसँग आबद्ध गरिएको छ। खाद्य गुणस्तर सुधारका लागि दुईवटा खाद्य परीक्षण भ्यान सञ्चालनमा ल्याइएको छ भने ८१ वटा जीवित माछा बिक्री कक्ष स्थापना गरिएको बताइएको छ। मह, अलैंची तथा मसला बालीको उत्पादन, प्रशोधन, ब्रान्डिङ र बजारीकरणमा समेत कार्यक्रमले सहयोग पुर्‍याएको जनाएको छ। संरक्षित खेती प्रवर्धनका लागि एक हजार ६१४ वटा प्लास्टिक घर, उच्च प्रविधियुक्त ग्रीनहाउस, थोपा सिँचाइ, सोलार ड्रायर, बोरिङ तथा प्लास्टिक मल्चिङजस्ता प्रविधि विस्तार गरिएको छ। त्यस्तै कृषि पूर्वाधार विकासअन्तर्गत १०० वटा बिउ स्रोत केन्द्र, ३०६ संकलन केन्द्र, ६३ भण्डारण गृह, १०४ कोल्डरुम र २२ सोलार स्टोर स्थापना भएका छन्।

प्राथमिक प्रशोधन उद्योग २१६, आलु चिप्स उद्योग १४, सुधारिएको अलैंची भट्टी ९९९, केरा राइपेनिङ च्याम्बर २४, १४० वटा ढुवानी साधनमार्फत कृषि उत्पादनको प्रशोधन र बजारीकरणलाई समेत कार्यक्रमले प्राथमिकतामा राखेको छ।

कृषि अनुसन्धान, शिक्षा तथा विस्तार सेवातर्फ कार्यक्रमले चार हजार दुई जना कृषि स्नातक इन्टर्नलाई प्रत्यक्ष सेवामा परिचालन गरेको जनाएको छ। साथै ३५० प्राविधिक शिक्षालयसँगको सहकार्यमा सञ्चालन गरिएको 'सिक्दै कमाउँदै' कार्यक्रममा १६ हजार ४१९ विद्यार्थी सहभागी रहेका छन्। समीक्षा गोष्ठीमा बोल्दै कृषि, पशुपन्छी तथा वातावरणमन्त्री गीता चौधरीले अन्य परियोजनाको तुलनामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको कार्यसम्पादन सन्तोषजनक रहेको बताइन्। कार्यक्रमले कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान दिएको उनले उल्लेख गरिन्।

'तरकारी, केरा, सुन्तलाजातका फलफूल माछा लगायतका कृषि उपजको आयात प्रतिस्थापन तथा अलैंची, मसलालगायतका निर्यातमुखी बालीको प्रवर्धनमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले उल्लेखनीय योगदान पुर्‍याएको छ' उनले भनिन्, 'प्रगति ७० प्रतिशतमाथि हुनु सन्तोषजनक हो।' उनले आगामी दिनमा कृषि प्रविधि हस्तान्तरण र प्राविधिक सेवा विस्तारलाई थप प्रभावकारी बनाउन कार्यक्रममार्फत आवश्यक जनशक्ति परिचालन गरिने जानकारी दिइन्। अनुसन्धान, शिक्षा र कृषि विस्तारबीचको समन्वयलाई सुदृढ बनाउन राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र विश्वविद्यालयबीचको त्रिपक्षीय सहकार्यलाई थप मजबुत बनाइने उनको भनाइ थियो।

# पोखरामा बिवाइडीको सुविधायुक्त सर्भिस सेन्टर

पोखरा, साउन २४ (नागरिक)- पोखरा महानगरपालिका-१०, बुद्धचोकमा बिवाइडीको नयाँ सर्भिस सेन्टर सञ्चालनमा आएको छ। सर्भिस सेन्टरसँगै बिवाइडीको थ्री एस (सेल्स, सर्भिस तथा स्पेयर पार्ट्स) सुविधा पनि त्यही सर्भिस सेन्टरमा उपलब्ध हुने कम्पनीले बताएको छ।

बिवाइडी अटो इन्डष्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इंक प्रालिले आधिकारिक डिलर फ्ल्यास मोबिलिटी प्रालिमार्फत पोखरामा बिवाइडीको आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको हो। यसले गण्डकी प्रदेश तथा आसपासका क्षेत्रका बिवाइडी ग्राहकलाई अझ सहज, भरपर्दो र बिक्रीपछिको स्तरीय सेवा उपलब्ध गराएर अपनत्वको अनुभूति गराउने कम्पनीको भनाइ छ।

उक्त सर्भिस सेन्टरको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गरे। बिवाइडीले नेपालभर आफ्नो बिक्रीपछिको सेवा सञ्जाल तीव्र रूपमा विस्तार गरिरहेको अवस्थामा पोखरामा आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएर सेवा प्रवाहलाई अझ प्रभावकारी बनाएको कम्पनीले बताएको छ। ग्राहकलाई सवारी बिक्रीपछि पनि उच्चतम सेवा प्रदान गर्ने कम्पनीको भनाइ छ। यसअघि पोखराका बिवाइडी ग्राहकले कम्पनीबाट तालिमप्राप्त थर्ड पार्टी सर्भिस पार्टनरमार्फत बिक्रीपछिको सेवा प्राप्त गर्दै आएका थिए। अब भने आधिकारिक बिवाइडी सर्भिस सेन्टर सञ्चालनमा आएसँगै ग्राहकले बिवाइडीकै आधिकारिक सेवा सञ्जालमार्फत अत्याधुनिक प्राविधिक सेवा, स्पेयर पार्ट्स, विशेष उपकरण तथा कम्पनीबाट तालिमप्राप्त प्राविधिकको सेवा प्राप्त गर्न सक्नेछन्।

---

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA — एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गारिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १ | **१) ऋणी फर्म : बुद्ध एग्रो इण्डष्ट्रिज, प्रोप्राईटर तथा जमानीकर्ता : भुवन कुमार कान्दु** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा प्रा.फ.नं.घ.उ.का ८७४८/०६९/७०, दर्ता मिति : २०६९/०४/०३, ठेगाना : जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ६ | |
| | **जमानीकर्ताहरु :** १) भुवन कुमार कान्दु २) शुशिला देवी कान्दु ३) नितिन कुमार कान्दु | |
| | **२) ऋणी : भुवन कुमार कान्दु** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर नगर पंचायत वडा नं. ६, हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६, बाबु : रामशंकर कान्दु, बाजे : श्रीराम कान्दु | |
| | **जमानीकर्ताहरु :** १) शुशिला देवी कान्दु २) नितिन कुमार कान्दु | |
| | **धितोको विवरण** | |
| | १) श्रीराम गुप्ताकी छोरी, रामशंकर कान्दुकी बुहारी, भुवन कुमार कान्दुकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगर/गाँउ पंचायत वडा नं. ६ स्थायी ठेगाना भइ हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ मा बस्ने **शुशिला देवी कान्दु**को नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ४/ख (हाल: सिद्धार्थनगर न.पा वडा नं. ४) स्थित कित्ता नं. १०६७ को क्षेत्रफल ०-८-४.५०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । **२) बुद्ध एग्रो इण्डष्ट्रिजको** स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map |

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गारिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गारिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गारि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गारि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गारि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गारि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गारिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

---

## एभरेष्ट बैंक लिमिटेडको
## सूची दर्ता गर्ने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२५ गते)**

यस बैंकलाई आर्थिक वर्ष २०८३/०८४ र २०८४/०८५ का लागि आवश्यक पर्ने तपसिलमा उल्लेख भए बमोजिमका वस्तु तथा सेवाहरु उपलब्ध गराउन ईच्छुक नेपाल राज्य भित्र दर्ता कायम रहेका फर्म/कम्पनीहरुबाट फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आयकर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र तथा कम्तीमा आ.व.२०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस विभागमा आईपुग्ने गरी सूची दर्ताका लागि आवेदन आह्वान गरिएको छ।

**समूह कः छपाई तथा मसलन्द**

१. MICR Cheques, EBL Local Drafts, Dividend Warrants, Government Cheques, Fixed Deposit Receipts, Bi.Bi.Ni.-4 etc. तथा सो सँग सम्बन्धित मसलन्द छपाई एवं आपूर्ति सम्बन्धी कार्यहरु।
२. सामान्य स्टेशनरी तथा मसलन्द खसामानहरु।
३. छपाई एवं आपूर्ति सम्बन्धी कार्यहरु।
४. कम्प्यूटर पेपरहरु (१ प्लाई, २ प्लाई, स्टेटमेन्ट पेपरहरु आदि)।
५. प्रिन्टर रिवन, टोनर, कार्टेज लगायत रिफिलिङ सम्बन्धी सेवाहरु।
६. फ्लेक्स, ग्लोसाईन बोर्ड तथा होर्डिङ्ग बोर्ड आपूर्ति एवं मर्मत सम्भार सम्बन्धी कार्यहरु।
७. Card Pin mailer Paper, ATM Journal Paper & Receipt Paper Roll, ATM Card, ATM Card Cover etc.
८. ID Card Printing.
९. Polythene Envelopes for card/ pin mailer.
१०. अन्य विविध।

**समूह खः परामर्श सेवाहरु**

१. सूचना प्रविधि परामर्श सेवाहरु।
२. सिभिल तथा इन्टेरियर निमार्ण कार्यसम्बन्धी परामर्श सेवाहरु।

**समूह गः कार्यालय उपकरणहरु**

१. जेनेरेटर तथा ब्याट्री, एयर कन्डिसनर, स्टेबिलाईजर, नोट काउन्टीङ्ग मेसिन, Transformer, Note Binding Machine, Queue Management System, Note Sorting Machine, चेक राईटर, फोटोकपि मेसिन, फ्याक्स मेसिन, Biometric Attendance Device & Biometric Door Access Control Device आपूर्ति एवं वार्षिक मर्मत सम्झौता सम्बन्धी सेवाहरु।
२. CCTV System, Security Alarm, Fire Extinguisher, Fire Alarm Control Panel, Firefighting System, Fake Note Detector, Smoke Detector, Paper Shredder, EPABX System, Telephone Set etc. आपूर्ति एवं वार्षिक मर्मत सम्झौता सम्बन्धी सेवाहरु।
३. अन्य विविध।

**समूह घः कम्प्यूटर सम्बन्धी उपकरणहरु**

१. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, यू.पि.एस तथा ब्याट्री, प्रोजेक्टर, स्क्यानर आपूर्ति एवं वार्षिक मर्मत सम्झौता सम्बन्धी सेवाहरु।
२. Access Control System, Intel/RISC based servers, A3/A4 size Flat Bed scanner, A4 Duplex Scanners, Firewall, Routers, Storage Devices (Hard Disks, DDS/LTO Tapes, Terra Station), Network Access Storages, Network Switch, Patch Panel, Network Cable and accessories, Other Computer accessories (mouse, keyboards, data cables, power cable, monitors, memory chips, PCBs, Power supply unit etc.)
३. एटिएम मेसिन, Cash Deposit Machine, Cheque Clearing Machine/ POS Device/ QR Standee/ QR Sound Box आपूर्ति एवं वार्षिक मर्मत सम्झौता सम्बन्धी सेवाहरु।
४. अन्य विविध।

**समूह ङः फर्निचर/फर्निसिङ तथा ईलेक्ट्रीफिकेसन**

१. काठ तथा धातुजन्य फर्निचर सामाग्रीहरु।
२. फ्लोरिङ एवं फर्निसिङ सम्बन्धी कार्यहरु।
३. ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक्स सामानहरु तथा ईलेक्ट्रिफिकेसन सम्बन्धी कार्यहरु।
४. अन्य विविध।

**समूह चः आन्तरिक सजावट तथा आन्तरिक निमार्ण सम्बन्धी**

१. नयाँ भवन, नयाँ शाखा र renovation कार्य आदिको लागि आवयश्यक सिभिल, आन्तरिक निमार्ण र आन्तरिक सजावट सम्बन्धी ठेक्का कार्य र सेवाहरु।

**समूह चः मर्मत र रखरखाव**

१. कम्प्यूटर हार्डवेयर सम्बन्धी उपकरणहरु।
२. कार्यालयका विभिन्न काठ तथा धातुजन्य फर्निचर सामाग्रीहरु।
३. कार्यालयका विधुतिय उपकरणहरु।
४. प्लम्बिङ तथा सरसफाई सम्बन्धी सामाग्रीहरु।
५. रंगरोगनका कार्य।
६. अन्य विविध।

**समूह छः ब्रान्डिङ, प्रचार र विज्ञापन**

१. Flex, Glow Signboard & Hoarding Board, Vinyl & Forex Stickers, 2D, 3D Letter Boards, Steel Letters & Neoen Boards, Digital Boards, Acrylic Boards, Indoor branding etc. and Annual Maintenance Contract Services
२. Works related to time & temperature board, digital signage & bank branding and annual maintenance contract.
३. बाहिरी ब्रान्डिङसँग सम्बन्धित कार्यहरु।
४. Promotional materials like Dairy, Pen, Keyring, T-shirt etc.
५. अन्य विविध।

**समूह जः आउटसोर्सिङ सेवाहरु**

१. सुरक्षा सेवाहरु।
२. IT outsourced service for Data Center, Hardware, Software, IT equipment and Fixed assets inventory management system software related services.
३. मानव संशाधन विभाग सम्बन्धी सेवाहरु।
४. अन्य विविध।

**समूह झः अन्य**

१. राष्ट्रिय एवं अन्तराष्ट्रिय हवाई टिकट सम्बन्धी सेवाहरु।
२. राष्ट्रिय एवं अन्तराष्ट्रिय कुरियर सम्बन्धी सेवाहरु।
३. पिउने पानी तथा ट्यांकर पानी आपूर्ति सम्बन्धी सेवाहरु।
४. फूलको बोट-बिरुवा, तयारी सजावट फूल, बगैंचा सम्बन्धी अन्य सामाग्रीहरु आपूर्ति।
५. अन्य विविध।

**अन्य थप जानकारीहरुः**

१. ईच्छुक फर्म/कम्पनीहरुले कम्पनी फर्म/कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT)/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र र आर्थिक वर्ष कम्तीमा २०८१/२०८२ सम्मको को कर चुक्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।
२. माथि वर्गीकरण गरिएका समूह सूचीहरु मध्ये कुनै एक भन्दा बढि समूहमा उल्लेखित वस्तु तथा सेवाका लागि काम गर्न ईच्छुक फर्म/कम्पनीहरुले सूचीमा उल्लेखित समूह मध्ये एक भन्दा बढी समूहमा उल्लेखित वस्तु तथा सेवाका लागि आवेदन गर्न चाहेमा समूह खुलाई अलग अलग आवेदन पेश गर्नु पर्नेछ।
३. सूचीकृत हुन आवेदन पेश गर्ने आवेदक फर्म/कम्पनीहरुले सम्बन्धित क्षेत्रमा कम्तिमा पनि ५ वर्ष काम गरिसकेको हुनुपर्नेछ, जसमध्ये कम्तिमा पनि ३ वर्ष कुनै पनि 'क' वर्गको वाणिज्य बैंकहरुमा काम गरेको हुनुपर्नेछ। सो सम्बन्धी तथ्य पुष्टि गर्नका लागि सम्बन्धित बैंकहरुबाट जारी भएको कार्यानुभव र विगतमा गरेको कार्यहरु सन्तोषजनक रहेको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।
४. यस बैंकसंग विगतमा आवद्ध रहेका फर्म/कम्पनीहरुको हकमा बैंकले निज फर्म/कम्पनीहरुको कार्यानुभव र विगतमा गरेको कार्यहरुको कार्य सम्पादनको मुल्याकंन गरी सूचीकृत गर्न सक्नेछ।
५. कुनै पनि फर्म/कम्पनीको Agency लिएर बिक्री वितरण गर्नु पर्ने वस्तु तथा सेवाको कारोबार गर्ने फर्म/कम्पनीहरुले सम्बन्धीत द्यचबलम को वस्तु तथा सेवाको कारोबार गर्नका लागि उत्पादक फर्म/कम्पनीबाट जारी भएको Dealership Certificate/Sole Distributorship Certificate/Authorized Dealer Certificate/ Importer Certificate etc. समेत पेश गर्नु पर्नेछ।
६. फर्म/कम्पनीहरुको नेपालभर बिक्री वितरण सजांल भएका फर्म/कम्पनीहरुलाई प्राथमिकता दिइनेछ।
७. सूचीकृत हुन आवेदन पेश गर्ने आवेदक फर्म/कम्पनीहरु मध्येबाट कार्यक्षमता, कार्यानुभव तथा दक्षतालाई आधारमानी ग्राह्य ठहरिएका फर्म/कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ।
८. सूचीकरण गर्ने या नगर्ने वा आंशिक सूचीकरण गर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै निहित रहनेछ। सूचीकरण नगरेको अवस्थामा कुनै कारण खुलाउन बैंक बाध्य हुनेछैन।
९. यसरी सूचीकरणमा परेका फर्म/कम्पनीहरुबाट बैंकलाई आवश्यक परेको समयमा वस्तु तथा सेवा खरिद गर्न कोटेशन घटाघट वा बोल कबोलद्वारा भाग लिन अनुरोध गरिनेछ।
१०. यसरी सूचीकृत भएका फर्म/कम्पनीहरुले उपलब्ध गराएको वस्तु तथा सेवाहरु तोकिएको गुणस्तर एवं मापदण्ड बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त फर्म/कम्पनीलाई बिना पूर्वसूचना वस्तु तथा सेवा उपलब्ध गराउने सूचीबाट हटाउन समेत सकिनेछ।
११. सूचीकृत हुन आवश्यक सम्पूर्ण मापदण्डहरु पूरा भएका फर्म/कम्पनीहरुले आवश्यक सम्पूर्ण कागजातहरु र प्राविधिक व्यवसाय मा आबद्ध भएका फर्म/कम्पनीहरुले आवश्यक सम्पूर्ण कागजातहरु संगै फर्म/कम्पनीहरुमा भएका प्राविधिक कर्मचारीहरुको व्यक्तिगत विवरण समेत Scan गरी gad@ebl.com.np मा ईमेल गरी सूचीकरणका लागि आवेदन पेश गर्नु पर्नेछ। यसरी ईमेल पठाउँदा संलग्न Scan Documents को साईज एक पटकमा १२ MB भन्दा बढि हुने भएमा आवश्यकता अनुसार छुट्टा-छुट्टै ईमेल पठाउनु पर्नेछ। ईमेल प्राप्त भए-नभएको यकिन गर्न बैंकको सामान्य प्रशासन विभागमा सम्पर्क गर्नुपर्नेछ वा फर्म/कम्पनीहरुको सम्पूर्ण कागजातहरु यस बैंकको केन्द्रीय कार्यालय, ईबिएल हाउस लाजिम्पाट, काठमाडौंमा पेश गर्न सकिनेछ।

**सम्पर्क गर्ने नम्बरहरुः**

• ईबिएल हाउस लाजिम्पाट, केन्द्रीय कार्यालय, काठमाडौं ०१-४५४३३७७, Ext- १४००, १४०२, १४०५ • कोशी प्रदेश कार्यालयः ९८५१०८८२९१, बागमती प्रदेश कार्यालयः ९८५१०७६७५० • गण्डकी प्रदेश कार्यालयः ९८५६०८९२८९ • लुम्बीनी प्रदेश कार्यालयः ९८५११०२०६६, कर्णाली प्रदेश कार्यालयः ९८५१०७९१९० • सुदूरपश्चिम प्रदेश कार्यालयः ९८५८४२५७१७ • मधेश प्रदेश कार्यालयः ९८५११३२९०४

**(नोटः यदि सूची दर्ता गर्न आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र सूची दर्ताका लागि आवेदन पेश गर्न सकिनेछ।)**

एभरेष्ट बैंक लिमिटेड
EBL EVEREST BANK LIMITED
प्रधान कार्यालयः
लाजिम्पाट, काठमाण्डौं
फोन नं. ०१-४५४३३७७, Ext- १४००, १४०२, १४०५

# जसले आफूलाई अरूसँग सेल्फी खिच्ने बनाए

**सन् २०२४-२५ को रणजी ट्रफी सिजनमा अकिबले ४४ विकेट लिए। प्रतियोगिताकै सर्वाधिक विकेट लिने उनी तीव्र गतिका बलर बने। यद्यपि उनी राष्ट्रिय टोलीको चर्चाबाट भने अझै टाढै थिए।**

काश्मीर, साउन २४ (एजेन्सी)- 'तिमी यति धेरै क्रिकेट स्टारहरूसँग खेल्छौ। त्यति बेला उनीहरूसँग किन सेल्फी लिँदैनौ।' बिलाल अहमद दारले एकपटक आफ्ना कान्छा भाइजस्तै उमेरका आफन्त अकिब नबीलाई सोधेका थिए। अकिबले मुस्कुराउँदै एक दिन लिनेछु भनेर जबाफ दिए।

'एक दिन म त्यस्तो ठाउँमा पुग्नेछु, जहाँ उनीहरू मसँग सेल्फी खिच्न चाहनेछन्,' अकिबले भने। अन्ततः वर्षौंपछि उनको त्यो भविष्यवाणी सत्य साबित भएको छ। २९ वर्षे अलराउन्डर अकिब नबी श्रीलंकाविरुद्ध हुने दुई टेस्ट शृंखलाका लागि सोमबार भारतीय टोलीमा परेका छन्। जसप्रीत बुमराहको स्थानमा टोलीमा समावेश गरिएका अकिब जम्मु काश्मीरबाट भारतको टेस्ट टोलीमा स्थान बनाउने पहिलो क्रिकेटर हुन्। श्रीलंकासँगको दुई टेस्टको शृंखला १५ अगस्टबाट सुरु हुँदै छ। काश्मीरमा सधैं द्वन्द्व, बहुत जाडो र सीमित पूर्वाधार छन्। तर, अवसरहरू सीमित रहेको क्षेत्रमा अकिबको छनोटलाई ऐतिहासिक उपलब्धिका रूपमा हेरिएको छ। उनी बारामुला जिल्लाको एउटा सानो गाउँमा हुर्किएका हुन्।

अकिबले सीमित पूर्वाधार र अवसरबीच स्थानीय मैदानमै क्रिकेट खेल्दै आफ्नो बाल्यकाल बिताए। उनका बुबा गुलाम नबी डार विद्यालयका शिक्षक थिए। सुरुमा उनी छोरा पढाइमा केन्द्रित भएर डाक्टर बनेको हेर्न चाहन्थे। 'क्रिकेटमा कुनै भविष्य देखिँदैनथ्यो। खेलकुदमा लाग्नु समय खेर फाल्नुजस्तै हो भन्ने हाम्रो सोच थियो। त्यसैले मैले अकिबलाई पढाइमा ध्यान दिन जोड दिएको थिएँ,' गुलामले भने। तर क्रिकेटप्रति अकिबको दृढताले अन्ततः उनका बुबाको सोच परिवर्तन गरिदियो। 'क्रिकेटप्रति उसको लगाव देखेपछि निर्णय स्विकारेँ। अभिभावक र शिक्षकका रूपमा उसलाई मन नपरेको काम गर्न बाध्य पार्नु हुँदैन भन्ने महसुस भयो। त्यसपछि मैले समर्थन गर्न थालेँ,' उनी भन्छन्। अकिबका बाल्यकालका साथी जुनैद दारले पनि व्यावसायिक क्रिकेट खेल्ने सम्भावना कम देखिने वातावरणमा आफूहरू हुर्किएको सम्झन्छन्। 'अकिब बाल्यकालदेखि नै क्रिकेटमा डुबेको थियो। तिमी किन यति धेरै गरिरहेका छौ भन्थेँ ? यसमा कुनै भविष्य छैन,' जुनैदले भने, 'हामी यस्तो ठाउँबाट आएका हौं, जहाँ व्यावसायिक रूपमा खेल्ने अवधारणा नै थिएन। पूर्वाधार पनि न्यून छ।' आफ्नो सपना पूरा गर्न अकिब करिब ७० किलोमिटर यात्रा गरेर श्रीनगर पुग्थे। जहाँ उनले स्तरीय क्रिकेट पिचमा अभ्यास गर्ने अवसर पाउँथे। आफ्नो पहिलो क्रिकेट छनोटमा सहभागी हुँदा उनीसँग स्पाइक जुत्तासमेत थिएन। तर उनको मेहनतमा कहिल्यै कमी आएन।

'अकिब निकै मेहनती र निरन्तर प्रयास गर्ने खेलाडी हो। अफठ्यारोसँग कसरी लड्ने र आफ्नो बाटो कसरी बनाउने उसलाई थाहा छ,' बिलालले भने,'ऊ बिहानै उठेर जिम जान्थ्यो। त्यसपछि दिनभर अभ्यास गर्थ्यो। करिब १० वर्षसम्म लगभग हरेक दिन यही गऱ्यो।' उनको निर्णायक मोड सन् २०२० रह्यो। उनले जम्मु काश्मीरका लागि भारतको प्रमुख घरेलु प्रतियोगिता रणजी ट्रफीमा डेब्यु गरे। झारखण्डविरुद्ध उनले पाँच विकेट लिए। जम्मु-काश्मीरबाट अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने पहिलो क्रिकेटर तथा अकिबका कप्तान पर्वेज रसुलले अकिबमा विशेष गुण रहेको बताए। 'मैले लामो समयदेखि उनको प्रगति हेरेको छु। उसमा सबैभन्दा उल्लेखनीय कुरा उसको मेहनत र अनुशासन हो,'उनले भने। तर उनको सफलता रातारात आएको भने होइन।

> 'जम्मु-काश्मीरका हामी धेरैको सपना अकिबमार्फत पूरा भएको महसुस भयो। यो अकिब र उनको परिवारका लागि मात्र होइन। पूरै क्षेत्रको क्रिकेटका लागि ऐतिहासिक क्षण हो।'

सन् २०२४-२५ को रणजी ट्रफी सिजनमा अकिबले ४४ विकेट लिए। प्रतियोगिताकै सर्वाधिक विकेट लिने उनी तीव्र गतिका बलर बने। यद्यपि उनी राष्ट्रिय टोलीको चर्चाबाट भने अझै टाढै थिए। 'राम्रो प्रदर्शन गर्दा पनि पहिचान नपाउँदा दुःख लाग्छ,' उनका बुबा गुलाम भन्छन्,'तर हामीले कहिल्यै आशा गुमाउनु हुँदैन। मैले सधैं उसको समय आउने विश्वास गरेको थिएँ।'

**अन्ततः त्यो समय आयो**

अकिबले हालै रणजी ट्रफी इतिहासकै उत्कृष्ट बलिङमध्ये एक प्रस्तुत गरे। उनले १० खेलमा ६० विकेट लिए र प्रतियोगिताकै सर्वाधिक विकेट लिने खेलाडी बने। उनको उत्कृष्ट प्रदर्शनकै मद्दतमा जम्मु काश्मीरले ६७ वर्षको प्रतीक्षापछि पहिलोपटक रणजी ट्रफीको उपाधि जित्यो।



त्यही प्रदर्शनपछि उनी इन्डियन प्रिमियर लिग (आइपिएल) को दिल्ली क्यापिटल्ससँग ८ करोड ४० लाख भारतीय रुपैयाँ अनुबन्धित भए। आइपिएलमा उनको खेल्ने अवसर भने सीमित रह्यो। तर रातो बलको क्रिकेटमा गरेको प्रदर्शनले भारतीय छनोटकर्ताहरूको ध्यान भने तानिसकेको थियो। रसुलका लागि अकिबको टेस्ट टोलीमा छनोट एउटा खेलाडीको उपलब्धिभन्दा धेरै ठूलो अर्थ राख्छ। 'टेस्ट क्रिकेट खेल्नु हरेक क्रिकेटरको सपना हो। मेरो पनि त्यही सपना थियो। अकिबले टेस्ट टोलीमा स्थान बनाएको देख्दा अत्यन्त गर्व लागेको छ,' रसुलले भने, 'जम्मु-काश्मीरका हामी धेरैको सपना अकिबमार्फत पूरा भएको महसुस भयो। यो अकिब र उनको परिवारका लागि मात्र होइन। पूरै क्षेत्रको क्रिकेटका लागि ऐतिहासिक क्षण हो।'

अकिबको यात्रा भारतीय टोलीसम्म पुगेका कारण मात्र होइन। उनी जुन ठाउँबाट आएका हुन्, त्यस कारण पनि विशेष छ। कुनै पनि खेलाडीका लागि भारतीय टोलीमा पुग्नु कठिन हुन्छ। तर जम्मु-काश्मीरबाट आउने खेलाडीका लागि चुनौती ठूलो छ। लामो समयदेखि हामीसँग सीमित पूर्वाधार, कम अवसर र देशका अन्य भागका खेलाडीले सामना गर्न नपर्ने धेरै अवरोधहरू थिए। जम्मु-काश्मीर सन् १९५७ मा भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई) सँग आबद्ध भएको थियो। तर अहिले पनि उक्त क्षेत्रमा दुईवटा मात्र प्रमुख क्रिकेट रंगशाला छन् र दुवैमा सुविधा सीमित छन्। लामो जाडो, भारी हिमपात र दशकौं लामो द्वन्द्वले पनि त्यहाँ क्रिकेटको विकासलाई सुस्त बनाएको छ।





अकिब नबी

## स्की संघको सातौं साधारण सभा

काठमाडौं, साउन २४ (नागरिक)- आर्थिक वर्ष २०८३/०८४ को करिब ३५ लाख बराबरको बजेटसहित नेपाल स्की संघको सातौं साधारण सभा सम्पन्न भएको छ।

काठमाडौंमा आइतबार जीवनराम श्रेष्ठ नेतृत्वको स्की संघले आर्थिक वर्ष २०८३-८४ का लागि ३४ लाख ८० हजार आठ सय रुपैयाँ बजेट छुट्याएको छ। स्की संघले आगामी वर्ष राष्ट्रिय प्रतियोगिता आयोजना, अन्तर्राष्ट्रिय प्रतिनिधित्व, प्रशिक्षण कार्यक्रम तथा विन्टर ओलम्पिक्स तयारीका लागि सो बजेट पारित गरेको हो। बन्द सत्रले संघकी उपाध्यक्ष रमा भट्टराई र महासचिव विजय श्रेष्ठले क्रमशः कार्ययोजना र वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष जितेन्द्र श्रेष्ठले पेस गरेको आर्थिक प्रतिवेदन पारित गरेको छ। नयाँ लेखा परीक्षकको नियुक्ति र अर्को वर्ष नियमित साधारण सभा गर्ने बन्द सत्रले निर्णय पनि गरेको छ। स्की संघले बिआर पराजुली एन्ड एसोसिएट्सलाई लेखापरीक्षकका लागि चयन गरेको छ। साधारण सभामा भौतिक र भर्चुअल रूपमा स्की संघका पदाधिकारी र सदस्यले सहभागिता जनाएका थिए।

स्की संघको नयाँ विधानमा भौतिक रूपमा उपस्थित हुन नसकेको स्थितिमा भर्चुअल तरिकाले पनि साधारण सभामा भाग लिन सक्ने प्रावधान छ। नेपाल स्की संघको साधारण सभाको उद्घाटन समारोह उपाध्यक्ष रमा भट्टराईको सभापतित्व र अध्यक्ष जीवनराम श्रेष्ठको प्रमुख आतिथ्यमा भएको थियो। श्रेष्ठ नेपाल ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष पनि हुन्। अध्यक्ष श्रेष्ठले अस्थिरताका कारण खेलकुदले उचाइ र सफलता प्राप्त गर्न नसकेको बताए। 'सबैले आआफ्नो ठाउँबाट वैधानिक व्यवस्थाअनुसार इमानदार भएको काम गर्ने हो भने खेलकुदका अस्थिरता अन्त्य हुन्छ। जसले खेल संघहरू निर्धक्क साथ खेलको विकासमा अग्रसर हुन सक्छन्,' श्रेष्ठले भने। उद्घाटन समारोहमा नेपाल रग्बी संघका अध्यक्ष दीपक देवकोटा, नेपाल ह्यान्डबल संघका अध्यक्ष पीताम्बर तिमिल्सिना, एनओसीका उपाध्यक्ष चतुरानन्द राजवैद्य, महासचिव राजीव श्रेष्ठ तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का प्रतिनिधि धन शाही उपस्थित थिए। नेपाल स्की संघले स्की गतिविधि तथा लेख समेटिएको स्नोलाइन म्यागेजिन पनि प्रकासन गरेको छ। साधारण सभाको उद्घाटन कार्यक्रममा अध्यक्ष श्रेष्ठलगायत अतिथिहरूले स्नोलाइन म्यागेजिनको पहिलो अंकको अनावरण गरेका थिए।

## सुदूरपश्चिममा जैब रिटर्न

काठमाडौं, साउन २४ (नागरिक)- इङ्ल्यान्डका अलराउन्डर सेफ अली जैबले नेपाल प्रिमियर लिग (एनपिएल) २०२६ मा पनि सुदूरपश्चिम रोयल्सबाट खेल्ने भएका छन्।

आफ्नो पहिलो विदेशी खेलाडीका रूपमा सुदूरपश्चिमले अलराउन्डर जैबलाई अनुबन्ध गरेको छ। एनपिएलको पहिलो संस्करणमा समेत सुदूरपश्चिम रोयल्सबाट खेलेका जैब सिजनकै उत्कृष्ट खेलाडी घोषित भएका थिए। ९ खेलमा २ अर्धशतकसहित २७५ रन बनाउनुका साथै १२ विकेट उनको नाममा थियो। राष्ट्रिय टोलीबाट भने नखेलेका जैबले इङ्ल्यान्डको घरेलु क्रिकेटमा निरन्तर प्रभावशाली प्रदर्शन गर्दै आएका छन्। बायाँहाते ब्याटर जैबले टी ट्वान्टीमा ११२ खेलबाट एक हजार ७ सय ९२ भन्दा बढी रन बनाएका छन्। जसमा उनको स्ट्राइक रेट १४० भन्दा माथि रहेको छ।

भाइटालिटी ब्लास्टमा मात्रै उनले एक हजार ६ सयभन्दा बढी रन बनाइसकेका छन्। स्लो लेफ्ट आर्म बलरका रूपमा समेत प्रभावशाली रहेका जैबले टी ट्वान्टीमा २३ विकेट लिएका छन्। जैबले हालै भाइटालिटी ब्लास्ट र द हन्ड्रेडमा समेत सहभागिता जनाएका छन् र उत्कृष्ट लयमा रहेका छन्।

# बढ्दै लगानी, फेरिँदै खेलकुद



लमहीस्थित क्रिकेट मैदान।

**देवेन्द्र बस्नेत**

*दाङ, साउन २४*

गतिलो खेलमैदानको अभाव, जसका कारण खेलाडी उत्पादन तथा विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्नै सकस। केही वर्ष अघिसम्मको लुम्बिनी प्रदेशभित्रको खेलकुदको यो हालत बिस्तारै फेरिँदै जान थालेको छ। खेल पूर्वाधारमा देखिएको विकासले खेलाडीमा समेत उत्साह वृद्धि भइरहेको छ। केही वर्ष अघिसम्म स्तरीय खेलमैदान नहुँदा लुम्बिनीले अपेक्षित खेल विकास गर्न सकेन। तर पछिल्लो समय राष्ट्रिय स्तरकै खेलकुद प्रतियोगिता आयोजना गर्न सक्ने ल्याकत यो प्रदेशका खेल मैदानले राख्छन्। संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रको लगानीमा फुटबल, क्रिकेटसँगै इन्डोर तथा एथलेटिक्स खेलका लागि आधुनिक पूर्वाधार निर्माणको क्रम बढ्दो छ। खेल पूर्वाधारमा देखिएको यो बदलावका कारण खेलाडीहरूलाई नियमित प्रशिक्षण, प्रतियोगितामा सहभागिता र क्षमता विकासको अवसर मिलेको छ भने खेल क्षेत्रका नयाँ प्रतिभा पहिचानको अवसरसमेत खुलेको छ।

फुटबलतर्फ दाङको तुलसीपुर उपमहानगरपालिका-१७ स्थित बेलझुन्डी रंगशाला, बाँकेको नेपालगन्जस्थित महेन्द्र रंगशाला तथा रूपन्देहीको बुटवलस्थित एन्फा एकेडेमीको टेक्निकल सेन्टर प्रदेशका प्रमुख खेल पूर्वाधार रहेको लुम्बिनी प्रदेश फुटबल संघका अध्यक्ष अजित राजभण्डारी बताउँछन्। उनका अनुसार दाङ र नेपालगन्जमा राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गर्न सकिने अवस्था छ। रूपन्देही, दाङ र बाँकेका रंगशालाले राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सक्ने क्षमता विकास गरिसकेका छन्। कोहलपुर, बर्दघाट, पाल्पा र बर्दियालगायत क्षेत्रमा स्थानीय सरकारको पहलमा थप स्तरीय फुटबल मैदान निर्माण भइरहेका छन्। बेलझुन्डी रंगशाला फुटबलसँगै एथलेटिक्स प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरी निर्माण गरिएको छ।

क्रिकेटतर्फ दाङको लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, रूपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट रंगशाला तथा तिलोत्तमामा निजी लगानीमा निर्माण गरिएको एक्स्ट्राटेक ओभल प्रदेशका प्रमुख क्रिकेट खेलका पूर्वाधार हुन्। यी मैदानमा प्रदेश तथा राष्ट्रियस्तरका प्रतियोगिता आयोजनासमेत भैसकेका छन्। यसै गरी दाङको घोराही तथा बाँकेको नेपालगन्जलगायत स्थानमा पनि क्रिकेट मैदान निर्माणाधीन छन्। देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा प्रधानमन्त्री कपसहित विभिन्न राष्ट्रिय प्रतियोगिता सफलतापूर्वक सम्पन्न भइसकेका छन्। लमहीमा रहेको रंगशालामा प्यारापिटसहित करिब तीन हजार दर्शक अट्ने क्षमता रहेको छ।

रूपन्देहीको तिलोत्तमामा निर्माण भएको एक्स्ट्राटेक ओभल निजी क्षेत्र पनि खेल पूर्वाधार विकासको महत्त्वपूर्ण उदाहरण बनेको छ। निजी लगानीबाट निर्माण भएको नेपालको पहिलो व्यावसायिक क्रिकेट मैदानका रूपमा रहेको यो खेल संरचनाले खेल पर्यटन, खेल उद्योग तथा व्यावसायिक खेल संस्कृतिको विकासमा समेत सकारात्मक योगदान पुऱ्याउने विश्वास गरिएको छ। फुटबल र क्रिकेटसँगै भलिबलका पूर्वाधारमा पनि लगानी बढेको छ। रूपन्देही, दाङ, गुल्मी, पाल्पा, रोल्पा, प्युठान तथा रुकुमपूर्वलगायत जिल्लामा प्रतियोगिता सञ्चालनसँगै खेल पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ।

इन्डोर खेलका पूर्वाधारमा पनि पछिल्ला वर्षहरूमा सुधार भएको छ। विगतमा तेक्वान्दो, आइटिएफ तेक्वान्दो, कराते, बक्सिङ, ब्याडमिन्टन तथा कबड्डीका प्रतियोगिता खुला मैदान वा अस्थायी संरचनामा सञ्चालन गर्नुपर्ने अवस्था थियो। अहिले दाङ, रूपन्देही, बाँके, प्युठान, रोल्पा र पाल्पालगायत जिल्लामा कभर्ड हल निर्माण भएपछि वर्षभर नियमित प्रशिक्षण र प्रतियोगिता सञ्चालनमा सहज भएको छ। दाङ जिल्ला आइटिएफ तेक्वान्दो संघका अध्यक्ष भीमबहादुर थापाका अनुसार आधुनिक इन्डोर पूर्वाधारले मौसमको प्रभावबिना नियमित अभ्यास गर्न सहज बनाएको छ। पूर्वाधार विस्तारसँगै घोराही, बुटवल र नेपालगन्जलगायत सहरमा व्यावसायिक प्रशिक्षण केन्द्र तथा खेल एकेडेमी सञ्चालनमा आएका छन्। प्रशिक्षित जनशक्ति, नियमित अभ्यास र आधुनिक सुविधाका कारण लुम्बिनी प्रदेशबाट राष्ट्रिय टोलीसम्म पुग्ने खेलाडीको संख्या निरन्तर बढिरहेको छ।

खेल पूर्वाधारको विकासले राष्ट्रिय प्रतियोगिता आयोजना गर्न पनि सहज बनाएको छ। पहिले काठमाडौं वा सीमित जिल्लामा मात्र निर्भर हुनुपर्ने अवस्था रहेकामा अहिले लुम्बिनी प्रदेशका विभिन्न रंगशालाले राष्ट्रियस्तरका प्रतियोगिता सफलतापूर्वक आयोजना गरिरहेका छन्। यसले स्थानीय अर्थतन्त्र चलायमान बनाउन, खेल पर्यटन प्रवर्द्धन गर्न तथा युवामा खेलप्रति आकर्षण बढाउने काम गरेको बताउँछन्।

सरकारी निकाय, स्थानीय तह, खेल संघसंस्था तथा निजी क्षेत्रबीचको सहकार्यलाई निरन्तरता दिन आवश्यक रहेको खेलकुद क्षेत्रका अगुवा बताउँछन्। प्रदेश खेलकुद परिषद् लुम्बिनीले प्रत्येक वर्ष फुटबल, क्रिकेट, भलिबल, बक्सिङ, तेक्वान्दो, बडीबिल्डिङलगायत प्रतियोगिता आयोजना गर्दै आएको छ। नियमित प्रतियोगिताले खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै प्रदेशमा खेलकुदको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने गरेको छ।

खेल क्षेत्रको उन्नयनका लागि लुम्बिनी प्रदेश सरकारको कदम समेत सकारात्मक छ। प्रदेश सरकारले समग्र खेल क्षेत्रकाो विकासलाई उच्च प्राथमिकतामा राख्दै बजेट विनियोजन गर्दै आइरहेको छ। खेल क्षेत्रलाई पर्यटन विकाससंगसमेत जोडेर हेर्दै आएको प्रदेश सरकारले यो आर्थिक वर्षका लागि ३७ करोड रकम विनियोजन गरेको छ। 'खेलकुल पूर्वाधार निर्माण तथा स्तरोन्नति तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रधिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादनका लागि बजेटको व्यवस्था गरिएको छ,' प्रदेश सरकारको बजेट वक्तव्यमा उल्लेख छ 'यसले प्रदेशको गरिमा उँचो राख्ने विश्वास गरिएको छ।'

## नेपाललाई चीनमा १५ पदक

काठमाडौं साउन २४ (नागरिक)- नेपालका खेलाडीले चीनमा भएको तेक्वान्दो ग्रान्ड स्लाम युथ लिग फाइनल्समा चार स्वर्णसहित कुल १५ वटा पदक जितेका छन्।

चीनको नानजिङ सहरमा भएको तेक्वान्दो ग्रान्ड स्लाम युथ लिग फाइनल्समा विभिन्न स्पर्धामा चार स्वर्ण, पाँच रजत र ६ कांस्य गरी १५ पदक जितेका हुन्। उनिका पौडेल, आदिश विष्ट, प्रिशा ज्ञवाली र अफेस खत्रीले स्वर्ण जितेको काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीले जानकारी दिए। नेपाली टोलीको प्रशिक्षकमा पुजन खड्का छन्। लोचनी भट्टराई, सिबेन सुब्बा, शाश्वत निरौला, अभिषेक डल्लाकोटी र आवश्यक विष्टले रजत हात पारे। सर्वम महतरा, सव्यम महतरा, प्रिशा ज्ञवाली, आराध्य खरेल, गौतम श्रेष्ठ र अनिश अधिकारीले कांस्य प्राप्त गरे।

## एन्जल्स हार्टको विजयी सुरुआत

काठमाडौं साउन २४ (नागरिक)- आयोजक एन्जल्स हार्ट नेसनल स्कुलले जुनियर क्रिकेट लिग (जेसिएल) सिजन २ मा आइतबार विजयी सुरुआत गरेको छ। एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा नेपाल प्रिमियर लिग (एनपिएल) टिम काठमाडौं गोर्खाजको सहयोगमा भएको प्रतियोगिताको उद्घाटन खेलमा एन्जल्स हार्टले त्रिलोक विद्यालयलाई ४१ रनले पराजित गऱ्यो। मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा भइरहेको टी टेन इन्डोर क्रिकेटको अन्य खेलमा एन्जल्स हार्ट माविले पारामाउन्ट एकेडेमीलाई ४५ रन, डिएभी (रातो) ले नवोदित विद्या कुञ्जलाई ६६ रन, द सेलिब्रेसन को-एडले भ्याली पब्लिकलाई १७ रन र चेल्सी वर्ल्ड स्कुलले मानसिंह धर्मलाई ५ विकेटले हराए।

त्यस्तै नेरिक एकेडेमीले एसिया प्यासिफिकलाई ३७, डिएभी 'नीलो' ले गम्भीर समुन्द्र सेतु माविलाई ५१ र सत्य साई शिक्षा सदनले हिमालयन ह्वाइट हाउसलाई ११ रनले पाखा लगाए। प्रतियोगिताको बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री शैलेन्द्रमान वज्राचार्यले एक कार्यक्रमबिच उद्घाटन गरे। सो अवसरमा एन्जल्स हार्ट फाउन्डेसनका अध्यक्ष लीलबहादुर पुन, एन्जल्स हार्ट नेसनल स्कुलका प्रिन्सिपल टकबहादुर थापा, काठमाडौं गोर्खाजका क्रिकेट निर्देशक शरद् भेषावकर र एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरका अध्यक्ष खिम थापालगायतको उपस्थिति रहेको थियो। प्रतियोगितामा २४ छात्र टोली सहभागी छन्।

## प्रज्ञा कुञ्जको दोहोरो जित

काठमाडौं साउन २४ (नागरिक)- काठमाडौं प्रज्ञा कुञ्जले दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिताको सिनियर गर्ल्सतर्फ मंगलबार दोहोरो जित हात पारेको छ। मण्डिखाटारस्थित आयोजक काष्ठमण्डप विद्यालयमा भएको खेलमा काठमाडौं प्रज्ञा कुञ्जले युरो स्कुल, छाउनीलाई २-० तथा काष्ठमण्डप 'बी' लाई ४-० गोलले पराजित गऱ्यो। सिनियर ब्वाइजमा बौद्ध इन्टरनेसनल स्कुलले काठमाडौं प्रज्ञा कुञ्जलाई २-० तथा युरो, छाउनीले काठमाडौं प्रज्ञा कुञ्जलाई १-० गोलले हराए। युरो, छाउनी र बौद्ध इन्टरनेसनल तथा काष्ठमण्डप 'बी' र कान्जिरोवाले गोलरहित बराबरी खेले। क्वालिटी काठमाडौं स्कुल (क्युकेएस) को वार्षिक कार्यक्रमअनुसार भएको प्रतियोगिताको जुनियर ब्वाइजमा रोजबर्डले युरो, छाउनीलाई २-०, अक्षराले बौद्ध इन्टरनेसनललाई २-०, तथा काठमाडौं प्रज्ञा कुञ्जले कान्जिरोवालाई ५-० गोलले पाखा लगाए।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी